# नेपालमा स्वयंसेवाः फराकिलो अभ्याससँगै बदलिंदो स्वरूप

**भास्कर गौतम**

## पृष्ठभूमि

परोपकार संस्थाको स्थापनाले नेपालमा २००७ पूर्व हुने स्वयंसेवी प्रयासहरुमा केही सार्थक परिवर्तन ल्याएको थियो । यसरी २००७ सालदेखि परिवर्तन हुँदै आउँदा पछिल्लो पन्ध्र वर्षमा स्वयंसेवी स्वरुपमा पुनः केही संरचनागत परिवर्तन देखा पर्न थालेका छन् । स्वयंसेवी अभ्यासमा पारिश्रमिक, करियर र व्यवसायिकताका कुरा आउन थालेको छ । सँगै स्वयंसेवाको मान्यता र अवधारणा पुरानै हुनुपर्छ भन्ने जमातको पनि कमी छैन । त्यसैले पैसा लिएर काम गर्ने पनि स्वयंसेवक हुन्छ ? भन्ने प्रश्न विद्यमान छ । यो प्रश्नमा स्वयंसेवामा पैसा नहुनु पर्ने भन्ने अभिव्यक्ति लुकेको पाइन्छ । पारिश्रमिक, करियर र व्यवसायिकताले स्वयंसेवीभाव र संस्कारमा ह्रास ल्याएको चिन्ता मानव विकास प्रतिवेदन १९९८ मा यसरी उल्लेख छः

> बढ्दो कर्मचारीतन्त्र, खुलाबजार व्यवस्था, प्रविधीकरण आदिले आर्थिक, राजनीतिक र सांस्कृतिक जीवनमा स्वयंसेवी सहयोगको मात्रा र स्वच्छता घटाएको छ । तर पनि शिक्षा, स्वास्थ्यलगायत अन्य धेरै क्षेत्रहरुमा जनसंलग्नता र स्वयंसेवीपनाको जोहो गर्ने स्थानीय सामुदायिक समूहहरु र मूल्य-मान्यता निकै मात्रामा जीवन्त छ (नेदएके सन् १९९८: १०६) ।

शहरीकरण र विकासका अवधारणाहरुले स्वयंसेवी अभ्यास प्रभावित छ भन्ने मान्यता यी हरफका हुन् । यही शहरीकरण र विकासका मान्यताले भित्र्याएको स्वयंसेवी अभ्यासले स्वयंसेवाको बुझाइलाई पनि परम्परागत र आधुनिक बनायो । तर समाजमा रहेको स्वयंसेवी प्रभावको कुरा गर्दा परम्परागत मूल्य-मान्यताहरु ज्यूँ का त्यूँ देखिन्छन् । निकै नै सानो समुदायले मात्र आधुनिक स्वयंसेवाको अवधारणालाई आत्मसात गरेको देखिन्छ । यही कारण अहिले पनि नेपाली समाजमा विकासको नाममा गरिने स्वयंसेवी कार्यले त्यो लहर र गति ल्याउन सकेको छैन जुन धर्म, कीर्ति र परेको समय सहयोग गर्ने सामाजिक मान्यताहरुमा छ ।

शहरी क्षेत्रको सन्दर्भमा काठमाडौंको अवस्था अलि फरक छ । यहाँ मानिसले भविष्य र करियरसँग जोडेर स्वयंसेवालाई हेर्न थालिसकेका छन् । औपचारिक शिक्षाभित्र पनि यसले विस्तारै ठाउँ पाउन थालेको छ । विदेशतिर पढ्न चाहने विद्यार्थीले पनि केही समय स्वयंसेवी कार्य गर्नुलाई महत्वपूर्ण पक्षको रुपमा स्वीकार्न थालेका छन् । फरक यति हो आधारभूत र व्यापक स्तरमा संलग्न स्वयंसेवक भने पुरानै शैली र मान्यता अनुसार अहिलेसम्म कार्यरत छन् । यसमा व्यवसायिकता आएको छैन । एकबारको

*Studies in Nepali History and Society* 8(2): 259-315 December 2003
© Author

सहयोग वा आवश्यक परेको बेला सेवा गर्ने अभ्यास र प्रवृत्ति व्यापक छ । त्यसैले स्वयंसेवी कार्य धेरै फैलिएको र छरपष्ट छ । यी छरिएका प्रयासहरु एक वा अर्को किसिमले मानविय हितका लागि त्यही निःस्वार्थ भाव, विना आर्थिक लाभ, धार्मिक प्रयोजन, कीर्ति आदि विभिन्न उद्देश्यले हुने गरेका स्वयंसेवी कार्यहरुबीच नै निरन्तर चलिरहका छन् । यी सबैलाई परम्परागत शैली र गैरसंस्थागत प्रयासहरुको रुपमा हेर्न सकिन्छ । तर आदर्श र विचारको रुपमा यी मान्यता भने संस्थागत भएकैले कुनै भौतिक र व्यवस्थित आकार विना नै यस्ता अभ्यासको जड समाजमा गहिरो छ । त्यसैले एक वा अर्को रुपमा स्वयंसेवी कार्यहरु विस्फोटित र निरन्तर छन् ।

सामाजिक विकासक्रम र राज्यको फैलावटसँगै शिक्षा र स्वास्थ्य सामाजिक विकासका दुई प्रमुख क्षेत्र बने । राणा कालमा नै वालगुरु षडानन्द र छविलाल पोखरेल जस्ता शैक्षिक जागरणमा विश्वास राख्ने व्यक्तिहरु भए पनि शिक्षा र स्वास्थ्यलाई विस्तार गर्ने लहर राज्यले नै ल्याएको हो । पछि यसले सामाजिक गति प्राप्त गर्नु अर्कै कुरो हो । नेपाल परिवार नियोजन सङ्घ, नेपाल कुष्ठरोग निवारण सङ्घ, नेपाल क्षयरोग निवारण सङ्घ, नेपाल रेडक्रस सोसाइटी आदि सस्थाहरुले विभिन्न समय र सन्दर्भमा स्वास्थ्य स्वयंसेवकहरुको प्रयोग गरेर यस क्षेत्रमा व्यापकता ल्याएको पाइन्छ । त्यस्तै कसले कहाँ कस्तो सङ्घर्ष गरेर विद्यालय निर्माण गर्‍यो भन्ने कुराको राम्रो अभिलेख नभए पनि शिक्षा, विद्यालय निर्माण र स्वयंसेवी भावको नेपाली समाजमा राम्रो अन्तरसम्बन्ध छ । विभिन्न ग्रामीण र शहरी क्षेत्रमा विद्यालय निर्माणमा मानिसहरुले गर्ने नगद, जिन्सी, जग्गा र मानव श्रमको सहयोगबाट पनि यस क्षेत्रले पाएको स्वयंसेवी आड राम्रो छ भन्न सकिन्छ । शिक्षा र स्वास्थ्यमा अपवादलाई छोडेर परम्परागत शैलीकै स्वयंसेवी अभ्यासहरु भए पनि यसका क्षेत्र र उद्देश्य तुलनात्मक रुपमा अरु धेरै दायराभन्दा स्पष्ट भएको पाइन्छ ।

यी सबै प्रयासभन्दा पृथक हो आधुनिक अवधारणासँगै भित्रिएको स्वयंसेवी कार्य । स्वयंसेवाका यस्ता प्रयासहरु अवधारणा (जसलाई नयाँ मूल्यमान्यता पनि भनिन्छ) सँगसँगै सांस्कृतिक साटफेर; विदेशी सहयोग, सीप र संस्थागत प्रयास; अनि स्टुडेण्ट पाटनर्सिप वल्डवाइड (एसपीडब्लु), सेभ द चिल्ड्रन (युके) लगायत केही संस्थाहरुको कामसँगै स्थानीय समूहलाई स्वयंसेवकको रुपमा निरन्तर परिचालन गर्ने उदाहरण बनिरहेका छन् । यसरी यी विभिन्न संस्थाहरुले एउटा नयाँ मूल्यमान्यता भित्र्याउने काम र अर्को संस्थागत प्रयासलाई सँगसँगै लिएर गइरहेका छन् ।

यी विभिन्न अभ्यास सँगसँगै नेपाली समाजमा स्वयंसेवाका स्वरुपमा पनि परिवर्तन हुँदै छ । यसले नेपालभित्र हुने स्वयंसेवी संस्कारलाई पुनः बहसमा ल्याउनु पर्ने चुनौती सबै सामु खडा गरेको छ । यो लेख त्यसैको एउटा प्रयास हो जहाँ छरिएका स्वयंसेवी अभ्यासलाई प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

स्वयंसेवाको सैद्धान्तिक व्याख्या यो लेखको उद्देश्य होइन । तर स्वयंसेवाको कुन अभ्यास र आयाम, कुन समझ र बुझाई ठीक भनेर छुट्ट्याउन वा यसका अभ्यासहरु केलाउनु पूर्व स्वयंसेवाका केही आधारभूत पक्ष बुझ्नु पर्ने हुन्छ । अङ्ग्रेजीमा 'सोसियल सर्भिस'[१] र 'भोलेण्टेरी वर्क'[२] बीचको बुझाईमा ठूलो अन्तर छ । तर नेपाली समाजमा 'समाजसेवा' र 'स्वयंसेवा'बीचको फरक यही नै हो भन्ने अवस्था जहिले पनि रहँदैन । धेरै अवस्थामा यो दुई शब्दको अर्थबीच एउटा शुक्ष्म भिन्नता भने आर्थिक पक्षसँग गाँसिएको पाइन्छ । दुबैको सारतत्व लोकोपकारी कार्य हो । स्वयंसेवामा आर्थिक पक्ष हुँदैन वा भएमा पनि त्यो बजारभाउभन्दा थोरै हुन्छ । अनि समाजसेवामा आर्थिक पक्षको कुनै उल्लेख नभएकोले त्यो हुनुको सम्भावना त्यति नै रहन्छ जति नहुनुको रहन्छ । अधिकांश अवस्थामा समाजसेवाको अभ्यासमा पनि आर्थिक पक्ष नभएकोले स्वयंसेवा र समाजसेवाबीच त्यति तात्विक र पृथक भिन्नता पाइन्न । तर यिनीहरुको प्रकृति र अभ्यासमा देखा परेको व्यापक परिवर्तनको चर्चा भने यो लेखभरि गरिने छ ।

समाजसेवा र स्वयंसेवाको अन्तरसम्बन्धले निखर व्यवहारमा ठूलो जटिलता सृजना गरेको छ, साथै स्वयंसेवाको आयामलाई फराकिलो पनि बनाएको छ । यही कारण नेपाली समाजमा स्वयंसेवी अभ्यासमा विविधता पाइन्छ । यो लेखमा मुख्यतः त्यही विविधता चित्रण गर्न खोजिएकोले कतिपय अवस्थामा लेख अलि फैलिएको छ । स्वयंसेवाको विविधता र फैलावट प्रस्तुत गर्ने क्रममा नेपाली समाजमा स्वयंसेवाको क्रमविकास कस्तो छ? यसको प्रवृत्ति कस्तो छ? के कस्ता स्वयंसेवाका अभ्यासहरु हाम्रो समाजमा भइरहेका छन्? मूलतः यो लेखले यिनै प्रश्नहरुको जवाफ दिनेछ ।

यो अध्ययनको मुख्य आधार नै स्वयंसेवक परिचालन गर्ने संस्थाका व्यक्तिहरुसँगको औपचारिक र अनौपचारिक छलफल हो । यसबाहेक जीवनको कुनै समयमा नगद, जिन्सी, श्रम वा समयको हिसाबबाट सेवा पुऱ्याएका व्यक्तिसँगको कुराकानी पनि अध्ययनको अर्को महत्पूर्ण पक्ष हो । केही स्वयंसेवकसँग गरिएको सामूहिक छलफलको प्रक्रियालाई पनि अध्ययनको क्रममा प्रयोग गरिएको थियो ।

मूलतः तीन प्रमुख खण्डमा विभाजित छ यो लेख । प्रकाशित सामग्रीको आधारमा स्वयंसेवाको विषयमा चलेको बहसलाई पहिलो खण्डमा चर्चा गरिएको छ । सामाजिक सेवा वा स्वयंसेवाका विषयमा लेखिने धेरै लेखनीहरुले समाजशास्त्रीय अभ्यासलाई

---

१ गाँस, बास, कपास जस्ता आधारभूत आवश्यकतासँग शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा लगायतका महत्वपूर्ण पक्षमा सेवा पुऱ्याउने सरकारी र गैरसरकारी प्रयासलाई नै साधारण बुझाइमा सोसियल सर्भिस भनिन्छ । कुनै प्रकारको सामाजिक कार्यसँग अलग्याएर सोसियल सर्भिसलाई हेर्न मनग्गे अवस्थामा हम्मे पर्छ ।

२ भोलेण्टियर वर्कलाई आफ्नो स्वेच्छाले कुनै पनि व्यक्तिले मानवीय हितको लागि वा अन्य कुनै पनि गैर व्यवसायिक उद्देश्यको लागि विना पारिश्रमिक वा आफ्नो बजार भाउँभन्दा कम मूल्यमा गरिने कार्य वा सेवा भनेर बुझिन्छ ।

वेवास्ता गरेका तथ्य यी सामग्रीले दिने छन् । स्वयंसेवाको बहसले खास गति लिन नसकेको पनि यसले देखाउँछ । यस्ता लेखनीले समाजको कुनै कुनामा एक व्यक्ति, समूह वा संस्थाले गरिरहेका प्रयासहरुलाई दस्तावेजमा परिणत गरेको तर यस्तै कार्यहरुमा संलग्न व्यक्ति, समूह वा संस्थालाई समेट्न नसकेकोले स्वयंसेवाको बहस ओझेलमा परेको तथ्यलाई प्रष्ट्याउने छन् । दोस्रो खण्डमा स्वयंसेवाको सामाजिक धरातल, ऐतिहासिक पृष्ठभूमिको संक्षिप्त व्याख्या गरिएको छ । स्वयंसेवाको इतिहासलाई मिहिन रुपमा यहाँ केलाइएको छैन । तर धर्म र निःस्वार्थ हितको मान्यता र विश्वासमा हुन थालेको सामाजिक सेवाका कार्यहरुमा हुने स्वयंसेवी प्रयास विस्तारै विकासका कार्य र अर्ध-व्यवसायी रुपमा कसरी परिवर्तित हुँदै छन् भन्ने संक्षिप्त चर्चा यस खण्डमा गरिएको छ । स्वयंसेवी कार्यको मान्यता र अभ्यासमा हुँदै आएको परिवर्तनको झलक दिनु नै यस खण्डको मुख्य उद्देश्य हो । यो लेखको प्रमुख र महत्वपूर्ण पाटो तेस्रो खण्ड हुने छ । स्वयंसेवाको परिवर्तनसँगै हुँदै गएको रुपान्तरणले यसको बुझाई र मान्यतामा पार्दै गएको प्रभाव, गैसस र अन्य व्यक्ति/समूहका प्रयासले स्वयंसेवाको आयतन र संसारलाई फराकिलो बनाउन सकेका केही विश्लेषण, नेपाली स्वयंसेवाको संसारमा अन्तर्राष्ट्रिय संस्थाको आगमनले पारेको वैचारिक र व्यवसायिक प्रभाव अनि स्वयंसेवाको उत्थानमा भएका सरकारी प्रयासहरुको विश्लेषण यस खण्डको प्रमुख आकर्षण रहने छ ।

यी सबै कुराको आधारमा स्वयंसेवाका केही संरचनागत पक्ष र नमुनाहरु माथि निष्कर्षमा टिप्पणी गरिएको छ । स्वामित्व र संरचानाको आधारमा एकपटक सहयोग गर्ने व्यक्ति वा समूह, निरन्तर लागि रहने व्यक्ति, वैदेशिक स्रोतले नछोएको गैरविकासे स्वयंसेवक, गैससका संरचना अन्तर्गत विकास-निमार्णमा सक्रिय विकासे स्वयंसेवक, र सरकारका संरचना अन्तर्गत कार्यरत विभिन्न नमुनालाई लिन सकिन्छ।[३] धर्म, कीर्तिबाट विस्तारै कोल्टे फेर्दै शिक्षा, स्वास्थ्यसँगै विकास-निर्माण स्वयंसेवाको कार्यक्षेत्र बनेको छ । तर अहिले पनि एउटा महायज्ञले अर्थ सङ्कलनमा जुन चमत्कार देखाउन सक्छ त्यो टेवा वा अन्य कुनै संस्थाको नमुनाभन्दा निकै आकर्षक छ । यसले दिएको एउटा स्पष्ट सन्देश के हो भने धर्म माथिको आस्था र विश्वास अहिलेसम्म पनि हाम्रो समाजमा प्रगाढ छ । अर्को, स्वयंसेवाको संसारमा मानव स्रोत वा अर्थ व्यवस्थापनको हिसाबबाट प्रभावकारी नमुना स्थापित भइसकेको छैन । कर्पोरेट कानूनले पनि स्वयंसेवाको

३ राजनीति क्षेत्रमा सक्रिय कार्यकर्ता र तिनीहरुले गर्ने काम समाजमा रहेको अर्को सशक्त नमुना हो । जुन प्रेरणा र पृष्ठभूमिमा राजनीति कार्यकताहरु सक्रिय छन्, जस्तो आर्थिक-राजनीतिक अवस्थाले तिनीहरुलाई निर्देश गरिरहेको छ, जुन राजनीतिक सङ्गठन र संरचनामा उनीहरुको स्वयंसेवी कार्य निरन्तर भइरहेको छ त्यसको लागि बेग्लै र गहकिलो अध्ययनको आवश्यक हुन्छ । यो लेखको दायराले त्यो उर्जा र कटिबद्ध कार्यकर्ताहरुलाई न्याय गर्न नसक्ने भएकोले यहाँ राजनीतिक संसारमा हुने स्वयंसेवी कार्यको चर्चा गरिने छैन ।

प्रवर्द्धनमा अनुत्साप्रद भूमिका खेलिरहेको छ।[४] अनि जुन आर्थिक स्रोत, वर्ग र समूहले स्वयंसेवाको संसारमा एकप्रकारले प्रभुत्व जमाइरहेका छन् त्यसले स्वयंसेवाको विश्वलाई अलि खुला र फराकिलो त बनाउन खोज्दै छ तर सँगै ठूलो अव्यवस्थित, असङ्गठित र छरिएर रहेका स्वयंसेवी अभ्यासलाई किनारा लगाउने सम्भावना पनि उत्तिकै देखिन्छ। यसले स्वयंसेवाको बहसलाई प्रभाव पार्दै एकतर्फी बनाउने खतरा सबैभन्दा बढी छ।

## स्वयंसेवाको बहस

स्वयंसेवा नेपाली अध्ययन, अनुसन्धान वा लेखनीको प्राथमिक विषय बन्न सकेको छैन। नेपाली समाजको प्रारम्भदेखि नै समाजसेवी र सामाजिक सेवामा समर्पित व्यक्तिहरु क्रियाशील थिए भन्ने कुरा हामीले जति नै सुन्दै आएपनि उनीहरुको जीवनी वा आत्मवृत्तान्तको भरपर्दो लेखोट हामीसँग छैन। न नेपालको कुनै सामाजिक इतिहासका दस्तावेजहरुमा समाजसेवीहरुको जीवनी र कथा नै समावेश भएको फेला पर्छ। सम्भवतः उनीहरुका सङ्घर्ष र समर्पणका प्रमाणहरु नभेटिएकाले होला ससाना प्रयासलाई प्राथमिक विषयवस्तु बनाएर अहिलेसम्म उल्लेखनीय केही लेखिएको छैन। त्यसैले उनीहरुको कथा सँगसँगै समाजमा हुने गरेका विभिन्न प्रयासको विस्तृत जानकारी पनि हामीसँग छैन। छोटोमा भन्दा स्वयंसेवाको समाजशास्त्रीय लेखन अहिलेसम्म भएको छैन। त्यसैले यस विषयको बहस पनि छरिएर रहेको छ, उठ्न सकेको छैन।

स्वयंसेवाको विषयमा जे लेखिएका छन् त्यसलाई तीन किसिममा विभाजन गर्न सकिन्छ। पहिलो, यदाकदा इतिहासमा पाइने प्रमाण र लेखनीहरु। दोस्रो, सामाजिक सेवा र विकासको नाममा विभिन्न सङ्घसंस्थाबाट प्रकाशित पुस्तक, स्मारिका र अन्य सामग्रीहरु। अनि तेस्रो, स्वयंसेवाकै नाममा निस्किएका जर्नल र पुस्तक।

इतिहासमा छिटपुट रुपमा विभिन्न प्रकारले परोपकारी कार्य भएको तथ्यहरु फेला परेका छन्। यिनै तथ्यहरुको आधारमा सर्वथा हित र भलोको लागि मानिसहरुले मूलतः गुठी सञ्चालन गरेका, जग्गा र मनिका दान गरेका प्रमाणहरु नेपाली समाजमा धेरै पाइन्छ (हेर्नोस् वैद्य, मानन्धर र जोशी सन् १९९३: १०५-१०६; टण्डन २०५२)। तर पनि आफ्नो स्वेच्छाले सेवाका कार्यहरुलाई आधुनिक नेपालमा निरन्तरता दिने कामको

---

४ कर्पोरेट कानूनले चन्दा-गुठीको परम्परामा कति अनुत्साप्रद भूमिका खेलेको छ? नेपालमा किन ट्रस्टहरुको स्थापना हुन सकिरहेको छैन? यसका लागि के कस्ता कानूनी झमेलाहरु छन्? वा भएको कानूनमा व्यापारीहरु किन चन्दा-गुठीको अभ्यासलाई निरन्तरता दिन सकिरहेका छैनन्? जस्ता प्रश्नहरुको व्याख्या गर्न बेग्लै अध्ययनको आवश्यक पर्छ। यो अध्ययनको क्रममा त्यो सम्भव नभएकोले स्वयंसेवा र चन्दा दानको कानूनी पाटोबारे यहाँ खासै चर्चा गरिएको छैन। तर ब्यापारको सामाजिक उत्तरदायित्वको विषयमा गरिएको स-साना दुइटा अध्ययनले कर्पोरेट र सामाजिक क्षेत्रको बारेमा केही बुझ्न भने सघाउँछ। हेर्नोस् एक्सन एड नेपाल (सन् २००३), एक्सन एड नेपाल र फेयर ट्रेड ग्रुप नेपाल (सन् २००३)।

ठूलो श्रेय तुलसी मेहर र दयावीरसिंह कंसाकारलाई जान्छ । यसो भन्दैमा नेपालको सामाजिक विकासमा महत्वपूर्ण भूमिका राख्ने माधवराज जोशी, योगमाया, जोगवीरसिंह कंसाकार, चन्द्रकान्ता मल्ल लगायतका व्यक्तिहरुको योगदान छैन भन्न खोजिएको होइन (हेर्नोस् न्यौपाने २०५९; शर्मा र मुल्मी सन् १९९७)।[५] यी कुनै पनि दस्तावेजले नेपाली समाजमा चन्दा-गुठीको परम्परा व्याप्त थियो भन्ने तथ्यलाई सार्थक रुपमा समेटेका छैनन् । अझ दामोदर पौड्याल (२०४४) द्वारा लिखित समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका पुस्तकमा त राष्ट्रिय उत्थान, राष्ट्रियता र पञ्चायत आदर्श र नाराको प्रचारबाजी मात्र गरिएको छ ।

सामाजिक सेवा र विकासको दोस्रो वर्गमा अधिकांश पुस्तक, रिपोर्ट र स्मारिकाहरु पर्छन् । धेरै स्मारिका र रिपोर्टहरुलाई यस अध्ययनले समेट्न सकेको छैन । त्यसैले यहाँ चर्चा गरिएका सामग्रीहरु केवल नमुना र प्रतिनिधि मात्र हुनेछन् जसले फगत प्रकाशन सामग्रीको किसिम बताउन सहयोग गर्छ । सामाजिक सेवाको नाममा दुई/तीन प्रकारका पुस्तकहरु प्रकाशित छन् । पहिलोमा परोपकार र समाजसेवाका विविध पक्षलाई चिनाउने प्रयत्न गरिएका प्रकाशन (हेर्नोस् जोशी र अरु २०५६) । दोस्रो, एउटै संस्थाको इतिहास र अन्य पक्षको जानकारी दिने प्रकाशनहरु हुन् (हेर्नोस् न्यौपाने २०५४, मास्के २०५९)। यस्ता प्रकाशनहरुले परोपकारको नाममा हुने गरेका व्यापक पक्षलाई नभएर संस्थाका गतिविधि र परिधिलाई मात्र समेट्ने गर्छन् (न्यौपाने २०५४; मास्के २०५९; अधिकारी २०६०) । तेस्रो प्रकाशनहरुमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् (सासेरासप)बाट सरकारी प्रयासमा प्रकाशित पुस्तकहरु पर्छन् (हेर्नोस् प्रसाई २०४४, शर्मा २०४४, सासेरासप २०४४, सासेरासप २०४२, शाह सन् १९८६) । मूलतः पञ्चायती सरकारको प्रचारबाजीका लागि निकालिएका यी प्रकाशनले तत्कालीन समाजमा परिषद्को सञ्जालभन्दा बाहिर रहेर गरिएका विभिन्न सेवाका कार्य र सामाजिक प्रयासलाई समेटेको छैन । केवल पञ्चायतको हितकर हुने र सरकारी स-साना उपलब्धिलाई पनि विशाल रुपमा प्रस्तुत गर्ने काम यहाँ भएको छ ।

सामाजिक सेवा र विकासको यही वर्गमा विभिन्न स्मारिका र संस्थाका प्रकाशनहरु पनि पर्छन् । यी प्रकाशनहरु पनि स्वयंसेवा वा सामाजिक सेवाको बहसलाई उठान गर्न प्रकाशित भएका सामग्री होइनन् । आफ्नो सङ्गठन, गुठी वा समूहको प्रचार-प्रसार नै यसको उद्देश्य भएकोले मूलतः वार्षिक गतिविधि, इतिहास र अन्य विविध पक्षबीच यी अधिकांश सामग्री अल्झिएका छन्।[६] यसरी परिवर्तन गर्नका लागि समाजमा लागेका संस्थाहरुको प्रकाशनमा क्लब पनि पर्छन् । रोटरी र जेसिस्को तुलनामा विभिन्न लायन्स

---

५ इतिहासको विभिन्न कालखण्डमा सामाजिक क्षेत्रमा भएका प्रयासको थप जानकारीको लागि हेर्नोस् वैद्य, मानन्धर र जोशी (सन् १९९३); टण्डन (२०५२); पौड्याल (२०४४)।

६ केही प्रतिनिधि प्रकाशनको रुपमा भीखमचन्द (२०५२); एनआरसीएस (सन् २००२); कोइराला (२०५७); युएनभी (सन् १९९८) इत्यादि लिन सकिन्छ ।

क्लबका प्रकाशनहरु धेरै छन् जहाँ आफ्ना क्लबका कामहरु प्रचार गर्ने मनसुबा भएका सामग्री प्रकाशित हुन्छन् (हेर्नोस् उप्रेति सन् २००१, लायन्स क्लब सन् १९९८) । यसरी सङ्घसंस्था र क्लबहरु इतरका प्रकाशनहरु पनि यस कोटीमा पर्छन्, जुन सामग्रीहरुको स्वयंसेवाको बहसलाई उठान गर्नमा तुलनात्मक रुपमा बढी भूमिका हुन सक्छ । सेण्ट जेभियर्स कलेजको सामाजिक कार्य विभागबाट प्रकाशित म्यागजिन द एड्भोकेट यस्तो एउटा उदाहरण हो । सामाजिक कार्यमा परिवर्तन हुँदै गएको दृष्टिकोण र यस विषयको शिक्षा किन आवश्यक छ भन्ने धारणाहरु व्यक्त गरिएका लेखहरु यो प्रकाशनमा छ (पिया सन् २००२) । बहस नै निर्माण गर्ने स्तर द एड्भोकेटको पनि छैन । सामाजिक कार्यका विचारहरु विद्यार्थी माझ पुऱ्याउने हिसाबबाट भने यो पत्रिकाले राम्रै महत्व राख्छ । त्यस्तै सन् १९९७ मा प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र र तुलसी मेहेर १००औं जन्मजयन्ति राष्ट्रिय समितिले संयुक्त रुपमा 'सामाजिक कार्यमा पुनर्विचार' विषयक तीन दिने गोष्ठी गरेका थिए । रिथिङ्किङ सोसियल डेभ्लोप्मेण्ट त्यही गोष्ठीको प्रस्तुति, छलफल र कार्यपत्रहरु एकीकृत गरिएको प्रकाशन हो । नेपालको सामाजिक आन्दोलनमा भएका प्रवृत्तिगत परिवर्तनहरुलाई औंल्याउन छोटकरीमा इतिहास; गुठी, ढिकुर, लिम्बूहरुमा हुने सामूहिक सहयोग र समझदारी, थारुहरुमा हुने सामूहिक व्यवस्थापन र निर्णय, अनि विवाह तथा मृत्यु जस्तो सामाजिक कार्यका समयमा आपसमा आर्थिकभार बाँड्फाड् गर्ने चुमाउँ परम्परा; परिवर्तित सन्दर्भमा स्वयंसेवक, विभिन्न गैरसरकारी संस्थाका अवधारणादेखि लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक प्रभावले सामाजिक आन्दोलनमा पार्न सक्ने प्रभावबारे यसमा व्याख्या गरिएको छ (शर्मा र मुल्मी सन् १९९७) । यसरी प्रत्यक्ष वा परोक्ष रुपमा यी अनेकौं प्रकाशनहरुले स्वयंसेवाको उत्थानमा लागेका विभिन्न सामाजिक पक्षहरु साथै तिनका अनेक पाटा बुझ्न सहयोग पुऱ्याउने निश्चित छ । बहस र छलफलबाट उब्जेको गहकिलो सामग्रीलाई यो प्रकाशनले थप बहसमा ल्याउने प्रयास गरे पनि यसले निरन्तरता पाएका उदाहरणहरु भेटिँदैनन् ।

तेस्रो किसिममा नितान्त स्वयंसेवामा केन्द्रित प्रकाशनहरु पर्छन् । यसको सबैभन्दा पहिलो प्रयास भोलेण्टियर्स गजेट हो ।[७] सन् १९७० को दशकमा नियोजित रुपमा स्वयंसेवाको बहसलाई विशेष गरेर स्वयंसेवक परिचालन गर्ने अन्तर्राष्ट्रिय संस्थाहरु (भोलेण्टियर सेण्डिङ एजेन्सिस्) र त्यसमा संलग्न स्वयंसेवकका विचार, काम र अनुभव

७ 'नेपालमा सेवा पुऱ्याइरहेका स्वयंसेवकका लागि' मुख्य नारा लिएर यो जर्नल सन् १९७५ को अन्त्यतिर देखा परेको थियो । यसो हेर्दा त्रैमासिक जस्तो देखिए पनि यसका अङ्कहरु तीन देखि ६ महिनाको अन्तरालमा प्रकाशित भएको पाइन्छ । यो कति अङ्क निस्कियो भनेर यकिनसाथ भन्न सक्ने अवस्था छैन । तर नोभेम्बर १९७५ देखि मार्च १९७७ को बीचमा यसका पाँचवटा अङ्क प्रकाशित छन् । यो जर्नल कुन सालमा बन्द भयो भनेर थाहा हुन सकेको छैन ।

साट्ने माध्यम बनेको थियो यो जर्नल । अर्थात स्वयंसेवामा सक्रिय संस्था र व्यक्तिहरुबीच यस विषयको बहसलाई उठान गर्ने योजना थियो भोलेण्टियर्स गजेटको ।

पहिलो अङ्कमा तत्कालीन समयमा नेपालमा सेवारत पाँचवटा भोलेण्टियर एजेन्सिस्हरुको संक्षिप्त परिचय समावेश छ (भ्रीलेण्ड सन् १९७५) । दोस्रो अङ्कमा विकाशोन्मुख मुलुकहरुमा आगामी दिनमा स्वयंसेवाको काम गर्ने स्वरुपहरुमा परिवर्तन गर्न आवश्यक छ भन्ने तर्क गरेर रे हलले लेखेका छन् । स्वयंसेवकलाई नितान्त त्याग वा दान गर्ने व्यक्तिको रुपमा मात्र हेरिनु हुँदैन साथै अबका दिनमा माथिल्लो तहका विशेषज्ञभन्दा पनि मध्यम सीप भएका मानवश्रमको आवश्यकता हुने उनको अनुमान छ (हल सन् १९७६) । '...यसरी अर्ध-विशेषज्ञ तलबीहरुले स्वयंसेवकलाई विस्थापित गरेमा यसले केही स्वयंसेवकहरुको कामलाई प्रभावकारी त बनाउँछ तर व्यापक रुपमा यस्तो भयो भने एउटा तहमा अन्तरसांस्कृतिक बुझाई र सञ्चारमा निश्चय नै प्रभाव पर्छ,' भन्छन् मेसेल (मेसेल सन् १९७६: ७) । पीसकोर नेपालका तालिमकर्ता पनि भएर काम गरिरहेका डोर बहादुर विष्ट लेख्छन्, वैदेशिक सहयोगी संस्थाहरुलाई नेपालको बारेमा राम्रो ज्ञान नभएकोले थोरै मात्र राम्रा कामहरु भएका छन् र अधिकांश वैदेशिक स्रोत र सहयोग खेर गएको छ । नेपालमा काम गर्दा कुनै पनि विदेशी स्वयंसेवकले ध्यान दिनु पर्ने कुरालाई विष्टले सही ढङ्गबाट व्याख्या गरेका छन् । तर सरकारबाट काम हुन नसकेको कतिपय क्षेत्रमा विदेशी स्वयंसेवकबाट आश राख्नु र नेपालीहरुलाई चाहिनेभन्दा बढी कमजोर र लाचार बनाएर प्रस्तुत गर्नु विष्टको लेखको दुर्बल पक्ष हो (विष्ट सन् १९७६) ।

भोलेण्टियर्स गजेटको तेस्रो अङ्क महिलाका काम र अनुभवमा बढी केन्द्रित छ । विदेशी महिला स्वयंसेवकहरुले नेपाली समाजको संरचनाभित्र बसेर काम गर्दा भोगेका अनुभव र आइपरेका अप्ठेराहरुलाई यो अङ्कमा प्राथमिकता साथ समावेश गरिएको छ । राष्ट्रिय विकास सेवाको कार्यक्रमले कसरी भर्खरका युवतीहरुलाई विकासमा संलग्न गरायो; पश्चिमी समाजमा हुर्किएका केटीलाई नेपाली सामाजिक परिवेशमा काम गर्न किन जटिल हुन्छ; विदेशी स्वयंसेवकहरुको नेपाली केटा वा केटीसँग हुने विवाहले कसरी कतै जटिल त कतै सरल अन्तरसांस्कृतिक परिस्थिति निर्माण गर्दै छ, लगायत विभिन्न विषयमा प्रकाशित गहकिला लेखहरु यस अङ्कमा समावेश छ (हेर्नोस् भोलेण्टियर्स गजेट वर्ष १ अङ्क ३) । त्यस्तै चौथो अङ्कमा स्वयंसेवाभित्रको अन्यौल र कामको प्रकारले देखिएको अनियमितताबारे केइत मेसेल लेख्छन्, 'स्वयंसेवक शब्दको प्रयोग नेपाली भाषाको तालिम दिने समयमा भए पनि पछि कतै हुने गरेको पाइँदैन । केवल स्वयंसेवकहरुले मात्र यसलाई प्रयोग गर्ने गरेको देखिन्छ' (मेसेल सन् १९७६: ४-५) । नेपाली समाजमा धेरै मान्छे आफ्नै लागि काम गर्ने भएकोले स्वयंसेवालाई एउटा केरियरको रुपमा बुझाउन निकै जटिल भएको उनको धारणा छ । स्वयंसेवकहरुले पारिश्रमिक पाउने कि नपाउने, स्वयंसेवकहरु साधारण शैक्षिक व्यक्तिहरु हुने कि उच्च

शिक्षा हासिल गरेका विशेषज्ञहरु हुने, साथै स्वयंसेवकको भूमिका कस्तो हुने भन्ने विषयमा पनि मेसेलले राम्रै चर्चा गरेका छन् (मेसेल सन् १९७६) । त्यस्तै 'टुवड्स बेटर भोलेटियरिजम्' शीर्षकको लेखमा भोलेण्टियर एजेन्सिहरुबीच दोहोरो छलफल हुनु पऱ्यो र एउटै क्षेत्र र एकै किसिमको काम हुनु भएन भन्ने अनुरोध हर्युओ हाइसो (सन् १९७६)को छ ।

भोलेण्टियर्स गजेटमा प्रकाशित यी लेखहरुले स्वयंसेवाको क्षेत्रमा मजाको बहस निमार्ण गर्न थालेको स्पष्ट हुन्छ । साथै यो जर्नल स्वयंसेवकहरुका लागि आफ्नो विचार र अनुभव प्रस्तुत गर्ने उत्तम थलो पनि भएको देखिन्छ । तर यो जर्नल बन्द भएपछि सन् २००२ मा भोलेण्टियरिजम् इन नेपाल पुस्तक प्रकाशन नहुञ्जेलसम्म स्वयंसेवालाई नै मूल सवाल बनाएर ठोस र प्रभावकारी रुपमा उल्लेख्य लेखनी केही देखिएको छैन । भोलेण्टियरिजम् इन नेपालले नेपाली समाजमा हुने गरेका ठूलो वर्ग, व्यक्ति र समूह अनि विदेशीहरुको भन्दा इतरको नेपाली संसारमा हुने प्रयासलाई पन्छ्याएको छ । यही पुस्तकको तेस्रो खण्डमा ३०० भन्दा बढी सङ्घसंस्थाको सूची त छ तर पहिलो खण्डमा प्रकाशित लेखहरुले ती सङ्घसंस्थाका प्रतिनिधि अभ्यासहरुलाई समेट्न सकेको छैन । यसबाट पनि स्पष्ट हुन्छ समाजमा भएका विभिन्न अभ्यास र प्रयासहरुमा भन्दा पनि स्वयंसेवाका अनेकौं विचार र अवधारणामा यो पुस्तक केन्द्रित छ । यति हुँदाहुँदै पनि विभिन्न स्वयंसेवीहरुको अनुभव, सङ्घसंस्थाको नामावली र स्वयंसेवाकै विषयमा केन्द्रित केही योजना र विचार प्रस्तुत गरेकोले यो पुस्तक उल्लेखनीय छ (गौतम २०५९; श्रेष्ठ र अरु सन् २००२) । हुन त बीचमा इन्सेक कर्मचारी कल्याण कोषद्वारा स्वयंसेवी स्वर र सामूहिक अभियानबाट प्रकाशित हुने अभियानले स्वयंसेवा विशेषाङ्क निकालेको पनि पाइन्छ । तर स्वयंसेवी स्वरमा स्वयंसेवकहरु कस्तो हुनु पर्छ, उनीहरुले के गर्नु पर्छ, उनीहरुको काम कता केन्द्रित हुनु पर्छ आदि विषयमा चासो राखेर उपदेशमूलक लेखहरु मात्र लेखिएका छन् (हेर्नोस् तिमिल्सिना २०५७; कँडेल २०५७; भट्टराई २०५७; घिमिरे २०५७) । यसरी स्वयंसेवाको परिभाषा, राष्ट्र र समाज निमार्णमा स्वयंसेवकको काम कर्तव्य मात्र यी लेखका विषयवस्तु बनेका छन्, साथै यसको एक अङ्क मात्र प्रकाशित छ ।

विभिन्न समयमा प्रकाशित स्वयंसेवाका सामग्री र तिनीहरुको प्रकृति हेर्दा नेपालमा स्वयंसेवा वा यही विषयसँग सरोकार राख्ने सामाजिक सेवा, चन्दागुठी, नेपाली स्रोत परिचालनका विषयमा गम्भीर, निरन्तर र गहन बहस चलिरहेको छैन । धेरै प्रकाशनहरु संस्थाको परिचय र गतिविधि जानकारी गराउने पक्षबाट लेखिएका छन् । समाजमा भएका अनेकौं त्यस्तै प्रयासलाई ती प्रकाशनले समेटेका छैनन् । यस्ता प्रकाशनको वितरण पनि व्यवस्थित र योजनावद्ध छैन । त्यसैले यी प्रकाशनहरु कहाँ र कसले कसरी पढिरहेका छन् त्यो अनुत्तरित छ । यसबाट स्पष्ट हुन्छ माथि उल्लिखित धेरै प्रकाशनहरु आफ्नो संस्था र आफूले गरेको गतिविधिको अस्तित्व बचाउनको लागि मात्र प्रकाशित

भएका हुन् । यी प्रकाशनहरुको वितरण-चक्रको कुनै नक्सा नकोरिकन स्वयंसेवाको बहसको चित्र प्रस्तुत गर्न सम्भव देखिन्न ।

बहसै निमार्ण गर्न केही सीमित प्रकाशनले टेवा अवश्य पुऱ्याएका छन् । बहसलाई निरन्तरता दिने र स्वयंसेवकहरुको अनुभव नै आफ्नो सामग्रीको आधार मानेर निस्किएका भोलेण्टियर्स गजेटका अङ्कहरुलाई यसको प्रारम्भिक श्रेय जान्छ । विशेष गरी नेपालमा अन्तर्राष्ट्रिय स्वयंसेवाबारेको सवालमा सम्बत् २०३० को दशकमा एक प्रकारको बहस उठाउनमा यसको भूमिका राम्रै छ । धेरै लामो समयसम्म यसको प्रकाशन नभएकोले त्यो प्रयास बीचैमा तुहियो । यसपछि सामाजिक विकास परिषद्का प्रकाशनहरुले समाजसेवालाई अस्तित्वमा राख्ने पक्षबाट त केही महत्व राख्छन् तर केवल सरकारी कामको प्रचार गर्नु यसको उद्देश्य भएकोले विचारको वा समाजका विभिन्न तप्कामा भएको समग्र अभ्यासको बहसभन्दा पनि एकोहोरो सरकारी रटना नै ती प्रकाशनहरुको उद्देश्य थियो । त्यसैले बहस निमार्ण गर्ने हिसाबले २०३० को दशक पछिको करिब २५ वर्ष शून्यप्राय रह्यो ।

यसपछि २०५६ सालमा प्राकशित अलिकति टेवा: परोपकारको कला पुस्तकको प्रकाशन सँगसँगै फेरि यस विषयको बहसले ससानो गति लिन थालेको आभास हुन्छ । हुन त यो पुस्तकमा त्यस्तो नितान्त नयाँ विषयवस्तु केही छैन, तर यसको प्रकाशनले चन्दाको विभिन्न पक्षमा केही समग्र विषयवस्तुलाई समेटेको पाइन्छ । नेपाली समाजमा 'टेवा' पछिल्लो समयको नमुना चन्दागुठी पनि हो । यसको चन्दा सङ्कलन र परिचालनको अभ्यासले नै चन्दागुठीको बहसमा थप नयाँ टेवा पुऱ्याएको स्पष्ट छ (वन्त २०५६) । अलिकति टेवा: परोपकारको कला पनि टेवाकै प्रकाशन हुनाले प्रकाशन र संस्था दुबै पक्षबाट सानोतिनो बहसलाई यसले सघाएको नै मान्नु पर्छ । यसपछि भोलेण्टियरिजम् इन नेपाललाई पछिल्लो समयको सबैभन्दा महत्वपूर्ण 'लेण्डमार्क'को रुपमा लिन सकिन्छ । यो सम्भवत स्वयंसेवाको विषयमा केन्द्रित भएको, केही लगतहरुको समावेशसँगै अहिलेसम्मका प्रकाशनहरुमा स्वयंसेवाका धेरैभन्दा धेरै पक्षहरुलाई समेटेर लेखिएको महत्वपूर्ण पुस्तक हो । यति हुँदाहुँदै पनि यो पुस्तकले नेपाली स्वयंसेवाको ठूलो संसारलाई पन्छाएको छ (गौतम २०५९) । यी सबै कुराले इंगित गर्ने एउटा तथ्य भनेको नेपालमा स्वयंसेवाको बहस एकतर्फी छ । छरिएर रहेका स-साना प्रयासहरु जसको एकीकृत प्रयास, प्रभाव, मानवीय र आर्थिक परिचालन ठूलो छ ती अभ्यास अहिलेका बहसबाट अलग्गिएको प्रष्ट हुन्छ । यही कारण स्वयंसेवाको बहस चाहिने जति व्यापक छैन र यसले प्राथमिकता पनि पाएको छैन । नतिजा नेपाली

समाजमा सुस्त छ स्वयंसेवाको बहस । यसलाई अलि व्यापक बनाउनु बढेमानको चुनौती भएको छ ।[८]

## समाजसेवा र धार्मिक पृष्ठभूमिमा स्वयंसेवा

स्वयंसेवा र समाजसेवाको अन्तरसम्बन्धको कुरो मात्र माथि उठाइएको थियो । तर स्वयंसेवी भावको बुझाइ र अभ्यास नेपाली समाजमा समाजसेवाको पृष्ठभूमिबाट नै आएको हो । एकीन रुपमा समाजसेवा नेपाली समाजमा कहिले शुरु भयो भनेर भन्ने अवस्था छैन । अनि समाजसेवाको निश्चित पाटाहरुले कुन कालखण्डदेखि स्वयंसेवाका रुप धारण गरे भन्न कठिन छ । 'सेवा नै धर्म हो' भन्ने प्रचलित उक्तिबाट के भन्न सकिन्छ भने समाजसेवा धार्मिक विश्वास र मान्यताको उपज हो । त्यसैले स्वयंसेवाको निहित अर्थ पनि धार्मिक तथा पौराणिक सहकार्य र सहयोगको भावनासँग गाँसिएको छ । लोकोपकारी कार्य र सेवाको परम्परा सँगसँगै समाजमा गहिरिएको छ स्वयंसेवाको संस्कार । तर यो भावना र विचारभन्दा नितान्त पृथक प्रयास समाजसेवा नभएकोले समाजसेवाको पृष्ठभूमिमा स्वयंसेवी संस्कारको स्थापना र विकास भएको हो भन्नु पर्ने हुन्छ ।

गुठी र स्वयंसेवालाई नेपाली समाजमा जोडेर हेर्ने चलन निकै छ । तर यो अध्ययनको मान्यता त्यो होइन । हो धर्मसँग र लोकोपकारी कार्यसँग गुठीलाई गाँस्न सकिन्छ । तर वास्तवमा गुठी व्यवस्था स्वयंसेवा नभएर कडा सामाजिक कानूनको उपज थियो ।[९] नेपाली समाजमा स्वयंसेवाको विजारोपणको एउटा सशक्त सम्वाहक

---

८ स्वयंसेवाका विषयहरुमा के लेखिन्छन् भनेर जान्नको लागि मात्र पनि बहसको यो खण्ड आवश्यक छ । तर त्यति मात्रको लागि स्वयंसेवाको बहसलाई यहाँ चित्रण गर्न खोजिएको होइन । पहिलो, यो अध्ययन र लेखको प्रमुख उद्देश्य नै स्वयंसेवाको बहस हुनु पर्ने गति र आयातनमा भएको छैन भन्ने हो । यो खण्डले त्यही कुराको राम्रो पुष्टि गर्छ । दोस्रो, मानव स्रोत परिचालन, विकास निर्माण (सरकारी र गैर सरकारी दुबै प्रयास) र आर्थिक स्रोत परिचालनसँग स्वयंसेवाको अन्तरसम्बन्ध गहिरो छ । यति हुँदाहुँदै पनि यसमा सक्रिय संस्था र व्यक्तिहरु स्वयंसेवालाई कुनै एउटा कुनामा बेग्लै विषयको रुपमा प्रस्तुत गरिरहेका छन् । यस विषयको बहसलाई साँघुरो पाराले प्रस्तुत गरिरहेका छन् । यसरी फैलिएको क्षेत्रको प्रयास यति साँघुरो घेरामा नहोस् भन्ने चाहनाले यस खण्डमा सकेजति सामग्रीलाई समेट्ने प्रयास गरिएको हो । तर लेखन/प्रकाशनको कार्यभन्दा बाहिर पनि मार्टिन चौतारीका मङ्गलबार हुने छलफल कार्यक्रममा, रेडियो सगरमाथाको बहसहरुमा र मार्टिन चौतारीकै अग्रसरतामा पर्यटन विकास बोर्डमा स्वयंसेवा, चन्दा-गुठीको विषयलाई लिएर केही सार्वजनिक छलफल भएका छन् । भोलेटियरिजम् इन नेपाल भन्ने पुस्तक पनि यही बसहको उपज हो । सन् २००० मा स्वयंसेवाको प्रवर्द्धनको लागि गठन भएको समितिले यसको पुस्तकको प्रकाशन गरेको हो ।

९ गुठी नेपाली समाजमा स्थापित सबैभन्दा पुरानो सामाजिक उत्थान र सहकार्यको नमुना संस्था अवश्य हो । लिच्छविकाल, मध्यकाल, मल्लकाल र शाहकाल गरी विभिन्न कालमा राजगुठी, छुटगुठी र दुनियाँगुठीमार्फत तीन किसिमबाट सञ्चालन भइरहेका गुठीहरुका धार्मिक, लौकिक, मनोरञ्जन र वर्गीय गरेर मुख्यतः चार स्वरुप थिए । तर यी कुनै पनि स्वरुपका गुठीबारे लेखिएका धेरै लेखनी र

धार्मिक भाव थियो जसले दीन-दुःखीको सेवा र लोकोपकारी हितलाई जन्म दियो । विस्तारै धार्मिक क्रियाकलापबाट फैलिएको दीन-दुःखीको सेवा सामजिक उत्थान र कीर्तिको स्थापनासँगै सेवा गर्ने कार्यतर्फ परिणत भयो । हेरौं धार्मिक गतिविधि र सेवाको भावना अनि कीर्ति र नाम राख्ने मान्यताले स्वयंसेवी संस्कारमा पारेको प्रभाव ।

## *धार्मिक क्रियाकलाप र सेवाको भावना*

धर्मले नेपाली समाजमा निकै धार्मिक कार्यकता जन्माएको छ जो समाज सेवा र परोपकारी कार्यको सम्बाहक भएका छन् । यही कारण नै अधिकांश अवस्थामा गरीब गुरुवा र असहायलाई गरिने उत्थान धर्म आर्जन गर्ने सहज र उत्तम माध्यम मात्र नभई स्थापित मान्यता बन्यो । यसको विश्वास र आस्था प्रगाढ हुनुको नतिजा नै समकालीन नेपाली समाजमा पनि धर्म र सेवा विछट्टसँग गाँसिएका छन् । यो अटुट सम्बन्धकै कारण चन्दा सङ्कलन गर्ने प्रक्रियामा सप्ताह र महापुराहण सबै मध्येको प्रभावकारी उपाय बनेको छ । यो सम्बन्धको पुष्टि गर्दै अमृत भादगाउँले लेख्छन्:

> विद्यालय भौतिक विकासका लागि श्रीमद्भागवत महापुराण लगाएर पोखरामा चन्दा बटुल्ने लहर चलेको छ । धर्मको नाममा पछिल्लो ३ बर्षमा यहाँ ५ करोडभन्दा बढी दान रकम उठिसकेको छ । ...भद्रकाली माध्यमिक विद्यालयमा गत शुक्रबार सम्पन्न महापुराणबाट मात्र १ करोड ५ लाख ४० हजार रुपैयाँ उठेको छ (भादगाउँले २०६०:४) ।

यसरी नेपाली समाजमा भइरहेका स्वयंसेवाका विभिन्न अभ्यास र स्वरुपहरु मध्ये धार्मिक भावनाबाट अभिप्रेरित भएर सेवा पुऱ्याएका उदाहरणहरु असङ्ख्यक छन् । लोकोपकारी कार्यको दरिलो आस्था र माध्यम बनेको छ धर्म । पूर्व सांसद मैयाँ देवी श्रेष्ठले देवघाट धार्मिक क्षेत्र विकासका लागि करिब १ करोड ५० लाख मूल्यको दश रोपनी जग्गामा बनेको घर 'ओम शान्ति मैयाँ देवी ट्रष्ट सेवा संस्था देवघाट' नामको संस्था स्थापना गरी त्यही संस्थालाई दान गरिन् (कान्तिपुर २०५५) । त्यस्तै पाटनका ७७ वर्षीय शान्तरत्न बज्राचार्यले हरेक पाँच वर्षमा ललितपुरमा मनाईने सम्यक यज्ञ महादान पर्वमा करिब १ करोड पर्ने घर सम्यक गुठीलाई दान गरे (कान्तिपुर २०५६) ।

---

टिपोटहरुमा स्वयंसेवाको छकन पाइँदैन । गोविन्द टण्डनको नेपालमा गुठी व्यवस्था (टण्डन २०५२), महेशचन्द्र रेग्मीको ल्याण्डओनरसिप इन नेपाल (रेग्मी सन् १९९९) र धुलिखेलका श्रेष्ठहरुको गुठी सङ्गठनबारे गरिएको अध्ययनले (कुइग्ले सन् १९८५) गुठी व्यवस्था कडा सामाजिक नियम-कानूनबीच स्थापित अभ्यास हो भनेर स्पष्टसँग व्याख्या गरेको छ । अर्थात मठ-मन्दिर, बिहार, गुम्बा, पाटी-पौवा, धर्मशाला, सत्तल, ढुङ्गेधारा र अन्य लौकिक कीर्तिहरुको निमार्ण वा यी सम्पदाको संरक्षण साथै सम्वर्द्धनका कार्य हुन् वा पर्व, उत्सव, जात्रा आदि धार्मिक महोत्सव, यस्ता गुठीका गतिविधिका निरीक्षण र संरकक्षत्व लिने गुठियार वा अन्य रै-रकमी कोही पनि स्वयंसेवक थिएनन् । यिनीहरु गुठीको ऐन, कानून र नियमको परिबन्धमा बाँधिएका व्यक्ति थिए भन्ने कुरा छर्लङ्ग छ ।

धर्मको नाममा उठ्ने गरेका यस्ता विशाल आँकडाका रकमको तुलनामा अरु सामाजिक सुधार र विकासका निमित्त उठ्ने रकम न्यून छन् (मार्टिन चौतारी २०५७) । अर्थात जति सहजरुपममा धार्मिक कार्यको निमित्त मानिसहरु कुनै पनि किसिमको सहयोग (चन्दा, श्रम वा समय) दिन तत्पर हुन्छन् अन्य सामाजिक कार्यको लागि त्यति सहज उत्सुकता र सक्रियता पाइन्न ।

चन्दा र दानसम्बन्धी पत्रपत्रिकामा प्रकाशित चार वर्षको समाचारलाई आधार मानेर तयार पारिएको आँकडाले धार्मिक कार्यहरु (मठ, मन्दिर, पाटीपौवा, धार्मिक ढुङ्गेधारा र पोखरी निमार्ण र जीर्णोद्धार, विभिन्न यज्ञ, पुराण, कोटीहोम, सप्ताह आदि)को सहयोगार्थ उठेको नगद र जिन्सी चन्दा-दान रु. १८,७१,६७,५२१[१०] छ । यही समायावधिमा शिक्षामा उठेको रु. ३,८७,१७,२५५ स्वास्थ्यमा रु.३,३०,४१,३१६[११] र विभिन्न विकास तथा सामाजिक कार्यमा सङ्कलित रु. २६,५९,७२,७२६[१२] भन्दा धर्मको नाममा प्राप्त सहयोग धेरै नै बृहत् र व्यापक हो । साथै शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा पनि कतिपय सेवा धार्मिक लालसा कै कारण भएको छ । 'धर्म गरे स्वर्ग पुगिन्छ', 'सेवा नै धर्म हो' आदि धार्मिक मिथकले मानिसलाई समाजसेवी बनाउन वा समाजमा धार्मिक र गैरधार्मिक स्वयंसेवक जन्माउन ठूलो टेवा मिलेको छ ।

धार्मिक कार्यमा देखिएको मानिसहरुको बढी सक्रियता, स्वच्छाले लागिपर्ने भावना र सामाजिक अन्तरक्रियाका अभ्यासहरुको सिलसिला गहिरो छ । अझ पत्रपत्रिकामा स्थान बनाउन नसकेका अनगिन्ती प्रयासहरु साथै पारदर्शी नभएका कारण पशुपति, मनोकामनालगायत देशभरिका मन्दिरलाई प्राप्त हुने दानभेटीको त लेखाजोखा नै छैन । त्यसैले धार्मिक भावनाले मानव श्रम, समय वा नगद र जिन्सीको रुपमा समाजमा प्राप्त भइरहेको सहयोग विशाल छ । कतिपय अवस्थामा त आजकाल शैक्षिक कार्य वा अन्य सामाजिक कार्यको लागि आर्थिक सहयोग जुटाउन पुराहण, सप्ताह वा होमहरुकै आयोजना गरिन्छ । पोखरामा पुराणको लहर चलेको कुरा माथि नै उल्लेख गरिसकिएको छ, जहाँ विगत तीन वर्षमा मात्र ५ करोडभन्दा बढी रकम उठिसकेको छ (भादगाउँले २०६०) ।

समाजमा हुने गरेका यस्ता अभ्यासहरुले तीनवटा कुराको राम्रो पुष्टि गर्छ । पहिलो, अधिकांश मानिसहरु धर्मको नाममा लचिलो र आफ्नो सामर्थ्यले भ्याएसम्म जे-जस्तो सहयोग गर्न पनि चुक्दैनन् । यसबाट धर्म कमाउने ध्याउन्नमा सेवाको ठूलो भावना सृर्जित भइरहेको कुरा पुष्टि हुन्छ । दोस्रो, मानिसहरु धर्मको नाममा अति उदार छन् ।

---

१० यो रकममा दानस्वरुप प्राप्त मूल्य नतोकिएका घर/जग्गाको रकम समावेश छैन, हेर्नोस् मार्टिन चौतारी (२०५७) ।

११ शिक्षा र स्वास्थ्यका रकमको विस्तृत विवरणका लागि हेर्नोस् मार्टिन चौतारी (२०५७) ।

१२ यो रमकमा सडक, पुल, चौतारा, खानेपानी, नहर, कुलो, अनाथलाय, बृद्धाश्रम, धर्मशालालगायत अन्य विभिन्न सहयोग पनि समावेश छ, हेर्नोस् मार्टिन चौतारी (२०५७) ।

त्यसैले उनीहरु आफ्नो श्रम, समय र धन सही कार्यमा प्रयोग गरिएको छ कि छैन भनेर त्यति खोजीनिधी गर्दैनन् । तेस्रो, स्वयंसेवालाई धर्मका ठेकेदारहरुले समाजमा धार्मिक क्रियाकलाप बढाउन र धर्म विस्तार गर्न प्रयोग गरिरहेका छन् । फलस्वरुप धार्मिक संसारमा रहेका मिथकले धार्मिक लगायतका विभिन्न क्षेत्रमा स्वयंसेवकहरु जन्माइरहेको छ र समाजसेवा अनि धर्म दुबैलाई बढावा दिइरहेको छ ।

## *कीर्तिसँगको भावनात्मक सम्बन्ध र स्वयंसेवाको संस्कार*

नेपाली समाजमा कीर्ति र समाजसेवाबीचको सम्बन्ध गहिरो छ । आजसम्म जति पनि समाजसेवाका कार्यहरु भएका छन् ती मध्ये अधिकांश अभ्यासका खाँटी कारण कीर्तिको चाहना नै हो । चाहे त्यो हुनेखानेबाट निर्माण भएका साना वा ठूला पाटीपौवा, मन्दिर वा धर्मशालाहरु हुन्[१३], या आफ्नो दिन गुजारा गर्न धौधौ पर्ने व्यक्तिले सकिनसकि निर्माण गरेका स्कूल, इनार वा अरु कुनै कार्य हुन्[१४], वा कुनै राजा-महाराजाबाट निर्माण भएको मन्दिर, गुम्बा वा अरु कुनै सम्पदा होस्, यी सबै कुराको चुरो गएर कीर्ति मै अड्किएको छ । अर्थात मानवहितको निमित्त उपकार, परोपकार गर्ने कार्यले धर्म, यश र कीर्ति सबै प्राप्त हुन्छ भन्ने जनधारणा सर्वत्र छ । त्यसैले धार्मिक तत्व केन्द्रविन्दूमा रहेर नेपाली समाजमा प्रारम्भ भएको समाजसेवाका कार्यहरु धर्मभन्दा बाहिरको क्षेत्रमा लाने काममा कीर्तिको ठूलो भूमिका छ ।

आफ्नो यश फैलियोस् र आफू मरेर गएपछि पनि नाम रहोस् भन्ने सोचाइको प्रतिफल समाजसेवाले संस्थागत स्वरुप गाँढेको छ । यस्तै सोचाई र भावनाको व्यापकताले गर्दा हरेक व्यक्ति आफ्नो कीर्ति राख्न केही न केही असल कार्य गरेर मर्न चाहन्छ । अर्थात भनौं आफ्नो जीवनकालमा एकपटक मावनहित वा परोपकारका लागि कुनै कार्य गर्न चाहन्छन् । यसलाई छोटकरीमा आफ्नो नाम राख्ने वा रहने आशामा मानिसहरुले गर्ने कार्य पनि भन्न सकिन्छ । यही कारण नाम वा यश स्थापित गर्ने तर्फको लालसा पनि गहिरिएको छ । २०५७ सालमा मार्टिन चौतारीले गरेको चन्दा-गुठीसम्बन्धी अध्ययनले भन्छ प्रायशः मानिसहरु मान/प्रतिष्ठानको आशामा, आफू सम्बद्ध कार्यको एक हिस्सा भएकोमा वा सरोकारवाला हुने विश्वासमा तथा भावनात्मक सम्बन्धका कारण सेवा गर्छन् (गौतम २०५७) ।

नेपाली समाजमा व्याप्त अर्को पक्ष नाम कमाउन पाउँ वा संसारमा प्रसिद्धि कमाउँ भन्ने लालसा पनि हो । यो नाम कमाउनको लागि समाजको हितमा केही गर्नु पर्छ भन्ने

---

१३ भैरहवाका उद्योगपति स्वर्गीय नथमल अग्रवाल र उनकी पत्नी गिनियादेवीको स्मृतिमा उनका छोरा र नातिहरुले नथमल गिनियादेवी ट्रस्टको नाममा स्थापना गरेको करिब ६० लाख लागतको भवनलाई उदाहरण स्वरुप लिन सकिन्छ (हेर्नोस् गोरखापत्र २०५६ख) ।

१४ विर्तामोड र वरिपरिका सडकमा भीख मागेर जीविकोपार्जन गर्ने हरिनारायण लुइँटेलले भीखबाट सञ्चित रकम विद्यालयको भवन निमार्णमा लगाएका थिए (गोरखापत्र २०५६क) ।

भावना पनि उत्तिकै छ, अर्थात कीर्ति त राख्नै पर्छ भन्ने सोचाई । नेपाली सामाजमा आदिकवि भानुभक्तको 'घाँसी' कविता कीर्तिको स्थापना गर्ने र प्रसिद्ध हुने विषयमा सबैभन्दा प्रभावशाली उदाहरण बनेर लामो समयदेखि प्रयोग हुने गरेको छ । यसरी सानै काम गरेर भए पनि आफ्नो नाम राख्न केही गर्ने भावनाको निरन्तरता स्वरुप आजसम्म पनि धेरै व्यक्तिहरु नामको पछाडि कुदिरहेको पाइन्छ । अनि नाम नै राख्न पनि सेवाको क्षेत्रमा केही गरिरहेका छन्, अर्थात समाजबाट मान प्रतिष्ठानको आशा राख्छन् । भूपालमान सिंह कार्कीले आफ्नै नाममा 'भूपालमान सिंह कार्की प्रतिष्ठान'को स्थापना गर्नु, मैयाँदेवी श्रेष्ठले 'ओम शान्ति मैयाँदेवी ट्रष्ट सेवा संस्था देवघाट' खोल्नु केही उदाहरण हुन जहाँ व्यक्तिले आफ्नो नामको प्रत्यक्ष प्रयोग गरेर समाजमा केही गरिरहेका छन् । यस्तो किसिमको प्रयास बाहेक आफ्नो मातापिता वा आफन्तको स्मृतिमा केही गर्न चाहनेहरुको समाजमा कमी छैन । नथमल गिनियादेवी ट्रष्ट, कृष्णप्रसाद कोइराला सेवा गुठी, कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी, सीता स्मृति कोष, मृगेन्द्र सम्झना चिकित्सा गुठी आदि यस्तै उदाहरण हुन् । अनि भूपालमान सिंह कार्कीले १ करोडको कोष स्थापना गरेर आफ्ना परिवारको विभिन्न सदस्यको नाममा १३ वटा पुरस्कारको स्थापना गर्नुले मान, प्रतिष्ठा र नाम राख्ने लालसाबाहेक अरु कुनै पनि कुराको सङ्केत गर्दैन ।

माथिका अधिकांश उदाहरणले तर के पनि बताउछ भने कीर्ति र यश राख्न पनि एक तहको लोभलाई त्याग्नु पर्छ । अझ काठमाडौँको मनमैजुका ज्यामी मानसिंह महर्जनले आफ्नो सञ्चित पैसाबाट गरेको स्कूल निर्माण वा झापाका भिखारी हरिनारायण लुइँटेलले विद्यालयलाई गरेको सहयोगबाट सेवा गर्न समर्पण चाहिन्छ पैसा होइन भन्ने कुराको पुष्टि गर्छ । त्यसैले कीर्तिसँग यसको सम्बन्ध हुँदाहुँदै पनि स्वयंसेवीभाव जहिले पनि नाम आर्जन गर्ने लालसा मात्र होइन, यो नेपाली समाजमा पाइने एउटा सहजप्रकारको स्वयंसेवी संस्कृति पनि हो । नेपाली गाउँ समाजमा हुने गरेका अन्य मानवीय सहयोगका अभ्यासले आम नेपालीमा इष्टमित्र, आफन्त र साथीभाइलाई सजिलैसँग सघाउने संस्कार भएको देखिन्छ । यसो हेर्दा माथिको कीर्ति राख्न चाहिने लालसा र स्वतःस्फूर्त आउने सहयोगको भावना एकआपसमा बाझ्ने कुरा त होइनन् जस्तो पनि लाग्न सक्छ । तर यी दुई कुरा एकअर्कालाई समर्थन गर्दै नेपाली समाजमा अभ्यस्त भएको पाइन्छ । त्यसैले कतिपय सन्दर्भमा यसको अन्तरसम्बन्ध सोचेभन्दा जटिल पनि छ । नेपालमा मानवीय विकास १९९८ मा लेखिएको स्वयंसेवासम्बन्धी सानो अङ्शले स्वयंसेवीको संस्कृतिलाई पुष्टि भने गरेको छः

> मानवीय विकासलाई बढावा दिने सामाजिक सक्रियताको एउटा पाटो लामो इतिहास र उच्च नैतिकता बोकेको स्वयंसेवी सहयोग हो । सन् १९६० को दशकसम्मको साक्षरता र शिक्षाको क्षेत्रमा भएको उपलब्धिको मूल आधार स्वयंसेवकहरु र स्वयंसेवी संस्कृति नै हो । अहिलेसम्म पनि साक्षरता र शिक्षा प्रदान गर्न, विरामीको हेरचार गर्न, सुत्केरी

र बच्चाको स्याहार गर्न निकै हदमा नातागोता, छिमेकी आदिले राजिखुशीसँग स्वयंसेवकको काम गर्छन् (नेदएके सन् १९९८: १०६) ।

## स्वयंसेवाका विभिन्न अभ्यासहरू

वर्तमान समाजमा स्वयंसेवी अभ्यासलाई तीन किसिमबाट वर्गीकृत गरेर व्याख्या गर्न सकिन्छ । पहिलो, साङ्गठनिक र गैरसरकारी क्षेत्रमा हुने गरेको स्वयंसेवी अभ्यास हो । सहज विश्लेषणको निम्ति राणाकाल वा त्योभन्दा अघि भएका साङ्गठनिक र समूहगत प्रयास र उदाहरणहरुमा भने सरकारी र गैरसरकारी अभ्यासलाई वेग्लै शीर्षकमा चर्चा गरिएको छैन । दोस्रो, नेपालमा स्वयंसेवी कार्यमा अन्तर्राष्ट्रिय संस्थाहरुले खेलेको भूमिका र स्वयंसेवाको अभ्यास र बुझाईमा पारेको प्रभाव हो । तेस्रो, स्वसंसेवी मूल्यमान्यता अभिवृद्धिको लागि सरकारी पक्षबाट भएको प्रयास हो । कतिपय अवस्थामा सरकारले उपलब्ध गराउने आधारभूत सुविधालाई समाजसेवाको नाम दिँदै पञ्चायत सरकारले यसलाई कसरी आफ्नो प्रचारप्रसारको माध्यम बनायो, कसरी समाजिक विकासलाई स्वयंसेवी राजनीतिमा परिणत गऱ्यो? आदि प्रश्नहरुको व्याख्या यस खण्डमा छ ।

## साङ्गठनिक र गैरसरकारी स्वयंसेवी अभ्यास

समूह र सङ्गठित प्रयासले नै नेपाली समाजमा स्वयंसेवी मूल्यमान्यता व्यापक हुन थालेको हो । यसरी सङ्गठिन प्रयासहरु विस्तारै सङ्गठनमा परिणत भए र यसले स्वयंसेवी संरचनाहरु पनि निर्माण गर्न थाल्यो । स्वयंसेवाका प्रयासहरु गैर सरकारी क्षेत्रको लागि धेरै मध्येको एउटा अभ्यास पनि बन्न थालिरहेको छ । हेरौ स्वयंसेवाका सङ्गठित अभ्यासहरु कसरी स्वयंसेवी संस्कार बनिरहेका छन् साथै गैर सरकारी संस्थाले सामाजिक विकासलाई कसरी प्रयोग गरिहेका छन् ।

### *स्वयंसेवी संस्कारको सङ्गठित आधारभूमि*

गुठी व्यवस्थाको विकासक्रम सँगसँगै समयसमयमा धर्मभन्दा बढी सामाजिक कार्यहरु तर्फ केन्द्रित भएर गुठीको स्थापना भएकै हो । मल्लकालको उत्तरार्द्धतिर चावहील र क्वाःबहालका शिलालेखहरुमा उल्लेख 'सेवा खलः' गुठीहरुलाई उदाहरणको रुपमा लिन सकिन्छ जसले माहामारी, प्राकृतिक प्रकोप, आगलागी र अन्य विपतमा पीडितहरुलाई सेवा पुऱ्याउने कार्यमा आफूलाई केन्द्रित राखे (सुन्दर २०५६) । तर पनि आफ्नो कार्यलाई विस्तार गर्दै लामो समयसम्म निरन्तरता प्रदान गर्न सफल १९७० सालमा गठित बेनिभोलेण्ट सोसाइटी गुठी र च्यारिटेवल सोसाइटी गुठीलाई नै समाजसेवाको क्षेत्रमा प्रारम्भिक सङ्गठनको श्रेय जान्छ । बेनिभोलेण्ट सोसाइटी गुठी बालबालिको शिक्षा, ब्रतबन्धलगायतका कामकाजमा केन्द्रित थियो भने च्यारिटेवल सोसाइटी गुठी

खानेबस्ने बन्दोबस्त नभएका बालबालिकालाई व्यवस्था मिलाउने र शिक्षा दिने कार्यमा तल्लीन थियो ।[१५] २०१९ सालमा समाजकल्याणसम्बन्धी पहिले भएका र नयाँ हुने कामहरु हेर्ने उद्देश्यले यी दुई गुठी गाभिएर बेनिभोलेण्ट च्यारिटेवल सोसाइटी गोस्वारको स्थापना भयो । २०२० सालमा गोस्वारा खारेज भयो र नेपाल बाल संगठनको स्थापना नहुञ्जेलसम्म बालबालिकाको जिम्मा महिला सङ्गठनले लियो । यसरी गोस्वारा र महिला सङ्गठन हुँदै नेपाल बाल सङ्गठनमा परिणत भएको बेनिभोलेण्ट र च्यारिटेवल सोसाइटी गुठी नै मानव उपकारको क्षेत्रमा लागेका पहिलो उल्लेख्य संस्था हुन् (टण्डन २०५२: १८-१९) । तर टण्डनले भने जस्तो बाल सङ्गठनसम्बन्धी कुनै पनि लेखनीमा यसको स्थापना बेनिभोलेण्ट र च्यारिटेवल सोसाइटी गुठी हुँदै भएको भन्ने पाइँदैन । राजा महेन्द्रले मुमा बडामहारानीको अध्यक्षतामा २०२१ सालमा नेपाल बाल सङ्गठनको गठन गरेको प्रमाण मात्र सबैतिर उल्लेख छ (सासेरासप २०४४; प्रसाई २०४५) । तर नेपालमा समाजसेवा पुस्तकमा सावित्री थापाले नेपाल बाल सङ्गठनको स्थापना २०१९ सालमा भएको उल्लेख गरेकी छिन् (थापा-जंगम २०३३: ३१), जुन गलत हो ।

त्यस्तै १९८३ सालमा स्थापित श्रीचन्द्र कामधनु चर्खा प्रचारक महागुठी (हाल नेपाल चर्खा प्रचारक गान्धी स्मारक महागुठी) अर्को उल्लेखनीय संस्था हो, जुन आजसम्म पनि निरन्तर चलिरहेको छ । चर्खाबाट निर्मित शुद्ध स्वदेशी कपडाको पहिरन, राष्ट्रियताको भावनामा ल्याइएको सफल जनचेतनाको लहर, साथै दीनहीन अनाथ बालबालिका र महिलाहरुको शिक्षामा यसले लामो सक्रियता देखाएको छ । गान्धी स्मारक माध्यमिक विद्यालय, महिला सिलाई प्रशिक्षण केन्द्र आदि संस्थाहरुको स्थापना पनि यस गुठीको अर्को उल्लेखनीय पक्ष हो ।

यसरी गुठीको माध्यमबाट समाजसेवा गर्ने इतरका कार्य मध्ये सर्वप्रथम २००० सालमा काठमाडौंमा फैलिएको हैजाको महामारीमा दयावीरसिंह कङ्साकारले नेतृत्व गरेको केही युवकहरुको समूहले परसेवाको भावनाबाट सहयोग पुऱ्याए । यसरी अनौपचारिक रुपमा प्रारम्भ भएको परोपकारी कार्य विधिवत रुपमा २००४ सालमा परोपकार संस्थाको नामबाट स्थापना भएको हो (न्यौपाने २०५४) । यो संस्थाको स्थापनाले नेपाली समाजसेवाको क्षेत्रमा एउटा अलग र नवीन मोड ल्यायो । आफ्नो सेवाको आधा शताब्दीभन्दा लामो इतिहासमा परोपकार संस्थाले एम्बुलेस सेवा र रक्तदान साथै परोपकार प्रसूति गृहको स्थापना र सञ्चालनसँगै स्वास्थ्य क्षेत्रमा उल्लेखनीय भूमिका पुऱ्याएको छ । साथै परोपकार अनाथलाय, परोपकार आदर्श

---

१५ महेश चन्द्र रेग्मी (सन् १९९९) का अनुसार राणा सरकारले यी दुबै गुठी गरीब बालबालिका लागि नभएर सरकारी र सेनामा रहेका उच्च ओहोदाका अधिकारीका बालबालिकाका लागि चलाएका थिए जसले तत्कालीन समयमा भएका अन्य गुठीलाई प्रयोग गर्न सकेका थिएनन् । पुनः एकपटक गुठीहरु कुनै उद्देश्य लिएर स्थापित हुन्थे र यसमा संलग्न मानिसहरु पनि कर्मचारी जस्तै हुन्थे, स्वतःस्फुर्त हुने स्वयंसेवी प्रयास यसको स्वरुप होइन भन्ने तर्कलाई यसले सघाउँछ ।

हाईस्कूल जस्ता संस्थाहरुको स्थापना, कीर्तिपुर, ललितपुर, भक्तपुर, बुटवल जस्ता शहरहरुमा परोपकार दान विभाग खोल्ने कार्यलगायत विभिन्न सेवाका गतिविधिहरु सञ्चालन गर्दै आएको छ । आफ्नो सेवा कालको विभिन्न कार्य र समयमा यो संस्थाले ठूलो सङ्ख्यामा स्वयंसेवकहरुको परिचालन पनि गर्दै आएको छ (न्यौपाने २०५४) ।

यसरी सम्बत् २०००को दशकमा अहिलेसम्म अस्तित्वमा भएका 'थारु कल्याणकारिणी सभा'[१६], 'नेपाल ब्वाइज् एण्ड गल स्काउट' (पछि यसको नाम 'नेपाल स्काउट' भएको) र मारवाडी सेवा समिति[१७] जस्ता समुदायमुखी मण्डलहरु पनि देखा परे । थारु कल्याणकारिणी सभा थारु समाजमा रहेका केही विहावारीका कुरीतिहरु हटाउनदेखि लिएर आर्थिक, सामाजिक र शैक्षिक हिसाबले थारु समुदायको उत्थानमा केन्द्रित थियो । साथै आफ्नो समुदायको सही तथ्याङ्क र भाषा साहित्यको विस्तारसँग देशको मूलप्रवाहमा थारुहरुको स्थान बनाउन कल्याणकारिणी सभा प्रतिवद्ध थियो । सम्पूर्ण तराईभरि आफ्नो शाखा विस्तार गरेर अझसम्म पनि थारुको पहिचान निमार्णमा कल्याणकारिणी सभा सक्रिय छ (गुनरत्ने सन् २००३) । नेपाल स्काउटले विशेष गरेर केटाकेटीहरुलाई स्काउटिङको तालिम दिने गरेको छ । विभिन्न कार्यक्रम, समारोह वा मेलामा नेपाल स्काउटका स्वयंसेवकहरुले सेवा पुऱ्याउदै आएका छन् । तर अर्कोतर्फ मारवाडी सेवा समितिको स्थापना मारवाडी समुदायले गरे पनि, यसले विगतका वर्षहरुमा अनाथ, असहाय, गरीब तथा रोगीहरु र दैवी प्रकोप पीडितहरुलाई सहयोग पुऱ्याउदै आएको छ, जसमा स्वयंसेवी प्रतिवद्धता व्यापक पाइन्छ (थापा-जंगम २०३३) ।

२००७ सालसम्मको नेपाली समाजसेवाका कार्यहरुमा मानव श्रम (जसको कुनै आधिकारिक लगत हामीसँग छैन) वा मानव सेवाको प्रयोग भएका आधिकारिक प्रमाणहरु ज्यादै नै न्यून छन् । केवल जग्गा र धनसम्पत्ति दान दिएर सहयोग पुऱ्याएका व्यक्तिको नामावली विभिन्न गुठी र सङ्घ-संस्थाका अभिलेखहरुमा पाइन्छ । नेवारी समाजमा मंकाः (खलः) गुठी पनि हुन्थ्यो जसमार्फत खेतीपाती र कृषिका अन्य कार्यहरुमा मात्र मानव श्रमको सामूहिक सहयोग नभएर घर निर्माण र अन्य आइपरेका समयमा पनि सहयोग हुने गर्दथ्यो (सुन्दर २०५६; तुलाधर सन् १९९७) । अनि थारुहरुको सामाजिक व्यवस्थामा, कुलो र सिंचाई निर्माण गर्ने कार्यमा र कृषि पद्धतिमा श्रम साटासाट गर्ने चलन पनि पाइन्छ (चौधरी सन् १९९७) । त्यस्तै विभिन्न महामारी र प्राकृतिक प्रकोप, आगलागी वा अन्य विपतको समयमा मानिसहरुबाट तत्काल राहत र सहयोग हुन्थ्यो भन्ने कुरा पनि निर्विवाद छ । साथै १९९० सालको भूकम्पको समयमा

---

१६ २००५ सालमा स्थापित यो सङ्गठन बीचमा धेरै वर्षसम्म निश्क्रिय थियो । हेर्नोस् गुणरत्ने (सन् २००३) र क्रउस्कोफ (सन् २००३) ।

१७ २००९ सालमा स्थापित नेपाल स्काउट र २०१० सालमा स्थापित मारवाडी सेवा समितिको थप जाकारीको लागि थापा-जंगम (२०३३) हेर्नोस् ।

पनि मानिसहरुले आफ्नो श्रम परसेवामा लगाएका थिए।[१८] यस्ता मानव समय र श्रमको सहयोग स्वयंसेवाका ती उदाहरणहरु हुन जहाँ सामाजिक संस्थाहरुको भूमिका ज्यादै नै न्यून छ । यसले के पनि पुष्टि गर्छ भने २००० सालको प्रारम्भिक वर्षहरुभन्दा पहिलेसम्म संस्थागत रुपमा स्वयंसेवकहरु परिचालित भएका तथ्यको अभाव छ । तर परोपकार संस्थाको स्थापना र समय समयमा त्यसले गर्ने स्वयंसेवक परिचालन नै नेपाली समाजमा भएको स्वयंसेवकहरुको संस्थागत प्रवेश हो । अवश्य पनि गुठी रकमीहरु पनि स्वयंसेवक नै हुन भन्ने अभिव्यक्ति नाजायज होइन । तर सम्बन्धित गुठीको प्रकृति अनुसार ती रकमीहरुको निश्चित पारिश्रमिक तोकिएको हुन्थ्यो भने तिनीहरुले तिर्जा[१९] उठाएर लिने चलन थियो । त्यसैले सेवा र लोकोपकारी भावना भन्दा बढी रै-रकमीहरु सम्बन्धित गुठीको ऐन कानूनले बाँधिएका हुन्थे । गुठीप्रति उत्तरदायी हुन उनीहरु मजबुर थिए । त्यसैले स्वतःस्फूर्त यी कार्यहरु गर्ने मनसुबा र सेवाभावले तिनीहरु सक्रिय थिए भन्ने अवस्था देखिँदैन । तोकिएको काम नगर्दा गुठीले कडा कारवाही गर्ने त्रास पनि सँगै थियो।

केवल स्वयंसेवाको अभ्यासलाई कुनै संस्थामार्फत श्रीगणेश गर्नु यहाँसम्मको यात्राको उल्लेखनीय पक्ष हो । यसरी संस्थाहरु पनि विस्तारै बढ्दै जानुले स्वयंसेवाको क्षेत्रमा अविस्मरणीय योगदान पुऱ्याएको छ । सङ्घसङ्गठनको विस्तारसँगै कीर्ति र यशको नाममा चौतारी, कुवा, पाटीपौवा, धर्मशाला आदिको स्थापनामा ठूलो जनसमुदायको सक्रियता पाइन्छ । यी प्रयासहरु जसरी स्वतःस्फूर्त र निरन्तर तवरमा निमार्ण हुँदै आएको छ यसबाट स्पष्ट हुन्छ समाजमा स्वयंसेवाको जड गहिरो छ । यो जडलाई निरन्तरता दिन पछिल्लो समयमा सामाजिक विकासको नाममा गैरसरकारी संस्थाहरु कस्सिएर लागिपरेका छन् ।

## *स्वयंसेवकमार्फत सामाजिक विकास र गैरसरकारी संस्था*

सरकारी र निजी स्वामित्व इतरका सम्पूर्ण सङ्घ-संस्थाहरु नेपालमा गैरसरकारी संस्था (गैसस)का रुपमा परिचित छन् । त्यसैले सामाजिक विकासको क्षेत्रमा कार्यरत गैर

---

१८ दयावीरसिँह कंसाकार र परोपकार संस्थाको उदाहरण अघि पनि परिसकेको छ । डा. डिल्लीरमण रेग्मीको ८२ शुभजन्मत्वस सञ्चालन समितिले सानो पर्चाको रुपमा निकालेको 'डा. डिल्लीरमण रेग्मीको संक्षिप्त जीवनी' अनुसार उनी पनि १९९० सालको भूकम्प-स्वयंसेवकहरुको समूहमा निकै सक्रिय भएर उद्धार कार्यमा संलग्न थिए । पछि यही स्वयंसेवक साथीहरुसँगको कुराकानी र छलफलबाट उनको राजनीतिक जीवनको शुरुआत भयो । यस्तै उद्धार कार्यमा अरु पनि निकै व्यक्ति र समूह सक्रिय थिए । 'भूकम्प-सेवक दल' मा करिब १५० स्वयंसेवक, 'महाराज सर्भेण्ट सोसाइटी' मा करिब ५० व्यक्ति, र 'जुद्ध-सेवा-संघ' मा पनि तुलनात्मक रुपमा थोरै व्यक्तिहरु औषधि उपचारदेखि प्रकोप व्यवस्थापन, पीडितहरुको तत्काल राहतदेखि अन्य आर्थिक प्राविधिक सहयोगसम्मका कार्यमा संलग्न भई सेवा पुऱ्याएको प्रमाण पाइन्छ (राणा २०४१: १२९-३५)।

१९ जागीर वापत जग्गाबाट जिन्सी उठाएर खान पाउने जग्गाको रसिद ।

नाफामुखी सबै सङ्घसंस्थाहरु गैसस हुन् । यही कारण स्वयंसवी सङ्घ-संस्थाहरुको प्रकृति र कार्य बुझ्न संक्षिप्तमा गैससको विकासक्रम बुझ्नु आवश्यक हुन्छ ।

नेपालमा गैससको जन्म विकासको कार्यक्रमसँगै भित्रिएको हो । सर्वप्रथम २००८ सालमा ग्रामीण क्षेत्रहरुलाई सुदृण तुल्याउने उद्देश्यले सरकारी तवरबाट त्रिभुवन ग्राम विकास अभियान परिचालन गरियो।[२०] तर सामाजिक र स्वयंसेवी सङ्घसंस्थाको आवश्यकता भने चौथो पञ्च वर्षीय योजना (२०२२-२०२७ साल) लागू गरिसके पछि मात्र महसुस गरिएको हो।[२१] गैरसरकारी संस्थालाई विकास गर्ने नीति छैटौं पञ्च वर्षिय योजना (२०३३-२०३८) मा मात्र समावेश गरिएको थियो । अनि आठौं योजना (२०४९-२०५४) मा गैससको विस्तार, यसका संगठनात्मक स्वरुप, नीति-नियमको सरलीकरण, ग्रामीण क्षेत्रहरुमा सामुदायिक सेवासम्बन्धी संस्थाहरुको समावेश, साथै स्थानीय संस्थासँग समन्वय गर्दै कार्य गर्ने सर्तमा अन्तर्राष्ट्रिय गैससलाई पनि समावेश गर्ने कार्यक्रमको तर्जुमा भयो । यी विकासका योजनाहरु बाहेक यसै अवधारणालाई सघाउ पुग्ने हिसाबले समय-समयमा सङ्घसंस्था ऐन २०३४, सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको गठन २०३४ र २०३८ सालमा श्रम तथा समाज कल्याण मन्त्रालयको स्थापना, साथै समाज कल्याण ऐन २०४९ जस्ता प्रयासले पनि गैरसरकारी स्वयंसेवी सङ्घ-संस्था र सामाजिक विकासका गतिविधिलाई सहज वातावरणमा हुर्कने अवसर मिल्यो (सिलवाल सन् २००३) ।

ऐन कानून र कागजी वातावरण जति नै सहज भएपनि तत्कालीन नेपालमा सर्वसाधारणले स्वतन्त्र रुपमा चलखेल गर्ने सामाजिक-राजनीतिक अवस्था थिएन । यही कारण २०४६ सालभन्दा अघि नेपालमा गैसस उल्लेख्य सङ्ख्यामा थिएनन् । गएको एक दशकमा गैससको सङ्ख्यामा अचाक्ली बृद्धि भएको छ । मुख्य दुई कारणहरुले गर्दा सङ्घसंस्थाको सङ्ख्या चौपट्टै बढेको हो ।

पहिलो, देशमा आएको खुला वातावरण र कानूनी स्वतन्त्रताको परिणाम हो गैससको ठूलो सङ्ख्या । दोस्रो, आधुनिकीकरण सँगसँगै जटिल बन्दै गएको सामाजिक जीवन; सरकार र निजी क्षेत्रको गतिविधिले लाभदायी हुन नसकेको मानिसका खस्कँदो आर्थिक, सामाजिक र शैक्षिक स्थिति; न्यूनस्तरको सामाजिक जनजीनव; बढ्दो गरिबी र राज्यसँगको दूरीले सृजना गरेको असुरक्षा र पछौटेपनले गर्दा समाजमा तेस्रो स्वरुपलिएर

---

२० भूवन सिलवाल (सन् २००३: १३)ले आफ्नो पुस्तक १९७४-२००२ काउण्टिङ थ्री डिकेड्समा पी पी तिमिल्सिनालाई उल्लेख गर्दै त्रिभुवन ग्राम विकास अभियानलाई अमेरिका र भारतको सहयोगमा गरिएको पहिलो अभियान भनेर लेखेका छन् । तर युनाइटेड स्टेस्टस् ओभरसिज मिसनको नामबाट तत्कालीन समयमा प्रारम्भ भएको अमेरिकी अन्तर्राष्ट्रिय विकास सहायताको नेपालसम्बन्धी पुस्तकमा यो अभियान त्रिभुवन ग्राम विकास अभियान नभएर ग्रामीण विकास कार्यक्रमको रुपमा सञ्चालित थियो भन्ने बुझिन्छ (हेर्नोस् स्केरी र अन्य १९९२) ।

२१ विश्व केशर मास्केलाई स्रोतको रुपमा प्रयोग गर्दै भूवन सिलवाल (सन् २००२: १३) ले यो उल्लेख गरेका छन् ।

सेवा र विकासका कार्यहरुलाई गति दिन गैससको जन्म भयो, साथै प्रभाव पनि बढ्यो । त्यसैले मानवीय जीवनसँग सरोकार राख्ने सम्पूर्ण क्षेत्रमा गैससको उपस्थिति भेन्टिछ । यही कारणले गर्दा पनि गैससहरुको क्षेत्र विशाल र व्यापक हुँदै गहिरहेको हो ।

२०५९ भदौ मसान्तसम्म समाज कल्याण परिषद्सँग आवद्ध भएका सामाजिक सङ्घ संस्थाहरुको सङ्ख्या १३,७५१ पुगेको छ । परिषद्को ऐन अनुसार जिल्ला प्रशासन कार्यलयमा पञ्जीकृत सामाजिक सङ्घ-संस्थाहरुलाई परिषद्मा आवद्ध हुनु अनिवार्य छ । तर व्यवहारमा यसको कार्यान्वयन भएको छैन । त्यसैले नेपाल अधिराज्यभर जिल्ला प्रशासन कार्यालयमा मात्र करिब ३५ हजार सङ्घसंस्था पञ्जीकृत भएको अनुमान गरिन्छ । यस बाहेक पञ्जीकृत नगरिएका संस्थाहरुको सङ्ख्या पनि मनग्य हुनु पर्छ । यसमध्ये स्थानीय स्तरमा भएका अधिकांश संस्थाले स्वयंसेवकहरुको प्रयोग पनि प्रशस्तै गर्दै आएका छन् । साथै धेरै त्यस्ता संस्थाहरु पनि छन् जो प्रवृत्तिले स्वयंसेवी छन् वा जसको प्राथमिक उद्देश्य र सम्पूर्ण कार्य नै स्वयंसेवीहरुको श्रम, सहयोग र समयमा निर्भर गर्छ । अनि सबै गैससहरु एउटै ऐन अन्तर्गत दर्ता हुने भएकोले यसमध्ये कति प्रतिशत सङ्घसंस्थाहरु स्वयंसेवी संस्था हुन् भनेर किटान गर्ने अवस्था छैन । केवल यी संस्थाले काम गर्ने क्षेत्र र यिनीहरुको साङ्गठनिक स्वरुपको आधारमा गैससभित्र स्वयंसेवी संस्थाहरुको प्रकृति अनुसार केही किसिममा विभाजन गरेर चर्चा गर्न सकिन्छ।[२२]

यसरी समुन्नत समाजको निमार्ण र सामाजिक विकासका निमित्त धेरै गैससहरु अस्तित्वमा आएका हुन् । ती गैससका स्वयंसेवी अभ्यासलाई ध्यान दिँदा स्थानीय समूह र सामुदायिक स्वयंसेवा; तलवी स्वयंसेवक; क्लबमार्फत हुने कल्याणकारी प्रयास र स्वयंसेवक; साङ्गठनिक र शहरी स्वयंसेवा; क्षणिक र तत्काल गरिने स्वयंसेवा, विविध स्वयंसेवी कार्य जस्ता शीर्षकहरुमा प्रस्तुत गर्न सकिन्छ ।

### *स्थानीय समूह र सामुदायिक स्वयंसेवक*

स्थानीय व्यक्तिहरुको समूह वा कुनै जाति विशेष वा समुदाय मिलेर सामाजिक हितका लागि कार्य गर्नु नेपाली समाजमा नौलो कुरा होइन । कुनै पनि सार्वजनिक हित वा सामाजिक चासोका विषयहरुमा गाउँघरका व्यक्ति र छरछिमेक मिलेर काम गर्नु सामान्य अभ्यास हो । धार्मिक, सामाजिक वा विकासका कार्यहरु गर्न समुदाय वा स-साना उपभोक्ता समूह निमार्ण गरेर कार्य गर्ने परम्परा पुरानो हो । विशेष गरेर कृषिमा पर्मा (आफू-आफूमा आलोपालो गरी एकले अर्काको काम गरिदिने चलन) र

---

२२ चैतन्य मिश्र (सन् २००१) का अनुसार नेपालमा सामुदायिक सङ्गठनहरुको परम्परा तुलनात्मक रुपमा लामो भए पनि स्थानीय, सदस्यता भएका, प्रजातान्त्रिक, साथै नागरिक अधिकार र स्वयंसेवी ढर्रामा स्थापना भएका गैससको इतिहास दुई दशकभन्दा लामो छैन । नागरिक अधिकार र स्वयंसेवी अवधारणा नितान्त नयाँ खोज हुन्।

रोपाँर (धान रोप्ने व्यक्तिहरु) भएर एकले अर्काका काममा मद्दत गर्ने चलन अहिलेसम्म पनि गाउँघरमा विद्यमान छ । पर्मालाई पश्चिमका गुरुङहरुबीच 'नोगर' र पूर्वका लिम्बूहरुबीच 'परेली' पनि भनिन्छ (भट्टचन र मिश्र सन् १९९७) । यस्ता विभिन्न चलनहरुमा आफ्नो सक्रिय उपस्थिति जनाउने व्यक्तिहरु स्थानीय स्वयंसेवक हुन् भन्ने कुरा निर्बिवाद छ । फरक यति मात्र हो, विभिन्न उपभोक्ता समूह र सामुदायिक स्वयंसेवक जस्तै यिनीहरु गैससका लागि त्यति चासोका विषय बनेका छैनन्।

आदिवासी समूहबाट आजभन्दा ५४ वर्ष अघि २००५ सालमा नै थारु कल्याणकारिणी सभा, २०१० सालमा तमाङहरुको बौद्ध समाज सुधार सङ्घ र २०११ सालमा पोखरामा थकाली समाज सुधार सङ्घ जस्ता केही उल्लेख्य संस्थाको स्थापना नभएका होइनन् । तर पञ्चायत वा त्योभन्दा अघिका शासकहरुलाई यस्ता समूह र प्रयासको प्रचार गर्नु न चासो रह्यो न आवश्यकता नै भयो।[२३] त्यसैले तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्ले प्रकाशन गरेका कुनै पनि पुस्तकमा यी विभिन्न समुदायका अभ्यासको चर्चा छैन । विभिन्न प्रकारका स्थानीय र सामुदायिक प्रायसहरुले लामो समयदेखि निरन्तरता पाइरहेका भए पनि एकप्रकार यी अभ्यासहरु ओझेलमा नै परिरहेका छन् । थकाली, गुरुङ जस्ता जनजाति समूहमा हुने ढिकुर समूह[२४], मगर समूहमा विभिन्न कर्मकाण्ड र अन्य सामाजिक-आर्थिक कार्यहरु गर्न बनेको 'भेजा' व्यवस्था र थारुहरुमा मानव श्रम साटासाट गर्ने कृषि तथा सिंचाईका अभ्यासहरु पनि स्थानीय स्वयंसेवी परम्परा कै नमुना हो (कृष्णबहादुर भट्टचन सन् १९९७; वसन्त भट्टचन सन् १९९७; चौधरी सन् १९९७) । साथै सेवा र आपसी सहयोग कै उद्देश्यले अस्तित्वमा आएका यी सबै स्थानीय अभ्यासहरुमा स्वयंसेवीभाव प्रचुर भएको बुझिन्छ ।

विभिन्न स्थानमा आमा समूहको सक्रियतामा हुने सडक, चौतारी, खानेपानी, सामुदायिक भवन निमार्ण आदि गतिविधि स्वयंसेवाको अर्को उत्तम नमुना हो (गौतम २०५७) । स्थानीय बासिन्दाहरुको अग्रसरतामा स्वावलम्बी नमुना गाउँको रुपमा आफ्नो छवि बनाउन सफल पुसुन्टारले स्वयंसेवकहरु जन्माएको छैन कसरी भन्ने

---

२३ पृथ्वी नारायण शाहको एकीकरणसँगै शाह कालमा जातीय विविधता र बहुलबादी अस्वित्वलाई एक भेष, एक भाषा र एक धर्मको नाममा कसरी ओझेलमा पारियो त्यसको व्याख्याको लागि हेर्नोस् भट्टचन (सन् २००१) । नेपाली भाषा, नेपाली राष्ट्रियता र नेपाली राष्ट्रिय संस्कृति निर्माण प्रकृयाको केन्द्रविन्दुमा भानुभक्त कसरी स्थापित भए ? सामाजिक संसाधन र अन्य सार्वजनिक क्रियाकलाप, अनेकौं सङ्घसंस्था र आम अवधारणा कसरी भानुभक्तलाई स्थापित गर्ने नेपाली राष्ट्रिय संस्कृति निर्माण प्रकृयाको सम्बाहक बने ? यो प्रकृयामा बाहुन-क्षेत्रीको बाहुल्य किन रहन गयो ? जस्ता प्रश्नहरुको विस्तृत ऐतिहासिक विश्लेषणको लागि हेर्नोस् वन्त (सन् १९९९) ।

२४ थकाली, गुरुङ, लोबा, तिब्वतीयन शरणार्थी र पश्चिम नेपालका भोटेहरुमा आफन्तबीच व्यापारिक गतिविधि बढाउने उद्देश्यले आर्थिक सहयोग गर्ने जातीय सङ्गठनसम्बन्धी लेखहरुका लागि हेर्नोस् भट्टचन र मिश्र (सन् १९९७) र शर्मा र मुल्मी (सन् १९९७) ।

(भट्ट २०५४) अनि विकास कार्यक्रम र स्थानीय श्रमको परिचालन गरेर ग्रामीण स्वावलम्बन कार्यक्रम अन्तर्गत ३४१ योजना सम्पन्न हुन सकेको प्रमाण पनि हाम्रो सामुन्ने छ (गोरखापत्र २०५४) । यी त केही उदाहरण मात्र हुन् । खोज्दै जाने हो भने यस्ता स्थानीय समुदायको सक्रियता, सहयोग, समय र श्रम प्रयोग गरेर अनगिन्ती कार्यक्रम देशका विभिन्न ठाउँमा भइरहेका छन् । फरक यत्ति हो धेरै स्थानीय गतिविधिहरुको राम्रो लगत र अभिलेख राख्न सकिएको छैन ।

यस्ता अभ्यास समाजमा निरन्तर चलिरहेका भए पनि स्थानीय समूह र सामुदायिक स्वयंसेवक भनेर प्रायः सामुदायिक वनका उपभोक्ता समूह (जसलाई स्वयंसेवक पनि भन्न सकिन्छ), शिक्षा, कृषि, स्वास्थ्य, धार्मिक वा अन्य सामाजिक क्षेत्रहरुमा काम गरिरहेका ग्रामीण समुदायमा केन्द्रित स-साना गैससका कार्यकर्ताहरुलाई नै बुझिने गरिएको छ । २००७ सालपछि नेपालमा विकासका अनेकौं कार्यक्रमहरु मार्फत सामुदायिक समूहको संलग्नता र लहर चल्न थालेको हो । सामुदायिक समूहको लहरले २०२० को दशकसम्म तीव्र रुप लियो । सन् १९८२ मा स्थानीय स्वायत्त शासन ऐन बनेपछि एकातिर ग्रामीण रुपमा सङ्घसस्थाहरुको स्थापना हुने क्रम प्रारम्भ भयो भने अर्कोतर्फ विकासका कार्यक्रमहरुमा स्थानीय उपभोक्ता समूहको चलपहल र शब्दको प्रयोग बढ्न थाल्यो । अनि विकासका प्रयास र अन्य सेवाका कतिपय अभ्यासहरुमा केही तात्विक भिन्नता नदेखिएपनि पछिल्लो एक दशकमा आएर स्थानीय विकासका कार्यक्रमहरुमा स्वयंसेवक शब्दको प्रयोग र व्यापकता बढ्न थालेको छ । यसरी विकासका गतिविधि र आयोजनाहरुमा तलवी स्वयंसेवकहरुको अभ्यास भित्र्याउने कार्यमा अन्तर्राष्ट्रिय गैससको भूमिका उल्लेख्य छ।[२५]

### *तलबी स्वयंसेवक*

विकासका कार्यक्रम र अवधारण सँगसँगै छिरेका गैरसरकारी सङ्घसंस्थाका स्वरुपहरुबीच तलबी कार्यकर्ताहरुको संलग्नता हुनु स्वभाविक नै हो । विभिन्न स्थानीय समूह र समुदायबाट सञ्चालित गैससमा आवश्यकता, परिवेश र परिस्थितिबीच स्वयंसेवक हुने अभ्यासहरु पनि देखा पर्न थाले । २०४६ सालपछि भने तलबी स्वयंसेवकको लहर नै चल्यो । गएको दशकमा देशभरि खुलेका गैसससँगै यो लहरले व्यापकता लिए पनि नेपालमा तलबी स्वयंसेवकको प्रयोग भने धेरै अघिदेखि हुँदै आएको हो । अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरुले नेपालमा तलबी स्वयंसेवकहरुलाई परिचालन गर्न थालेका हुन् भनेर माथि नै उल्लेख गरिसकिएको छ । हालका वर्षहरुमा गैससमा पनि व्यापक सङ्ख्यामा यस्ता स्वयंसेवकहरुको प्रयोग हुने गरेको अनुमान गरिन्छ ।

---

२५ अन्तर्राष्ट्रिय स्वयंसेवी प्रयासबारे यसपछिको खण्डमा चर्चा गरिएको छ ।

तलबी स्वयंसेवकलाई आधुनिक स्वयंसेवक पनि भन्न थालिएको छ । विकासे कार्यकर्ता, सम्बन्धित सङ्घसंस्थाको व्यवसायी वा कर्मचारीभन्दा धेरै फरक छैन तलबी स्वयंसेवकको अवधारणा । विभिन्न सामाजिक आन्दोलन (दलित मुक्ति आन्दोलन, जनजाति आन्दोलन, कमैया मुक्ति आन्दोलन, महिला आन्दोलन आदि)का कार्यकर्ता कुनै न कुनै हिसाबले आफू सम्बद्ध संस्थाका स्वयंसेवक भएको दाबी गर्छन् । यी व्यक्तिहरुको अधिकांश खर्च संस्थाले व्यहोरेको हुन्छ । साथै कतिपय अवस्थामा त संस्थाको नियम अनुसार यिनीहरुले पारिश्रमिक नभनिकन विभिन्न नाममा राम्रै आर्थिक सहयोग पनि पाउने गर्छन् ।

यी स्वयंसेवकहरु सामाजिक विकासका कार्यहरुमा संलग्न भएकाले यिनीहरुलाई विकासे स्वयंसेवक पनि भन्ने गरिन्छ । स्वयंसेवाको परम्परागत मान्यता अनुसार यी मानिसहरुले केही आर्थिक फाइदासँगै विभिन्न कार्य गरिरहेको हुनाले तलबी स्वयंसेवक भन्न हच्किनु पर्दैन । नेपालको वातावरण आन्दोलनमा सक्रिय एक्सप्रोर नेपालसँग आवद्ध स्वयंसेवकहरु तलबी स्वयंसेवहरु हुन् । त्यस्तै सामूहिक अभियानले पनि राष्ट्रिय विकास स्वयंसेवक सेवा[२८]ले जस्तै ग्रामीण र स्थानीय विकासको लागि तलबी स्वयंसेवकसँग काम गर्दै आएको छ । राष्ट्रिय स्वयंसेवक कार्यक्रम भनिएको यस योजनामा भर्खर विश्वविद्यालयबाट स्नातक र स्नातकोत्तर उत्तीर्ण विद्यार्थीलाई तुलनात्मक रुपमा थोरै पारिश्रमिकमा १८ महिना गाउँमा परिचालित गरिन्छ । त्यसैले यो कार्यक्रम अन्तर्गत व्यवसायको क्षेत्रमा आलो रहेका व्यक्तिहरुले सानो तलबमा वा आफ्नो बजार भाउँ थोरै राखेर गाउँमा जागीर गर्छन् पनि भन्न सकिन्छ । अवश्य थोरै पैसामा यसरी गाउँमा गएर काम गर्न तयार हुनुमा स्वयंसेवी चाहना वा निर्णयको भने महत्वपूर्ण भूमिका छ । सरकारी र अन्तर्राष्ट्रिय 'वाइलेटरल' संस्थाले स्वयंसेवकलाई विकासका कार्यहरुमा प्रयोग गर्ने अभ्यास पुरानो भए पनि गैससले यस्ता प्रयोग भर्खर गर्न थालेका हुन् ।

### *क्लबहरूमार्फत हुने कल्याणकारी प्रयास र स्वयंसेवा*

विभिन्न कल्याणकारी कार्य गर्ने दौडमा क्लबहरु पनि निकै नै अगाडि मानिन्छन् । खास गरी दैवी प्रकोप र अन्य भइपरी आउने आपतविपतको समयमा पीडितहरुलाई उद्धार गर्न र तत्काल राहत पुऱ्याउन अग्रसर छन् क्लबहरु । तर यी स्वयंसेवी संस्थाहरु खेलकुदको संसारमा बढी रमाएका छन् । अधिकांश क्लबहरु मुख्यतः आफ्नो टोलसमूहमा खेलकुद आयोजना गर्न र त्यसपछि मात्र यसो स-सानो स्तरमा समाजसेवा गर्नमा तलिन छन् । लायन्स, रोटरी र जेसीस बाहेक नेपालमा एउटा पनि यस्ता क्लब सुन्न वा देख्नमा आएको छैन जसको शाखा क्लबहरु देशको विभिन्न भागमा होस् । साथै त्यस्तो पनि क्लब छैन जसको श्रेष्ठता, यश र कीर्ति देशभरि फैलिएको होस् । आफ्नो ब्राण्ड

---

२८ राष्ट्रिय विकास स्वयंसेवक सेवाको व्याख्या यो पछिको अर्को खण्डमा गरिएको छ ।

स्थापना गर्ने र देशभरि सञ्जाल निमार्ण गर्ने कार्यबारे यी क्लबहरुले सोच्न भ्याएका छैनन् वा सोचे पनि केही गरिरहेका छैनन् भन्ने कुराको यो राम्रो प्रमाण हो । सञ्जालको पक्षबाट भौगोलिक क्षेत्रमा फैलनु महत्वपूर्ण हुन्छ । तर आर्थिक अवस्थाको कारणले स्थानीय क्लबहरु यसो गर्ने अवस्थामा नहुन सक्छन् ।

स्थानीय स्तरबाट नै निमार्ण भएका र कुनै पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्था वा समूहसँग आवद्ध नभएका क्लबहरुको सङ्ख्या मनग्गे छ । तर पनि क्लबहरुको सन्दर्भ र चर्चा आउँदा जसले पनि लायन्स र रोटरीलाई नै सम्झने गर्दछ । नेपालका अन्य स्थानीय क्लबहरुको तुलनामा लायन्स र रोटरी आर्थिक रुपले ज्यादै सक्षम हुनाले पनि यी क्लबहरुको यश र कीर्ति व्यापक हुनमा सघाउ पुगेको हुन सक्छ ।

देशभरि रहेका लायन्स, रोटरी र जेसिस क्लबहरुले सामाजिक विकासका लागि मुख्यतः स्वास्थ्य, शिक्षा र मानव सम्साधनको क्षेत्रमा कार्यरत छन् । तीनवटै क्लबहरु धर्मप्रचार, राजनीति र जातिवाद इतरका क्षेत्रहरुमा सेवा पुऱ्याउन र आफ्नो संलग्नता जनाउन उदार छन् । हुन त लायन्स अन्धोपन निवारण गर्न 'साइट फस्ट' को मुख्य नारा लिएर स्वयंसेवा गरिरहेको छ भने रोटरीको मुख्य कार्यक्षेत्र पोलियो रहित समाज निमार्ण गर्नुमा केन्द्रित छ । त्यस्तै जेससीले भने मानवीय र नेतृत्व विकासलाई बढी जोड दिँदैआएको छ । आफ्नो मुख्य कार्यक्षेत्र बाहेक पनि विभिन्न स्थान, समय, सदस्यहरुको रुचि र स्थानीय समाजको आवश्यकता अनुसार समाजका विभिन्न क्षेत्रहरुमा यी क्लबहरुले सेवा पुऱ्याउदै आएका छन् । यी क्लब र सदस्यहरुको प्रत्येक वर्ष बढ्दै गएको सङ्ख्याबाट पनि स्पष्ट हुन्छ समाजमा यसप्रति मानिसहरुको आर्कषण ठूलो छ ।

२०२९ सालमा मातृकाप्रसाद कोइरालाले स्थापना गरेको लायन्स क्लब अफ विराटनगर नै नेपालको पहिलो लायन्स क्लब हो । ३० वर्षको आफ्नो इतिहासमा २०५९ साल भदौसम्म नेपालमा २०० को हाराहारीमा लायन्स क्लब र करिब ५००० सदस्य छन् । क्लबले प्रयोग गर्ने प्राविधिक भाषामा लायन्स क्लबको एउटा डिस्ट्रिक र दुइटा मल्टिपल छ।[२७] डिष्ट्रिक क्लबले अमेरिकामा अवस्थित लायन्स फाउण्डेसनबाट आफ्नो मातहतमा हरेक वर्ष २० करोड डलरसम्मको प्रोजेक्ट सञ्चालन गर्न सक्ने भएकोले क्लबहरुको सङ्ख्या बढाउनमा लायन्स सदस्यहरुले चासो देखाउनु स्वभाविक देखिन्छ । फरक के छ भने कुनै पनि क्लबले प्रोजेक्ट मागेमा पहिला दशदेखि पच्चिस प्रतिशत रकम स्थानीय स्तरमा नै उठाउनु पर्छ अनि मात्र बाँकी रकम फाउण्डेसनले सहयोग गर्छ । केवल प्रतिशत फरक हो तर रोटरीलाई पनि सम्बन्धित क्लबको फाउण्डेसनले यस्तै नीति अनुसार नै आर्थिक सहयोग गर्ने गर्छ ।

२७ एउटा डिस्ट्रिक हुन त्यस क्लब अन्तरर्गत २०० वटा क्लब हुनु पर्छ । त्यस्तै एउटा मल्टिपलको मातहतमा भने १०६ ओटा क्लब रहने गर्छ ।

यी तीनवटै क्लबहरुमा सदस्य बन्न राम्रै आर्थिक हैसियत भएका मानिसहरुले मात्र सक्छन् । अमेरिकामा अवस्थित आफ्नो सरोकारको मुख्यालयलाई बुझाउने रकम निश्चित भएपनि सबै क्लबले आफ्ना सदस्यहरुसँग लिने वार्षिक शुल्क क्लब अनुसार फरक हुने गर्छ । वर्षमा कम्तिमा पनि १५-२० हजार खर्च गर्न नसक्ने मानिसहरु यी क्लबहरुको सदस्य बन्ने अवस्था छैन । रोटरीको तुलनामा लायन्स र जेसिसको वार्षिक शुल्क कम हुने गर्छ । त्यसैले पनि २०१५ सालमा किरण सम्शेर जबराको सक्रियतामा रोटरी क्लब अफ थापाथलीसँगै पहिलो रोटरी क्लब नेपालमा स्थापना भएको करिब ४४ वर्षको इतिहासमा मात्र ४१ वटा थप क्लब स्थापना भएका छन् । अर्कोतर्फ ३० वर्षको छोटो समयमा लायन्स क्लबहरुको सङ्ख्या २०० भन्दा बढी पुगिसक्यो । अनि करिब ३८ वर्षको अवधिमा नेपाल जेसिसका ८७ वटा शाखा छन् ।

चाहे यी मध्ये जुनसुकै क्लब हुन दुइटा तथ्य भने स्पष्ट छ । पहिलो, पछिल्लो मानव विकास प्रतिवेदन अनुसार सरदर १४,८२० रुपैया (१९० डलर) वार्षिक आम्दानी रहेको नेपालमा माथि उल्लेख गरे जति वार्षिक शुल्क तिरेर स्वयंसेवक बन्ने मानिसहरुको प्रतिशत अति नै न्यून भएको अनुमान गर्न सकिन्छ । तर भनिन्छ यी क्लबहरुबाट सदस्यहरुले लगानी गरेकाभन्दा बढी फाइदा लिने अवसर र सम्भावना हुन्छ । त्यसैले केही पैसा हुने र यी क्लबहरुले कसरी सञ्चालन गर्छन् भनेर बुझेका मानिसहरु सजिलै सदस्य बन्ने गर्छन् । दोस्रो, 'स्वयंभन्दा माथिको सेवा', 'हामी सेवा गर्छौं', लगायतका आकर्षक नारा लिएका यी क्लबले आफ्नो आदर्श अनुसार सेवा पुऱ्याइरहेका छैनन् । एकातिर गरीब, निमुखा र समाजमा पछाडि परेका वर्गको लागि सेवा पुऱ्याउने बचनबद्धता यी क्लबको छ भने अर्कोतर्फ सामाजिक र आर्थिक रुपमा सामाजमा टाढिएका समूहलाई यिनै क्लबहरुले समावेश गरेर लानसक्ने अवस्था छैन । आर्थिक रुपमा अलि सम्पन्न र हैसियत भएका मानिसहरु मात्र सदस्य बन्ने भएकोले पनि स-साना कामहरु गर्न यस्ता क्लबहरुले गरिरहेको खर्च र सेवाको नाममा हुने गरेको दाबीबीच दूरी विशाल छ।[२८] स्वयंसेवा गर्न पाइन्छ भनेर पाटन रोटरीका सदस्य बनेका मानवशास्त्री विहारीकृष्ण श्रेष्ठले त्यहाँ रोटरिएनहरुको तुच्छ चरित्र देखेर विरक्तिएपछि छोटो समयमा नै सदस्यता त्यागे । श्रेष्ठ अहिले पनि 'टेवा'का नियमित चन्दा दाता

---

२८ अङ्ग्रेजी दैनिक पत्रिका द हिमालयन टाइम्स को तेस्रो पानामा आउने 'इङ्गेजमेण्ट्स' मा 'सोसियल इभेण्ट' भनेर प्रायः हरेक दिन कुनै न कुनै क्लबहरुको हरेक हप्ता राजधानीको ठूलो होटलमा हुने भेटघाटको सूचना आउने गर्छ । २०५९ चैतको १९, २०, २१ र २४ गतेको द हिमालयन टाइम्समा पशुपती क्लब, चारुमति क्लब, काष्ठमण्डप क्लब र पाटन क्लब जस्ता रोटरी क्लबको साप्ताहिक भेटघाट क्रमशः एभरेष्ट होटल, द्वारिक होटल, होटल रेडिसन र नारायणी होटलमा भएको पाइन्छ । यी भेटघाटको नाममा यस्ता स्टार होटलमा गरिने फुजुल खर्चले त यी क्लबहरुले दाबी गरेको सार्वजनिक वर्गको ठूलै सहयोगलाई बेहोर्न सक्छ । तर यी अधिकांश क्लबहरु यस्तो गर्न चाहदैनन् र आफ्नो भोक विलासको संसारमा नै रमाउन रुचाउँछन् । समाजसेवाको ढोङ्ग पिट्नु नै यी क्लबहरुको काम हो भन्ने कुराको राम्रो पुष्टि यहाँ उल्लिखित होटलका नामहरुले राम्रोसँग दिन्छन् ।

हुन् । साथै फुर्सद भएको समयमा पशुपति बृद्धा आश्रममा पनि आफ्नो समय दिने गरेका छन् । उनको विचारमा, 'अधिकांश रोटरिएनहरु पैसा भएका तर इज्जत र चरित्र नभएका व्यक्तिहरु हुन्।' समाजसेवाको नाममा रमाइलो गर्नु र बाहिरी दुनियाँलाई तोकभ्कोक देखाउनु नै यी क्लबहरुको काम हो भन्ने विचार काठमाडौंको विभिन्न क्षेत्रमा ज्यादै नै सक्रिय रहेका स्वयंसेवक वसन्त रञ्जीतकारको पनि छ । विभिन्न स्वयंसेवाका कार्यहरु यी क्लबका सदस्यहरुबाट भएको तथ्य श्रेष्ठ र रञ्जीतकार जस्ता समाजसेवीहरु स्वीकार्न तयार भएपनि समाजसेवाको नाममा यी क्लबहरुले गर्ने आर्थिक रजाइँदेखि अधिकांश व्यक्तिहरुलाई आपत्ति छ । श्रेष्ठ र रञ्जीतकारको विचारसँग सहमत जमात युवा अभियानले २०५९ भदौमा मार्टिन चौतारीमा आयोजना गरेको 'स्वयंसेवा र युवाहरुको संलग्नता' विषयक छलफलमा पनि थिए ।[२९]

ज्यादै नै सीमित आर्थिक र स्थानीय स्रोतको भरमा पनि स्वयंसेवा गर्न सकिन्छ भनेर न्यून आर्थिक हैसियत भएका व्यक्तिहरुका उदाहरणीय कार्यले देखाएको छ । देशका विभिन्न भागमा स्थापित क्लबहरु पनि सीमित स्रोतमा सक्रिय अर्को उदाहरण हो । उदाहरणको लागि महुवन, पर्साको अरुणोदय युवा क्लबलाई लिन सकिन्छ जसले स्थानीय जनजीवनको माग र आवश्यकता अनुसार सामाजिक उत्थानमा राम्रो भूमिका खेलेको छ (पराजुली २०५४) । यसरी विना तोकभ्कोक थोरै स्रोत र सानो रकममा पनि असल कुराहरु प्रभावकारी तवरमा गर्न सकिन्छ भनेर अघिल्लो अनुच्छेदमा क्लबका गतिविधिदेखि असन्तुष्ट रहेका व्यक्तिहरुको भावना र विचारलाई पनि यस्ता उदाहरणहरुले समर्थन र पुष्टि गर्दछन् । भीखबाट सङ्कलित कमाइँले स्वयंसेवा गरिरहेका अपाङ्ग हरिनाराण लुइँटेल (गोरखापत्र २०५६क) र मनमैजुका ज्यामी मानसिंह महर्जन (रुपाखेती २०५७) त्यस्ता न्यून आर्थिक हैसियत भएका समाजसेवी हुन् जसका कार्यहरुभन्दा पृथक काम गरेर नेपाली समाजमा क्लबहरुले केही सावित गरेका छैनन् । त्यसैले पनि श्रेष्ठ र रञ्जीतकारको तर्कलाई जायज मान्नुपर्छ । अनि विभिन्न ग्रामीण भागमा माथि उदाहरणमा आएको अरुणोदय क्लब जस्ता सफल तर चर्चा र प्रचारमा नआएका क्लबहरुमा अवश्य धेरै मानिस कार्यरत होलान् जो स्वयंसेवक पनि छन् र नितान्त कटिवद्ध पनि । समाज कल्याण परिषद्मा दर्ता भएका गैरसरकारी संस्थाहरुको नामावली हेर्दा पनि यो अनुमान गलत होइन भनेर भन्ने आधार हामीसँग छ ।[३०] विशेषगरि कुनै प्रकारका विदेशी सहयोग वा परिषद्बाट आर्थिक सहयोग वेगर सामाजिक सेवाका क्षेत्रहरुमा संलग्न यस्ता क्लब र स्वयंसेवकहरुबारे ठोस र भरपर्दो

---

२९ युवा अभियानले युवाहरुको सरोकारका विषयमा २०५८ मागदेखि १५ दिनमा एक पटक शनिबार मार्टिन चौतारीमा छलफल आयोजना गर्दै आएको थियो । बीचमा केही समय मूल्याङ्कनको लागि स्थगित गरिएको यो छलफल फेरि हरेक हप्ता शुक्रबार हुन थालेको छ।

३० सेप्टेम्बर १९९९ मा समाज कल्याण परिषद्बाट प्रकाशित परिषद्सँग सम्बद्ध गैरसरकारी सङ्घ-संस्थाहरुको सूची ।

लगत केही पनि छैन । तर सानो र सीमित क्षेत्रमा प्रभाव कायम गरेर राम्रो काम गरिरहेका क्लब र स्वयंसेवकको सङख्या राम्रै हुनुपर्छ भन्ने अनुमान धेरै मानिसहरुको छ ।

### *साङ्गठनिक स्वरूप र शहरी स्वयंसेवा*

साङ्गठनिक रुपमा स्वयंसेवकहरुको परिचालन र शहरी स्वयंसेवा दुई अलग कुरा हुन् । तर यी दुईबीच स-साना भएपनि तालमेल भएकोले यसलाई सँगै चर्चा गर्न खोजिएको हो ।

समाजमा स्वतःस्फूर्त रुपमा स्वयंसेवाका कार्यहरु भएका तथ्य र इतिहास लामो भए पनि नेपालमा स्वयंसेवकहरु परिचालन गर्ने संस्थागत प्रयासहरुको भने अभाव छ । परम्परा, संस्कार, धर्म, कीर्ति, उपकार, सेवाभाव, भलो, दान, चन्दा र सामाजिक उत्तरदायित्वका दृष्टिकोण भएका असङ्ख्य सानाठूला प्रयासहरुको माथि धेरै चर्चा गरिसकिएको छ । तर केवल स्वयंसेवक परिचालन गरेर सामाजिक सेवा, विकास र परिवर्तलाई निरन्तरता प्रदान गर्ने सङ्गठनहरुमा ‘टेवा’ नमुना संस्था हो । हुन त सामूहिक अभियान, एक्का (ECCA), काठमाडौं २०२०, लिडर्स नेपाल जस्ता केही अरु पनि गैरसरकारी संस्थाहरु छन् जसले स्वयंसेवक उत्पादन गर्नमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । तर यी संस्थाका कार्यक्षेत्र भनेको सम्पूर्ण काम स्वयंसेवी कार्यको रुपमा गर्नु होइन अनि स्वयंसेवक उत्पादन गर्नु पनि होइन । त्यसैले अन्य काम भएका यी संस्थाहरु स्वयंसेवक उत्पादन वा परिचालन गर्नमा मात्र सीमित छैनन् ।

अकोतर्फ नेपाली समाजमा लोकोपकारी कार्यमा गरिने सेवाका अभ्यासभन्दा धेरै पृथक प्रवृति अनुसार सङ्घसंस्थाहरुमा नै स्वयंसेवक काम गर्न रुचाउने जमात बढ्दै छ अचेल । अर्थात विशेष गरेर काठमाडौंको चर्चा गर्दा विभिन्न संस्थामा विशेष सहकार्यको नाममा, निःशुल्क सेवा दिने बहानामा साथै अनुभव बटुल्ने उद्देश्यले, र विद्यार्थीहरुले आफ्नो छुट्टिको समय सदुपयोग गर्ने मनसुबामा विभिन्न स्वयंसेवी कार्यहरु हुने गरेको पाइन्छ । यिनै कारणले गर्दा स्वयंसेवी कार्यले व्यावसायिक रुप लिन खोज्दै छ । एक्का, एक्सप्लोर नेपाल, सिविन, माइती नेपाल आदि यसैकोटीका संस्थाहरु हुन जहाँ माथिका मध्ये कुनै एक प्रकारका स्वयंसेवकहरु कार्यरत हुन्छन् । माइती नेपाल, सिविन लगायतका संस्थामा इन्टर्नसीप गर्ने तन्नेरीहरु पनि संलग्न भएको पाइन्छ । सम्बन्धित संस्थाहरुले इन्टर्नलाई स्वयंसेवकको रुपमा हेरे पनि यो नितान्त फरक कुरा र अभ्यास हो । तर शैक्षिक आवश्यकता र आदेश पूरा गर्न इन्टर्नसीपको अभ्यासमा दुइटा पक्ष भेटिन्छ । विद्यार्थीहरुका लागि त्यो आफ्नो शैक्षिक आवश्यकता र व्यवहारिक ज्ञान बटुल्ने माध्यम हो । अनि सङ्घसंस्थाले यो कार्यलाई थोरै समयको लागि भए पनि आफ्ना स-साना काम गराउन स्वयंसेवक फेला पारेको अवसरको रुपमा प्रयोग गरेको पाइन्छ । यस्ता विभिन्न अभ्यासहरुले गर्दा एकातर्फ स्वयंसेवाले संगठनहरुमार्फत संस्थागत स्वरुप

धारण गर्दै जाने वातावरण बन्दै छ भने अर्कोतर्फ आफ्नो विद्यार्थी वा व्यवसायिक जीवनमा निश्चित समयको लागि स्वयंसेवक हुने मानिसहरुको सङ्ख्या पनि बढ्दै छ ।

**तालिका १ः आर्थिक स्रोत सङ्कलन गर्न टेवाद्वारा परिचालित स्वयंसेवक**




स्रोतः टेवा

साङ्गठनिक स्वरुप निर्माण गर्दै स्वयंसेवक परिचालन गर्नमा टेवाले निभाउँदै आएको भूमिका उल्लेखनीय छ । हुन त विगत ६ वर्षमा टेवाले जम्मा २४८ स्वयंसेवकहरु परिचालन गरेको हो (तालिका १) । तर कुन समूहबाट टेवाका स्वयंसेवकहरु छानिन्छन्? ती स्वयंसेवकहरुको श्रम के काममा प्रयोग गरिन्छ र त्यसको सदुपयोग कसरी हुन्छ भन्ने पक्ष अति नै उत्साहप्रद छ । मानव स्रोतको रुपमा छनौट गरिने स्वयंसेवक र यिनीहरुको सहयोगमा सङ्कलन गरिने आर्थिक स्रोतको एउटा साझा पक्ष हो स्थानीय स्रोत । अझ गृहिणी महिला स्वयंसेवकहरुको रुपमा टेवाले त्यस्तो समूह र स्रोतलाई प्रयोगमा ल्यायो जसको श्रम केवल घरको चारदिवारमा नै सीमित थियो । यसले एकातिर ती महिलाहरुमा आत्मविश्वास बढेको छ भने अर्कोतर्फ कुनै पनि संस्थाले उदाहरणीय कार्यको लागि ध्यान नपुर्‍याएको समूहलाई चुस्तसँग सही प्रयोगमा टेवाले ल्याएको छ । आफूमा भएको केही ज्ञान र सीपको असल सदुपयोग भएकोमा टेवाका स्वयंसेवकहरु पनि उत्साही देखिन्छन्।[३१] साथै देशभित्र नै सामाजिक सुधारका लागि चन्दा उठाउन सकिन्छ भन्ने तथ्यलाई टेवाले अझ सार्थक तुल्याएको छ । अनि स्वयंसेवकहरुको सक्रियतामा सङ्कलित चन्दाको पारदर्शी विनियोजनले पनि यसमा लागिपर्ने सबैलाई हौसला प्रदान गरेको छ । फरक के मात्र हो भने प्रारम्भिक

३१ टेवाका स्वयंसेवकहरुसँग गरिएको सामूहिक छलफलको आधारमा यो लेखिएको हो ।

वर्षका तुलनामा पछिल्ला वर्षहरुमा आएर यसका चन्दादाताहरु घट्दै छन् । ती चन्दादाताहरुलाई स्थापित गराउन नसक्नु साथै प्रत्येक वर्ष उल्लेख्य सङ्ख्यामा नयाँ चन्दादाता वृद्धि गर्न नसक्नु भने टेवाको कमजोर पक्ष हो । टेवाका प्रारम्भिक वर्षहरुमा भएका चन्दादाताहरु राम्रै सङ्ख्यामा घटेको अनुमान गरिन्छ।[३२]

हिमाल खबरपत्रिकाले छानेको आधुनिक नेपाल निमार्णका १०१ नेपालीमा प्रत्यक्षरुपमा समाजसेवी कहलाइएका तुलसी मेहेर, दयावीरसिंह कङ्साकार, छविलाल पोखरेल, ओमप्रसाद गौचनलागायत ११ जना व्यक्ति छन् (मैनाली २०५७) । तर यिनै व्यक्ति मध्ये संस्थागत समाजसेवालाई स्थापित गराउन लागेका व्यक्ति भने दुईजना मात्र छन् । यसले साङ्गठनिक रुपमा स्वयंसेवा शिशु अवस्थामा छ भनी पुष्टि गर्छ । यसलाई ठोस रुप दिन र सही मार्गतर्फ डोऱ्याउन लामो बाटो तय गर्नु पर्ने कुरा त्यसैले पनि निर्विवाद छ ।

### *क्षणिक र तत्काल गरिने स्वयंसेवा*

चन्दा, दानको रुपमा आफ्नो स्वामित्वमा रहेका नगद र जिन्सी सँगसँगै श्रम र समय स्वच्छाले दिने आभ्यास पनि सेवा हो भनी पटक पटक स्वीकारिएको छ । अनि अहिलेसम्मको विश्लेषणबाट स्पष्ट हुन्छ स्वयंसेवा योभन्दा नितान्त पृथक र फरक कुरो होइन । अझ मूलतः कुनै आर्थिक अपेक्षा विना स्वच्छाले प्रदान गर्ने श्रमलाई नै स्वयंसेवा मानिएको हो । त्यसैले यही मान्यता अनुसार स्वयंसेवाको लामो र निरन्तर अभ्यास नेपाली समाजमा भइरहेको छ । फरक यत्ति हो लामो र निरन्तर अभ्यासमा पनि स्वयंसेवा संस्थागत रुपमा बढिरहेको छैन । गुठी, ढिकुर आदिले समाज र समुदायमा एउटा तहमा संस्थागत रुप धारण गर्न नखोजेका होइनन् । तर यस्ता अभ्यासहरु निश्चित जाति, समुदाय र भौगोलिक क्षेत्रभित्र मात्र सीमित रहे । फेरी नितान्त स्वयंसेवक उत्पादन गरेर स्वयंसेवालाई बढावा दिने संस्थाहरु भएनन् यी ।

सडक, पुल, चौतारो, खानेपानी, नहर, कुलो आदि निमार्णमा हुने सामूहिक श्रमदान कुनै पनि स्थानीय समाजमा केवल एकपटक वा आवश्यक पर्दा मात्र हुने गर्दछ । विकासको नाममा हुने यस्ता श्रम दानहरु एकपटक मात्र हुने क्षणिक र तत्काल स्वयंसेवाका उदाहरणहरु हुन् । विभिन्न भौगोलिक क्षेत्रहरुमा यस्तै प्रयास पटकपटक हुने गरेपनि त्यही समूह र व्यक्तिहरु स्वयंसेवक बन्ने सम्भावना न्यून हुने हुनाले यस किसिमका प्रयासलाई स्वयंसेवकको आँखाबाट स्थायी मान्न सकिन्न । साथै यस्ता प्रयासहरु सम्बन्धित ठाउँका तत्कालीन आवश्यकताहरु मात्र हुन् । विकाससँग जोडिएका यी कार्यहरुमा गाउँ विकास समिति, जिल्ला विकास समिति, वडा कार्यलयलगायतका

---

३२ टेवाका चन्दादाताहरु पहिला कति थिए र कुन सङ्ख्यामा उनीहरु घटिरहेछन् भनेर यहाँ उल्लेख गर्न नसकिए पनि कविता उपाध्याय र विहारीकृष्ण श्रेष्ठले छलफलको क्रममा यो कुरा उल्लेख गर्नु भएको थियो ।

स्थानीय सरकारी निकायहरु, ग्रामीण स्वावलम्बन कार्यक्रम, आमा समूह, उपभोक्ता समूह, स्थानीय क्लब जस्ता स्थानीय सङ्गठनहरु, साथै स्थानीय विभिन्न संस्थाहरु पनि चन्दा दाताका रुपमा सहभागी छन् । त्यस्तै प्लान इन्टरनेसनल, जापानी रेडक्रस, नेपाल रेडक्रस सोसाइटी जस्ता थुप्रै संस्थाहरुको सक्रियता पनि पाइन्छ (गौतम २०५७; मास्के २०५९) ।

विकास निमार्ण कार्यमा बाहेक विद्यालय, पाटीपौवा, मन्दिर निमार्ण साथै सप्ताह, होम, पुराण जस्ता विभिन्न धार्मिक समारोह आदि कार्यमा पनि क्षणिक वा आवश्यकता अनुसार तत्काल स्वयंसेवकहरुको प्रयोग व्यापक रुपमा गरिएको पाइन्छ (मार्टिन चौतारी २०५७) । यस्ता निर्माणका उदाहरणहरुको चर्चा गर्दा प्रहरी चौकी निमार्णमा उठेको चन्दा र श्रमदान धेरैलाई नौलो लाग्न सक्छ । तर स्याङ्जा, दैलेख, सिन्धुपाल्चोक, फिदिम, इलाम, भद्रपुर, चैनपुर, महोत्तरी, सिन्धुलीमाढीलगायतका क्षेत्रमा यस्ता प्रयास भएका प्रमाण भेटिएको छ (गौतम २०५७) ।

नेपालको इतिहासमा सबैले मान्दै आएको पहिलो संस्थागत लोकोपकारी संस्था ‘परोपकार’को स्थापना पनि २००० सालताका काठमाडौँमा फैलिएको महामारीको बेला गरिएको तत्काल स्वयंसेवाबाट प्रारम्भ भएको हो । फरक यत्ति हो २००० सालताकाको यो प्रयास संस्थामा परिणत हुन सक्यो । तर परोपकार जसरी परिणत हुन नसक्ने यस्ता प्रयासहरु योभन्दा अघि र पछिका वर्षहरुमा वर्षेनी भएको अनुमान गर्न सकिन्छ । विशेष गरेर हरेक वर्ष वर्षा, बाढी, पहिरोको समयमा तत्काल राहतका स्वयंसेवी प्रयासहरु हुने गरेका छन् । यो समयमा नेपाल रेडक्रसले महत्वपूर्ण भूमिका खेल्ने गरको छ र आफ्नो स्वयंसेवकहरुलाई पनि प्रभावकरी रुपमा परिचालन गर्ने गरेको छ ।

काठमाडौँमा समय समयमा हुने सामाजिक आन्दोलनहरुमा पनि स्वयंसेवकहरुको राम्रै सहभागिता देख्न पाइन्छ । साथै धेरै सङ्घसंस्थाहरुको सभा, समारोह र सम्मेलनमा पनि पछिल्ला केही वर्षहरुमा स्वयंसेवकहरुको प्रयोग बढिरहेको छ । यस्ता स्वयंसेवकहरु प्रायः सभा, समारोहहरुलाई व्यवस्थित बनाउन र आतिथ्य सुविधाका लागि मात्र प्रयोग गरिन्छन् । विभिन्न सामाजिक चासोका विषयहरुमा सडकमा निस्कने जुलुसलाई व्यवस्थित तुल्याउनदेखि लिएर नेपाल उद्योग तथा वाणिज्य सङ्घले आयोजना गरेको कुनै कार्यक्रम होस्, भृकुटी मण्डपमा आयोजित कुनै व्यापारिक मेला होस्, हिमाल एसोसिएसनले आयोजना गर्ने चलचित्र महोत्वस होस्, काठमाडौँमा आयोजना हुने क्यान इन्फोटेक होस् वा नेपाल स्काउटले वेलावेलामा स्वयंसेवक परिचालन गरेको अन्य कुनै कार्यक्रम होस् वा विभिन्न प्रकृतिका संस्थाहरुको प्रायोजनमा गरिएको कार्यक्रम होस् सम्बन्धित उत्सवलाई सहज तुल्याउन स्वयंसेवकहरुको प्रयोग हुने गरेको छ । त्यस्ता सबै किसिमका प्रयासहरुसँग संस्थाका नियमित गतिविधि र कार्यक्रमको कुनै सरोकार नहुन पनि सक्छ । अर्थात यिनै संस्थालाई अरु बेला स्वयंसेवकहरुसँग चासो र मतलब नहुन सक्छ ।

### *विविध स्वयंसेवी कार्य*

गैर नाफामुखी सङ्घसंस्थाबाट हुने सामाजिक सेवाका र त्यसमा परिचालित स्वयंसेवकका कार्यहरु अति नै छरिएको छ । विशेष गरी सामाजिक संरक्षणका स्वरुप गरीब, टुहुरा, असहाय बालबालिकाका लागि स्थापित विभिन्न च्यारिटेवल सङगठनहरु, बटुवा र यात्रुहरुका लागि खुलेका धर्मशाला वा बृद्धबृद्धाहरुलाई संरक्षण दिने बृद्धाआश्रमहरुमा पनि आवश्यकता अनुसार स्वयंसेवकहरु परिचालित भएका छन् । यस्ता पिछडिएको व्यक्तिहरुको रेखदेख गर्न, तिनीहरुको स्यारसंम्भार गर्न स्वयंसेवकहरु प्रयोगमा ल्याइएको छ । त्यस्तै अन्धा, अपाङ्ग र सुस्त मनस्थिति भएका व्यक्तिहरुको सहयोगार्थ पनि स्वयंसेवी कार्यहरु र स्वयंसेवकको प्रयोग हुने गरेको छ । साथै कुष्ठरोग, क्षयरोग जस्ता समाजमा अलि अपहेलित रहेका रोगहरु विरुद्ध कार्यरत संस्थाहरुले सामूहिक उत्तरदायित्वका क्षेत्रको रुपमा स्वयंसेवकहरुलाई पनि समावेश गर्दै बढिरहेका छन् (गौतम २०५७) ।

भैलो र देउसीबाट उठेको पैसाले गरिने स्वयंसेवी कार्य, विभिन्न स्मृति कोष, अक्षकोष खडा गरेर गरिएका उपकारी कार्यहरु पनि उल्लेख्य छन् । तर साहित्य इतरका क्षेत्रहरुमा र स्वयंसेवी कार्यको लागि अक्षकोष खडा गरेर कुनै कार्यक्रम चलाएको उदारहण भने न्यून छ । सामाजिक आवश्यकता अनुसार वा कुनै पनि किसिमका पीडितहरुको सहयोगार्थ आयोजना गरिने सांस्कृतिक र साङ्गीतिक कार्यक्रमहरु पनि स्वयंसेवी कार्यहरु नै हुन् । विभिन्न संस्थाहरु र ब्लड बैङ्कको सक्रियतामा हुने रक्तदान कार्यक्रम स्वयंसेवी कार्यको अर्को उच्चतम नमुना हो ।

त्यस्तै सङ्कटकालको समयमा लेखक, कलाकार, सृजनकर्मी, पत्रकारलगायतका समूहको स्वयंसेवी प्रयासमा 'विचलित वर्तमान आयोजक कमिटी' सक्रिय थियो । विशेष गरेर तत्कालीन राजनीतिक परिस्थितिमा कुनै प्रकारले हस्तक्षेप गर्न सकिन्छ कि भन्ने सोचाईबाट यो खुकुलो समूह प्रारम्भ भएको थियो । यसरी यसका गतिविधिहरुमा भएको सम्पूर्ण स्वयंसेवी योगदानलाई उल्लेख्य मान्न सकिन्छ (थापा २०५९) ।

## नेपालमा अन्तर्राष्ट्रिय स्वयंसेवी अभ्यास

यो माथि भने जस्तै दोस्रो किसिमको स्वयंसेवी विभाजन हो । २००७ साल नेपालमा अनेकौं आधुनिकता भित्र्याउने एउटा महत्वपूर्ण समय हो । माथि चर्चामा परेका परोपकार संस्था, मारवाडी सेवा समिति जस्ता संस्थाहरु यही अवधिमा स्थापना भए पनि स्वयंसेवाको दृष्टिकोणबाट तिनीहरुले नेपाली समाजमा आधुनिकता भित्र्याउन भने सेकका होइनन् । अर्थात स्वयंसेवक अनाथ बालबालिका र महिलाहरुको हेरचाह गर्नको निमित्त साथै दीनदुःखी तथा गरीबगुरुवाहरुको सहयोगको लागि परिचालन गरिन्थ्यो । यसबाहेक महामारी र अन्य भैंपरिआउने आपतविपतमा तत्काल राहत पुऱ्याउनको लागि

पनि स्वयंसेवक क्रियाशील हुन्थे । तर यस्तै परम्परादेखि चल्दै आएका मावनहितका लागि मानव श्रम र समयको प्रयोग भएका उदाहरणहरु मात्र हामीसँग छन् ।

सामाजिक संस्थामार्फत स्वयंसेवकको रुपमा मानव श्रम र समयको प्रयोग हुने क्रम तथा प्रजातन्त्रको आगमन र खुला वातावरणले भित्र्याएका विकासका कार्यक्रमहरु सँगसँगै समाजसेवाको क्षेत्रमा पनि नयाँ ढोका खुलेको आभाष हुन्छ । २००७ साल माघ ७ गते नै युनाइटेड स्टेट्स ओभरसिज् मिसन (युएसओएम)ले नेपालसँग प्राविधिक सहयोग पुऱ्याउन सम्झौता गरिसकेको थियो । तर युएसओएमसँग गरिएको सम्झौतालाई २००७ सालको प्रजातन्त्रपछि राजा त्रिभुवनले नै अघि बढाएका थिए (स्केरी र अन्य सन् १९९२) । मूलतः युएसओएम स्वयंसेवी संस्था थिएन । सन् १९५० को दशकमा कृषि, स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधारसँगै ग्राम विकास सेवा नामको कार्यक्रम यसले सञ्चालन गरेको थियो । यसवेला, पहिलो स्नातक उत्तीर्ण व्यक्तिहरुको अभाव थियो भने दोस्रो गाउँमा गएर काम गर्न चाहने व्यक्तिहरु पनि पाउन मुश्किल थियो । त्यसैले ग्राम विकास सेवा अन्तर्गत पाँच वर्ष भित्र ४००० ग्राम सेवक[३३] उत्पादन गर्ने योजना युएसओएमले बनाएको थियो । तर अनुमान गरेभन्दा यो कार्य धेरै नै सुस्त गतिमा चलिरहेको थियो । त्यसैले सन् १९६२ को अन्त्यसम्म पनि केवल १४०० ग्राम सेवकहरु मात्र तयार भएका थिए । यसरी गाउँगाउँमा काम गर्ने लहर सृजना गर्न चालिएको यो कार्यले आशा गरे अनुरुप प्रभाव पार्न असफल रह्यो । केही स्वयंसेवी प्रयासहरु हुन थाले पनि गाउँमा विद्यमान संरचना र नेपाली समाजको जटिलतालाई यसले प्रभाव पार्न सकेन । त्यसैले यो कार्यक्रमबाट पनि गाउँका जमिन्दार र उच्च वर्गले मात्र फाइदा लिए (स्केरी र अन्य सन् १९९२: ३६-४६) ।

पहिलो दातृ संस्था, युएसओएम स्वयंसेवी संस्था नभए पनि स्वयंसेवकहरुको गतिविधि बढाउन यसले गरेको प्रयासले वेग्लै किसिमको पृष्ठभूमि तयार गर्न सघाउ पुऱ्याएको पाइन्छ । यति हुँदाहुँदै पनि स्वयंसेवाको क्षत्रेमा युएसओएमका उपलब्धी त्यति प्रभावकारी थिएनन् भनेर स्वीकार्य छ । साथै अन्तर्राष्ट्रिय स्वयंसेवी प्रयासको चर्चा गर्दा नेपालमा दुई प्रकारका अभ्यास भएको पाइन्छ । पहिलो, अन्तर्राष्ट्रिय संस्थाको व्यानरमा नेपाली स्वयंसेवकहरु परिचालित रहेको अवस्था । यसै कोटीमा सेभ द चिल्ड्रेन (युके), एपीडब्लु (स्टुडेण्ट पाटनर्सिप वल्डवाइड) जस्ता संस्था पनि पर्छन् । सेभ द चिल्ड्रन (युके)ले स्थानीय स्तरमै स्वयंसेवक परिचालन गरेको अभ्यास अलि पृथक छ । एचआइभी/एड्स र यौनबारे सचेतना कार्यक्रम सञ्चालन गर्न पश्चिम नेपालको अछाममा करिब तीन सय स्वयंसेवक सक्रिय छन् भने दमकमा पनि स्वयंसेवकहरुको सङ्ख्या २५० भन्दा बढी छ । यसरी स्वयंसेवकको रुपमा यत्तिका स्थानीय मानिसहरुलाई

---

३३ नेपालीमा 'ग्राम सेवक' भनिए पनि अङ्ग्रेजीमा 'भिलेज वर्कर्स' शब्दको प्रयोग भएको छ । यसबाट स्पष्ट हुन्छ यो स्वयंसेवी अवधारणाभन्दा पनि गाउँमा काम गर्ने वातावरण निमार्ण गर्न, मानिसहरुलाई निश्चित सुविधा दिन ग्राम सेवक/सेविका कार्यक्रम सञ्चालन गरिएको थियो।

निरन्तर आवद्ध राखेर नियमित परिचालन गर्नुले अहिलेको तलबी स्वयंसेवक अवधारणलाई राम्रो चुनौती दिएको छ ।[३४] दोस्रो, अन्तर्राष्ट्रिय संस्था अनि त्यसले परिचालन गर्ने स्वयंसेवक पूर्ण रुपमा विदेशी भएका अभ्यासहरु । यहाँ दोस्रोलाई माथि राखेर व्याख्या गरिएको छ ।

### *अन्तर्राष्ट्रिय स्वयंसेवाको आगमनसँगै पीसकोरको स्थापना*

प्रजातन्त्र र विकासको चहलपहलले ल्याएको लहरले २०११ सालमा नेपालमा युनाइटेड मिशन टु नेपालको स्थापना भयो ।[३५] यसको मुख्य उद्देश्य तत्कालीन नेपाली समाजमा धार्मिक स्वयंसेवकहरुको सहयोगमा ईसाइ धर्मको प्रचार गर्नु थियो । साथै करिब ४८ वर्षको इतिहासमा युनाइटेड मिशन टु नेपालले आफ्ना विभिन्न कार्यक्रममार्फत स्वयंसेवकको प्रयोग गर्दै आएको भए पनि भोलेण्टियर सेण्डिङ एजेन्सीको नामले चिनिने अन्तर्राष्ट्रिय संस्थाहरुको जमातमा यसका स्वयंसेवकहरुले गहन भूमिका खेलेको देखिँदैन ।

युनाइटेड मिशन टु नेपाल स्थापना भएको करिब ८ वर्षपछि २०१९ सालमा अमेरिकन पीसकोरले नेपालमा स्वयंसेवक परिचालन गर्न विभिन्न गतिविधिको विस्तार गर्‍यो । यसरी पीसकोर नेपालको स्थापनासँगै अन्तर्राष्ट्रिय स्वयंसेवकहरुले नेपालमा एकप्रकारको लहर प्राप्त गरेको बुझिन्छ । फलस्वरुप अन्तर्राष्ट्रिय स्वयंसेवाले नेपालमा पनि गति लिन थाल्यो । करिब चालिस वर्षको पीसकोरको इतिहासमा ४००० भन्दा बढी पीसकोर स्वयंसेवकहरुले नेपालमा सेवा पुर्‍याइसकेका छन् ।

हुन त पीसकोरको स्थापनाभन्दा धेरै सय वर्ष अगाडि मल्लकालमा केही युरोपेली धार्मिक व्यक्तिहरु नेपाल प्रवेश गरेर विभिन्न सामाजिक कार्यहरुमा सहयोग पुर्‍याएको

---

३४ सेभ द चिल्ड्रनले दमकमा अप्नाएको नमुना अलि बेग्लै प्रकारको पनि छ । युवाहरुमा एचआइभी/एड्सको सचेतना जगाउन युवायुवतीलाई स्वयंसेवाको रुपमा परिचालित गर्ने अवधारणाबाट यो प्रारम्भ भएको थियो । तर अवधारणासँगै तन्नेरीहरुको सङ्ख्या बढाउनमा पनि यो कार्यक्रमले राम्रै उपलब्धी हात पारेको छ । यसले स्वयंसेवकहरुबीच एकप्रकारको सञ्जाल निर्माण गर्न सफल भएको छ जसको पूर्णकालीन काम केही छैन तर उनीहरु स्कूल, कलेज वा अन्य जुनै पनि ठाउँमा जहिले जतिखेर भ्याउँछन् एचआइभी/एड्सबारे सचेतना निमार्ण गर्नमा सक्रिय छन् । कति अवस्थामा यी स्वयंसेवकहरु योजनावद्ध कार्यक्रमहरु पनि गर्छ । यसले औपचारिक रुपमा हाम्रो समाजमा हुने अन्य कार्यहरुमा जस्तै स्वयंसेवकहरुलाई पनि त्यही संरचना दिन खोजेको बुझिन्छ तर एउटा औपचारिक सञ्जालको निर्माणसँगै ।

३५ सन् १९४९ मा चरा-अवलोकनको यात्रामा नेपालमा आएका डा. रोवर्ट र इथेल फ्लेमिङको टोलिमा पछि डा. काल फेड्रिक्स र उनकी पत्नी पनि सहभागी भएका थिए । यिनीहरुले तानसेन, पाल्पामा करिब २,००० लाई स्वास्थ्य सेवा प्रारम्भ गरे । यही कार्यले गर्दा नेपाल सरकारलाई त्यहाँ स्वास्थ्य चौकी र अस्पताल स्थापना गर्नु पर्ने महशुश भयो जसको प्रतिफल स्वरुप भारतमा कार्यरत आठवटा मिशनरी सङ्गठनहरु सँगै काम गर्न आए र सन् १९५४ मा नेपालमा युनाइटेड मिशन टु नेपालको स्थापना भयो । संसारमा यस्तो स्वरुपको गठबन्धन यो नै पहिलो थियो (आक्सवीत सन् २००१) ।

इतिहास पाइन्छ।[३६] तर अन्तर्राष्ट्रिय स्वयंसेवाको आधिकारिक शुरुआत नेपालमा युनाइटेड मिशन टु नेपालको स्थापनासँगै भए पनि यसलाई पीसकोर नेपालको स्थापनाले एउटा नौलो गति र मोड दिएको कुरामा दुईमत हुँदैन ।

पीसकोर स्थापनाको लगतै २०२१ सालमा वेलायतको भोलेन्टियर सर्भिस ओभरसिइज; २०२२ सालमा जर्मन भोलेन्टियर सर्भिस (हाल जर्मन डेभ्लोप्मेन्ट सर्भिस); २०२७ सालमा जापान ओभरसिइ्ज कोओपरेसन भोलेन्टियर्स आदि अन्तर्राष्ट्रिय स्वयंसेवक परिचालन गर्ने संस्थाहरुको नेपालमा स्थापना भयो । यसरी २०५९ सालको भदौसम्म आइपुग्दा नेपालमा १० अन्तर्राष्ट्रिय संस्थाहरुले स्वयंसेवक परिचालन गरिरहेका छन् (हेर्नोस् तालिका २) । यी १० मध्ये सातवटा संस्थाहरु वाइलेटरल एजेन्सि (bilateral agency) हुन् जसको श्री ५ को सरकार अर्थ मन्त्रालयसँग सम्झौता छ भने स्टुडेण्ट पाट्नर्सिप वर्डवाइड, युनाइटेड नेसन्स भोलेन्टियर्स र युनाइटेड मिशन टु नेपाल वाइलेटरल होइनन् । नेपाली समाजमा हुने गरेका र भइरहेका स्वयंसेवाका अभ्यासहरुको तुलनामा भोलेण्टिएर सेण्डिङ एजेन्सीहरुको अभ्यास र स्वरुपहरु अलि पृथक छ । त्यसैले पनि नेपाली स्वयंसेवाको मुहारलाई केही नौलो र आकर्षक बनाउनमा यिनीहरुको प्रभाव राम्रै मान्नु पर्छ । विशेष गरी स्वयंसेवाको सञ्चालन प्रक्रिया, यसका विभिन्न अभ्यासहरु, विकासे गतिविधिहरुमा हुने गरेका प्रयोग आदि क्षेत्रमा क्रमिक परिवर्तन देखा पर्दै आएको छ ।

आजभन्दा ४८ वर्ष अघि सन् १९५४ मा 'युनाइटेड मिशन टु नेपाल' को स्थापना भएयता नेपालमा विदेशी स्वयंसेवकहरुको औपचारिक आवागमन शुरु भएको हो । त्यस्तै सबैभन्दा पछिल्लो संस्था भनेको सन् १९९१ मा स्थापना भएको एसपीडब्लु हो । यसरी सबै संस्थाहरु नेपालमा स्थापना भएको वर्षबाट एउटा संस्थाको औसत आयु निकाल्दा हरेका संस्था करिब २८ वर्ष पुरानो हुन्छ । अहिलेसम्मको प्राप्त आँकडा अनुसार ४८ वर्षको अन्तर्राष्ट्रिय स्वयंसेवकहरुको इतिहासमा नेपालमा ७,५४१[३७] स्वयंसेवकहरुले सेवा पुऱ्याएको देखिन्छ । कति संस्थाको सम्पूर्ण आँकडा प्राप्त नभएकोले विगतमा स्वयंसेवकहरुको संलग्नता हेर्दा अहिलेसम्म करिब १०,००० व्यक्तिले नेपालमा सेवा गरेको मान्न सकिन्छ । यो अनुमानलाई स्वीकार्ने हो भने माथि गणना गरेका हरेक

---

३६ सत्रौं शताब्दीको मध्यदेखि नै वेलायती र अन्य युरोपेली ईसाइ धर्मको प्रचार र व्यापारी/पर्यटकका रुपमा नेपाल भित्रिएका हुन् । युरोपेलीहरुको नेपाल प्रवेशको विश्वरण र पृष्ठभूमिको विस्तृत जानकारीको लागि हेर्नोस् लिक्टी (सन् १९९७) ।

३७ यो सङ्ख्या आफैमा अपूर्ण छ । यसमा एमएस नेपाल र युनाइटेड मिसन टु नेपालको सन् २००१ मा सक्रिय स्वयंसेवकको गणना भएको बाहेक अन्य वर्षमा कार्यरत स्वयंसेवकहरु समावेश छैन । तर जुन अनुपातमा यी दुबै संस्थाका स्वयंसेवकहरु नेपाल आउने गरेका छन् त्यसै अनुसार तिनीहरुको स्थापना वर्षदेखि अहिलेसम्मको औसत लिने हो भने पनि सम्पूर्ण अन्तर्राष्ट्रिय स्वयंसेवकहरुको स्ख्या ७,५४१ बाट बढेर करिब १०,००० हुन्छ ।

## तालिका २: नेपालमा हाल सक्रिय भोलेटियर्स सेण्डिङ एजेन्सि

| क्र. स. | एजेन्सिको नाम | नेपालमा स्थापित वर्ष (सन् मा) | सम्बन्धित देश/समूह |
|---|---|---|---|
| १ | युनाइटेड मिसन टु नेपाल[क] | १९५४ | |
| २ | पीसकोर नेपाल | १९६२ | अमेरिका |
| ३ | भोलेटियर सर्भिस ओभरसिज् | १९६४ | वेलायत |
| ४ | जर्मन डेभ्लोप्मेण्ट सर्भिस | १९६५ | जर्मनी |
| ५ | जापान ओभरसिज् कोओपरेसन भोलेण्टियर्स | १९७० | जापान |
| ६ | युनाइटेड नेसन्स भोलेण्टियर्स | १९७४ | युएन |
| ७ | लुथरान वल्ड फेडरेसन[ख] | १९८४ | |
| ८ | एमएस नेपाल | १९८६ | डेनमार्क |
| ९ | केनेडियन सेण्टर फर इन्टरनेसनल स्टडिज् एण्ड कोओपरेसन (सेसी) | १९८९ | केनेडा |
| १० | स्टुडेण्ट पाट्नर्सिप वल्डवाइड (एसपीडब्लु) | १९९१ | वेलायत |

स्रोत: श्रेष्ठ र अरुहरु २००२

क) युनाइटेड मिसन टु नेपाल विकासमा संलग्न १७ देशका ५० मिशनरी सङ्गठनहरुको संयुक्त प्रयास हो ।

ख) लुथरान वल्ड फेडरेसन धेरै राष्ट्रको सामूहिक प्रयास हो । यसको केन्द्रीय कार्यालय जेनेभामा छ ।

संस्थाको औसत आयुको तुलनामा यी संस्थाहरुले प्रत्येक वर्ष करिब ३६ जना मात्र स्वयंसेवकहरु परिचालन गरेको देखिन्छ । यदि तथ्याङ्क यही हो भने, नेपालमा स्वयंसेवाको चर्चा गर्दा अन्तर्राष्ट्रिय स्वयंसेवक र सम्बन्धित संस्थाहरुको जति ठूलो नाम र तमकभ्रमक छ त्योसँग यो तथ्याङ्कको तालमेल अलि मिल्दैन । हुन त यस्तो औसत निकाल्दा वर्षमा १०० भन्दा माथिको सङ्ख्यामा स्वयंसेवक परिचालन गर्ने पीसकोर नेपाल, एसपीडब्लु र युनाइटेड मिशन टु नेपाललाई मर्का अवश्य पर्छ । किनभने सेसी र यूएनभीले औसतमा प्रति वर्ष करिब पाँच जना स्वयंसेवकहरु मात्र परिचालित छन् । बाँकी सबै संस्थाहरुको औसत स्वयंसेवक त्यस्तै १५-२० रहेको छ ।

माथिको औसत निकालेर चारवटा तर्क गर्न खोजिएको हो । पहिलो, सम्पूर्ण भोलेण्टियर सेण्डिङ एजेन्सिको बारेमा सोच्ने हो भने सङ्ख्यात्मक रुपमा नेपालमा अन्तर्राष्ट्रिय स्वयंसेवकहरुको आँकडा एकदम उत्साहजनक होइन । उत्साहजनक नभएको सन्दर्भलाई चौथो बुँदामा उठाइएको पूर्वाधार र आर्थिक लगानीसँगको अन्तरसम्बन्धमा हेर्नु पर्ने हुन्छ । दोस्रो, गुणात्मक रुपमा नेपालको विकासमा यी

स्वयंसेवकहरुको प्रभाव कस्तो छ भनेर अहिलेसम्म कुनै ठोस र भरपर्दो अध्ययन भएको छैन । सन् १९७० को दशकमा नै नेपालमा कार्यरत पाँचवटा एजेन्सिका प्रतिनिधिहरु मिलेर आफ्नो काम, अनुभव र विचार व्यक्त गर्नलाई भोलेण्टियर्स गजेट नकिकालेका होइनन् । तर त्यो चार पाँच वर्ष मात्र चलेको अनुमान हुन्छ । त्यसैले निकट भविष्यमा यस्ता अध्ययनहरु हुनुपर्ने कुरा आफैमा निर्विवाद छ । तेस्रो, नेपालमा यी संस्थाहरुले जसरी स्वयंसेवकहरु प्रयोग गरिरहेका छन् त्यसको आधारमा केही चर्चा गर्ने ठाउँ अवश्य छ । चौथो, यति स्वयंसेवक परिचालन गर्न यी संस्थाहरुले व्यवस्थापन, प्रशासनिक कार्य, अन्य तालिम र भौतिक पूर्वाधारमा गरेको लगानी मात्र निकाल्ने हो भने यो स्वयंसेवा एउटा महङ्गो क्षेत्र हुने कुरा निश्चितप्रायः छ । त्यसैले यिनीहरुका केही पक्षहरुलाई यहाँ चर्चा गर्नु राम्रै हुन्छ ।

एउटा एसपीडब्लुलाई छोडेर यी विभिन्न संस्थाहरुले स्वयंसेवकहरुलाई निर्वाह भत्ता भनेर जुन मासिक खर्च दिने गरेका छन् त्यो हेर्दा स्वयंसेवकहरु र कुनै पनि कर्मचारीबीच खासै फरक देखिँदैन । हुन त सम्पूर्ण संस्थाहरुले आफ्ना स्वयंसेवकहरुलाई मासिक भत्ता कति दिन्छन् भन्ने कुरा जानकारीमा नआए पनि भीएसओले स्वयंसेवकहरुलाई दिँदै आएको रु. ९००० सबैभन्दा कम हो भनिन्छ ।[३८] युएनभी जस्ता संस्थाले त राष्ट्रिय स्वयंसेवकलाई ३५० डलर (२७ हजारभन्दा बढी) र अन्तर्राष्ट्रिय स्वयंसेवकलाई ९०० डलर (करिब ७० हजार) दिने गरेको छ । युएनभीका स्वयंसेवकहरुले पाउने भत्ता नेपालमा मात्र नभए अन्तर्राष्ट्रिय परिप्रक्ष्यमा तोकिएको हो । त्यसैले विश्वका कतिपय देशहरुमा बस्दा त्यो रकमले गुजारा गर्न धौंधौं हुने वा नपुग पनि हुनसक्छ । यसले उजागर गर्ने अर्को तथ्य के पनि हो भने यी संस्थाहरुले आफू कार्यरत देशमा लागू हुने गरी आफ्ना सम्पूर्ण नीति नियमको तर्जुमा गरेका छैनन् । नभए सबै संस्थाहरुले दिने भत्ता अपवादको रुपमा रहेको एसपीडब्लुले दिइरहेको रु. २,२०० वा यसैको हाराहारीमा हुनु पर्थ्यो । तर वास्तविकता भिन्न छ ।

यसो भन्दैमा यी संस्थाहरुले जसलाई स्वयंसेवक भन्दै आएका छन् तिनीहरु स्वयंसेवक नै होइनन् भन्न कदापि खोजिएको होइन् । यिनीहरु स्वयंसेवक होइन भन्ने जति ठाउँ छ त्यति नै ठाउँ स्वयंसेवक हुन् भन्ने छ । अधिकांश संस्थाहरुले स्वयंसेवकहरुलाई दिँदै आएको सुविधालाई हेर्दा प्रायः संस्थासँग सम्बद्ध व्यक्तिहरु स्वयंसेवक नभएर विकासे कार्यकर्ता वा कर्मचारी हुन् । यो तथ्यलाई यिनै संस्थाहरुले पनि नसोचेका भने होइनन् । यही वास्तविकतालाई ध्यानमा राखेकोले नै जर्मन डेभलोप्मेण्ट सर्भिस, एमएस-नेपाल जस्ता एजेन्सिले स्वयंसेवक भन्ने शब्दको प्रयोग

---

३८ नेपालमा भीएसओले किन आफ्नो स्वयंसेवकको खर्च बेहोरिरहेको छ ? भीएसको सबै स्वयंसेवकहरु संसारका अन्य देशभन्दा फरक ढर्रामा स्थानीय गैससमा नभएर किन सरकारी क्षेत्रमा कार्यरत छन् ? साथै भीएसओका स्वयंसेवक किन समयभन्दा अघि नै नेपालबाट असन्तुष्ट भएर फर्कन्छन् ? विस्तृत जानकारीको लागि हेर्नोस् निक्सन (सन् १९९२) ।

गर्दैनन्, उनीहरु आफूलाई विकासे कार्यकर्ता भन्छन् । सन् १९८९ भन्दा पहिला जर्मन डेभलोप्मेण्ट सभिस, जर्मन भोलेण्टियर सभिसको नामले चिनिन्थ्यो । यसले आफ्नो काम होइन नाम मात्र परिवर्तन गर्नुले पनि विकासे कर्मचारी भन्नु र स्वयंसेवक भन्नुबीच यिनीहरुले पाउने सुविधाको हिसाबबाट कुनै फरक छैन भन्ने सन्देश दिन्छ । त्यसैले कामको दायरा र किसिम हेर्दा र स्वयंसेवकलाई दिने आर्थिक र अन्य सुविधा हेर्दा स्वयंसेवक शब्दको प्रयोग केवल रणनीति त होइन भन्ने शङ्का उठ्नु स्वभाविक हो ।

जर्मन डेभलोप्मेण्ट सर्भिसले यसरी आफ्नो नाम परिवर्तन गरे पनि यिनीहरुलाई समाजिक विकासको क्षेत्रमा स्वयंसेवक नै भन्ने गरिन्छ । जर्मन डेभलोप्मेण्ट सर्भिसलगायतका अन्य सम्बद्ध संस्थाले यस्ता व्यक्तिहरुलाई आफ्नो संस्थाको नियम अनुरुप निश्चित पारिश्रमिक र सुविधा दिए पनि देशका विभिन्न ठाउँहरुमा जुन सङ्घसंस्थामा गएर काम गर्छन त्यो संस्थाको दृष्टिकोणबाट यिनीहरु पूर्णतया स्वयंसेवक नै ठहर्छन् । शहरी क्षेत्रमा अवस्थित अधिकांश आयोजक संस्थाको दायित्व काम गर्ने ठाउँ दिनु बाहेक केही हुँदैन भने गाउँमा भएका संस्थाहरुले न्यूनतम (बस्ने, खाने आदि) व्यवस्था मिलाउनु पर्ने देखिन्छ । तर जुनै अवस्थामा पनि यस्ता व्यवस्थाहरु आयोजक संस्थालाई आर्थिक भार नपर्ने गरी मिलाइएको हुन्छ।

यी संस्थाहरु मध्ये स्वयंसेवक कै रुपमा नेपाली स्वयंसेवक (काउण्टर भोलेण्टियर) भने एसपीडब्लुले मात्र परिचालन गर्छ । अर्थात प्रत्येक वर्ष यसको अन्तर्राष्ट्रिय र नेपाली स्वयंसेवक सङ्ख्य उति नै हुन्छ । अन्य संस्थाका पनि स्वयंसेवकहरुसँगै काम गर्ने नेपाली मानिस वा संस्था त हुन्छन् तर त्यो एसपीडब्लुले जस्तो स्वयंसेवकको रुपमा अनुबन्धित गरेका व्यक्ति हुँदैनन् ।

हेर्दा विकासका लहरलाई उच्चतम गतिविधि दिने वा सांस्कृति आदानप्रदान गर्ने नारामा विदेशी स्वयंसेवकहरु नेपाल भित्रिने गरेका छन् । तर यसको दुइटा महत्वपूर्ण पक्ष छ । पहिलो, नेपालमा मात्र होइन यी र यस्तै प्रकारका अन्य अन्तर्राष्ट्रिय स्वयंसेवक पनि परिचालन गर्ने संस्था विशेष गरेर एसिया, अफ्रिका र दक्षिण अमेरिकाका अधिकांश देशमा कार्यरत छन् । यसरी स्वयंसेवकको नाममा आफ्ना देशवासीलाई संसारभरि रोजगारी दिने माध्यम बनेको छ स्वयंसेवा । सन् १९६५ मा ४८ जना स्वयंसेवकहरुलाई मात्र विभिन्न देशमा पठाएको जापान ओभर्सिज कोओपरेसन अफ भोलेण्टियर्सले सन् २००० सम्म आइपुग्दा एक वर्षमा १३०० भन्दा बढी स्वयंसेवकहरुलाई रोजगार दिन थालेको छ (जाइका सन् १९९९) । त्यस्तै युएनभीले हरेक वर्ष पाँच हजार स्वयंसेवकलाई संसारभरि परिचालित गर्छ । अनि पीसकोरमा संलग्न हुने स्वयंसेवकहरुको सङ्ख्याले हरेका वर्ष आठ हजार नाग्छ । यसरी भोलेण्टियर सेण्डिङ एजेन्सीहरुले आफ्ना देशका नागरिकहरुलाई संसारभरि रोजगारीका अवसरहरु खोलेका छन् ।

दोस्रो, यिनै संस्थाहरु मध्ये युएमएन र पीसकोर जस्ता संस्थाहरु प्रारम्भमा ईसाइ धर्मको प्रचार गर्ने उद्देश्यले खुलेका हुन् । स्वयंसेवा भने पनि यिनीहरुको पहिलो र प्राथमिक काम भनेको ईसाइ धर्मावलम्बीहरुको सङ्ख्या विस्तार गर्नु थियो । आफ्ना स्वयंसेवाका गतिविधि र कार्यक्रमहरु पनि धर्मकै क्षेत्रमा केन्द्रित थिए । यी दुबै संस्थाले दशकौं लामो आफ्नो इतिहासमा यस उद्देश्य प्राप्ति गर्न निकै कसरत गरेका छन् । विशेष गरी पछिल्लो १० वर्षमा भने पीसकोरले लगभग सम्पूर्ण रुपमा र युएमएनले केही हदसम्म विकासका क्षेत्रमा आफ्नो प्राथमिकतालाई सारेको छ । तर विकास होस् वा धर्म प्रचार, यी र अरु अन्तर्राष्ट्रिय संस्थाहरुले नेपाल लगायतका विकासोन्मुख देशहरुमा जसरी आफ्नो स्वार्थलाई मात्र ध्यान दिएर काम गरिरहेका छन् त्यो एकदम गलत हो भन्छिन्, सेसीकी स्वयंसेवक मोनिक लेटर्ट । साथै स्वयंसेवकको नाममा आफ्ना देशवासीलाई अन्य देशहरुमा छ महिना देखि २ वर्षको अवधिलाई एउटा कामको बन्दोवस्त मिलाउन जति सहज हुन्छ त्यो सरलता जागीर भनेर पठाउदा कदापि हुँदैन । अझ विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी वा एकदमै अनुभव नभएका व्यक्तिहरुलाई स्वयंसेवकभन्दा इतरको नाममा यति सरल तवरले संसारभरि पठाउनु गाह्रो कुरो हो । भर्खरै नेपालमा छ महिनालाई स्वयंसेवक बनेर फर्केका केथरिन स्पेलर र रोवन हिण्टले पनि यो तथ्यलाई स्वीकार्छन् ।

यस्ता सेण्डिङ एजेन्सि बाहेक अन्तर्राष्ट्रिय नाम र ओझ बोकेका अन्य धेरै संस्थाहरु पनि छन् । लायन्स, रोटरी र जेसिस्का क्लबहरु अन्तर्राष्ट्रिय नाम भएका एक प्रकारका उदाहरण हुन्, जसको विश्लेषण माथि भइसकेको छ । त्यस्तै रेडक्रस सोसाइटी, सेभ द चिल्ड्रन जस्ता अन्य अन्तर्राष्ट्रिय गैरसरकारी संस्था अर्का कोटीका उदाहरणहरु हुन् । जुनसुकै कोटीमा पर्ने यी संस्थाहरुमा पनि विभिन्न प्रकृति र प्रयोजनका लागि स्वयंसेवी अभ्यास हुने गरेको छ । यस्ता सम्पूर्ण प्रयासहरुको यहाँ वेग्लैमा विस्तृत व्याख्या नगरिएको भए पनि यही प्रस्तुतिको विभिन्न खण्डमा यिनीहरुका सन्दर्भहरु परेका छन् र केही विश्लेषण पनि समावेश भएको छ ।

## स्वयंसेवामा देखिएको सरकारी चासो

स्वयंसेवालाई विस्तार गर्ने अभ्यासमा सरकार पनि लामो समयदेखि कटिबद्ध छ । सरकारी प्रयासका केही योजनाबद्ध सिलसिला पनि विगतमा भएका छन् । सरकारी चासोका दुई नितान्त फरक अवधारणा हालसम्म प्रयोग भएको पाइन्छ । पहिलो अवधारणा शिक्षा मार्फत प्रयोग भएको राष्ट्रिय विकास सेवा कार्यक्रम हो । यो अभ्यासले शिक्षा र विकासको क्षेत्रमा सहयोग दिन्छ भन्ने आशा गरिएको थियो । दोस्रो प्रयोग सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को स्थापनासँगै २०३४ सालमा गरियो । परिषद्को कार्य सामाजिक उत्थानको लागि सरकारको योजना अनुरुप काम गर्नु थियो । फरक यति हो सेवाको नाममा पञ्चायती सरकारले यसलाई प्रचारबाजीको माध्यम

बनायो । अनि पहिलो अवधारणालाई २०५५ सालमा गरिबी निवारण र ग्रामीण विकासको नाममा सरकारले पुनः राष्ट्रिय विकास स्वयंसेवक सेवाको नामबाट नयाँ प्रयोगको थालनी गऱ्यो । यसरी सरकारको तीन उल्लेखनीय प्रयासलाई दुई शीर्षकमा चर्चा गरिएको छ ।

## *राष्ट्रिय विकास सेवा र आदेशात्मक स्वयंसेवाको उदय*

जुलाई १९७१ (२०२८ साल)को नयाँ शैक्षिक योजना अन्तर्गत डिसम्बर १९७३ (२०३० साल) मा त्रिभुवन विश्वविद्यालयले पहिलो प्रायोगिक कार्यक्रम स्वरुप राष्ट्रिय विकास सेवा (राविसे) प्रारम्भ गरेको थियो । तीन महिनाको अन्तरालपछि फरवरी १९७४मा राविसेको दोस्रो प्रायोगिक कार्यक्रम पनि विश्वविद्यालयले चलायो । जम्मा २१ जना विद्यार्थीहरुबाट प्रयोगमा ल्याइएको यो कार्यक्रम विश्वविद्यालयको पहिलो नियमित योजना स्वरुप २१२ विद्यार्थीबाट सन् १९७४-७५ को शैक्षिक सत्रमा लागू गरियो । तर ७१४ जना विद्यार्थी रहेको सन् १९७७-७८ को शैक्षिक सत्र नै राविसेको अन्तिम वर्ष रह्यो (प्रधान १९७८; वैद्य १९९२; पौडेल १९७९) ।

स्नात्तकोत्तर तहका विद्यार्थीहरुलाई अनिवार्य रुपमा दूर्गम गाम्रीण क्षेत्रमा एक वर्षको सेवा पुऱ्याउनु पर्ने आदेशात्मक कार्यक्रम स्वरुप त्रिभुवन विश्वविद्यालयले राविसेको प्रतिपाद गरेको थियो । अन्तिम वर्षको दुई सेमिस्टर पूरा गर्नु अघि विद्यार्थीहरुलाई राविसेमा एक वर्ष शैक्षिक सेवा पुऱ्याउनु अनिवार्य थियो । यो एक वर्षमा १० महिना कार्यक्षेत्रमा विताएको हुनु पर्थ्यो भने पहिलो २ महिना तालिम र ओरियनटेसनको लागि छुट्याइएको थियो ।

राविसेको प्राथमिक उद्देश्य मध्ये पहिलो गैरप्राज्ञिक वास्तविकतासित परिचित गराउनु थियो जसको प्रयोग प्राज्ञिक तालिमदेखि विभिन्न व्यवहारिक समस्यासम्ममा हुन सकोस् । दोस्रो, विद्यार्थीहरुमा सेवाभावको विजारोपण गर्नु थियो जसले पछिसम्म ती विद्यार्थीहरुलाई राष्ट्रप्रति जिम्मेवार र उत्तरदायी बनाउँछ भन्ने विश्वास गरिएको थियो । तेस्रो, स्वास्थ्य, शिक्षा, कृषि र भौतिक निमार्णजस्ता स्थानीय विकासका आयोजनाहरुमा विद्यार्थीहरुको प्रत्यक्ष सुझाव लिनु थियो । चौथो, विश्वविद्यालयको विश्वास थियो राविसेले सम्पूर्ण प्राज्ञिक क्षेत्रको विकासमा विद्यार्थीहरुको सल्लाह, सुझाव र संलग्नता पाउँछ । तर व्यवहारिक र विकासको अवधारणाबाट सुरु भएको राविसे कार्यक्रमले सरकार र विश्वविद्यालयको अनुमानभन्दा धेरै गुना बढी सफलता पायो । फलस्वरुप प्रभावकारी तवरबाट चलिरहेको यो कार्यक्रम तत्कालीन पञ्चायतका शासकहरुको लागि ठूलो चुनौती बन्यो । गाउँगाउँमा विद्यार्थीहरुले हासिल गरेको उपलब्धि र विजारोपण गरेको पञ्चायत विरोधी राजनीतिक लहर नै सरकारको लागि करकस भयो । साथै प्रभावशाली, उपयोगी र सफलतासाथ अघि बढिरहेको कार्यक्रमलाई स्थगित गराइयो ।

२०३६ सालको समाजिक-राजनीतिक अस्थिरतालाई कारण बनाई यो कार्यक्रम बन्द गरिएको कुरा स्वीकार्दै हरिप्रसाद उपाध्याय लेख्छन्:

> प्रारम्भ भएदेखि २०३६ सालसम्म राविसे कार्यक्रम सुचारु रुपले सञ्चालित भयो । यसका रचनात्मक प्रतिफलहरु लगातार देखा पर्दै गए तापनि २०३६ सालमा देखा परेको सामाजिक-राजनीतिक अस्थिरताले गर्दा कार्यक्रममा पुनर्विचार गरियो । यस अस्थिरताले राष्ट्रका विभिन्न क्षेत्रमा दूरगामी प्रभाव पार्‍यो । राविसे कार्यक्रम पनि यसबाट अछुतो रहन सकेन । फलतः २०३६ सालमा दशमहिने राविसे कार्यक्रमलाई स्थगित गरियो (उपाध्याय २०४५: १४०)।

छोटो समयको राविसे कार्यक्रमले राष्ट्रमा पारेको प्रभाव चौतर्फी छ । पहिलो, राविसेका सुरुका वर्षहरुमा विद्यार्थी र अभिभावकबाट यसको विरोध भयो । तर राविसे प्रभावकारी रहेकोले यसलाई सबैले सहर्ष स्वीकार्ने वातावरण बन्यो । दोस्रो, केवल किताबी ज्ञानमा मात्र केन्द्रित रहेको शैक्षिक प्रक्रियामा राविसेले एक्कासी क्रान्ति ल्यायो । यसले विद्यार्थीको बुझाइमा केही नयाँ क्षितिजहरु खुले, वास्तविक ज्ञानलाई अलि व्यापकता मिल्यो र उनीहरु उत्साही पनि भए । तेस्रो, निरङ्कुश पञ्चायत विरुद्ध देशभरि चलेको राजनीतिक लहरमा यसको अङ्श पनि महत्वपूर्ण रह्यो । चौथो, विभिन्न विकासका कार्यक्रहरुमा राविसेका विद्यार्थीहरुले ठूलो प्रभाव पार्न सफल भए । पाचौ, माथि शीर्षकमा उल्लेख गरिए जस्तो देशमा पहिलो पटक आदेशात्मक स्वयंसेवाको उदय भयो । फलस्वरुप यो नै पहिलो त्यस्तो माध्यम बन्यो जसले छोटो समयमा २१०० भन्दा बढी युवाहरुलाई स्वयंसेवक बनायो । अझ विशेष गरेर नेपालको विकासमा युवतीहरुलाई सहभागी गराउन राविसेको भूमिका महत्वपूर्ण रह्यो (एभी सन् १९७६) ।

राविसे कार्यक्रम अन्तर्गत गाउँमा गएर १० महिना सेवा पुर्‍याइरहेका विद्यार्थीहरुको सामाजिक गतिविधिहरु केवल विश्वविद्यालयले तोकेको कार्यमा मात्र थिएन । विद्यार्थीहरु प्रत्यक्ष रुपमा आफू गएको गाउँको चौतर्फी विकासका कार्यक्रम र सामाजिक गतिविधिहरुमा संलग्न हुन्थे । विश्वविद्यालयको आज्ञा नै विद्यार्थीहरु व्यापक रुपमा गाउँका विविध पक्षहरुमा संलग्न होऊन भन्ने थियो । फलस्वरुप १० महिनाका लागि ती विद्यार्थीहरु सम्बन्धित गाउँका स्वयंसेवक थिए । त्यसैले ६ वर्षको राविसे कार्यक्रम अन्तर्गत २१७८ (वैद्य सन् २००२) विद्यार्थीहरुले स्वयंसेवक भएर देशभरि ल्याएको लहर नै नेपाली समाजमा भएको आद्युनिक र आदेशात्मक स्वयंसेवाको जन्म थियो ।

आदेशात्मक हुनुको व्याख्या माथि गरिसकिएको छ । तर राविसे स्वयंसेवकहरु किन आद्युनिक थिए भनेर थोरै चर्चा गर्नु आवश्यक हुन्छ । यी स्वयंसेवकहरुले देशभरीका विभिन्न गाउँहरुमा पुर्‍याएको १० महिने सेवा धर्म इतरका क्षेत्रहरुमा बढी थियो । धार्मिक क्षेत्रभन्दा बाहिर विकासका गतिविधिमा राविसे जस्तो बृहद, प्रभावकारी र व्यवस्थित रुपमा स्वयंसेवा परिचालित भएको इतिहास हामीसँग छैन । राविसे बन्द भएपछि पनि नेपाली समाजमा स्वयंसेवकहरुको यस्तो सशक्त उदाहरण देखा परेको

छैन । केवल राविसे सुचारुसँग चलिरहेको समयमा नै स्वयंसेवा र विकासका गतिविधिले प्रभावकारी गति लिन थालेको थियो । विश्वविद्यालयका छात्रछात्राका लागि नेपाली समाज र आफूलाई नै खोज्ने प्रभावशाली प्रयास पनि थियो राविसे । त्यसैले पनि समाजिक विकासका विभिन्न क्षेत्रहरुमा विश्वविद्यालयको आदेशात्मक कार्यक्रम अन्तर्गत परिचालित राविसेका विद्यार्थीहरुलाई नै नेपाली समाजको आधुनिक स्वयंसेवकको रुपमा मान्यता दिनु जायज हुन्छ ।

राविसे चलिरहेको यही समय, २०३४ सालमा रानी ऐश्वर्यको अध्यक्षतामा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को गठन भएको पाइन्छ । सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् ऐन २०३४ले यसको गठनलाई कसरी प्रष्ट्याइएको छ हेरौं:

> समाज सेवीहरुको अभिरुची र सेवाले सञ्चालित विभिन्न सामाजिक सङ्घ संस्थाको कामकाजको दोहोरोपन हटाई समन्वय कायम गर्ने, स्वदेशी, विदेशी र अन्य अन्तर्राष्ट्रिय नीति र कार्यक्रमको तर्जुमा गरि कार्यान्वयन गर्ने, सामाजिक सङ्घ संस्थाको प्रभावकारी सेवा, प्रयास र शक्तिलाई समयानुकुल विकास र विस्तार गरि राष्ट्रको निर्माण र विकास कार्यमा समन्वयात्मक रुपमा लगाउन र विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताकाबीच सुसम्बन्ध, सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित, शिष्टाचार एवं नैतिकता कायम राख्ने र बालबालिका, युवा, बृद्ध, नारी तथा निःसहायहरुको हितको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्य रहेको देखिन्छ (सासेरासप २०४४: ३) ।

परिषद्ले आफ्नो कामलाई प्रभावकारी र चुस्त बनाउन स्वास्थ्य सेवा, बाल कल्याण, नारी सेवा, युवा क्रियाकलाप, सामुदायिक सेवा र हिन्दू धर्म सेवा गरी ६ वटा वेग्लावेग्लै समन्वय समितिहरु निमार्ण गरेर कार्यक्रम चलाएको पाइन्छ । २०३४ सालमा परिषद् स्थापना भएयता नेपालको सामाजिक सेवा र विकासको क्षेत्रमा ठूलो गति र चहलपहल आयो भन्ने मान्यता तत्काली शासनको छ । यसले हासिल गरेको सफलता र उपलब्धिबारे २०४०को दशकमा धेरै नै प्रकाशनहरु बजारमा देखा परेका थिए (हेर्नोस् सासेरासप २०४२; सासेरासप २०४४; शर्मा २०४४; प्रसाई २०४५; शाह र अन्य सन् १९८६) । २०३४ देखि २०४४ को एक दशकमा परिषद्ले निक्कै प्रगति गरेको ठहर कालीप्रसाद रिजालको छ । 'विगत दशकमा परिषद्का उपलब्धि' शीर्षकको लेखमा उनी लेख्छन्:

> परिषद्ले आफ्नो स्थापना कालदेखि नै सङ्घसंस्थाहरुको सुदृढीकरण, विकास र विस्तार हर प्रकारले सहयोग प्रदान गर्दै आएको छ । फलस्वरुप २०३४ सालको तुलनामा राष्ट्रिय स्तरका सङ्घसंस्थाहरु १३ ओटाबाट १८ ओटा, क्षेत्रीय स्तरका २ ओटाबाट ६ ओटा र स्थानीय स्तरका २४ ओटाबाट १२९ ओटा पुगेका छन् । यी संस्थाहरुका शाखा, प्रशाखा र स्थानीय एकाइहरुका सेवाक्षेत्रमा पनि यसै गरी अभूतपूर्व ढङ्गबाट विस्तार भएको छ । ...समाजसेवी सङ्घसंस्थामा प्रत्यक्षरुपले संलग्न भै काम गर्ने

> कार्यकर्ताहरुको संख्या २०३४ सालमा करिब एक्काईस हजार थियो भने आज त्यो बढेर करिब करिब १ लाख १० हजार पुगेको छ । यसबाट समाजसेवाको संगठनात्मक स्वरुप एवं संरचनाका साथै समर्पित कार्यकर्ताहरुको निरन्तर विकास र विस्तार हुँदै गएको स्पष्ट हुन्छ । ...यस प्रकार २०३४ सालको तुलनामा आजको समाजसेवाको क्षेत्र भौतिक, मावनीय, आर्थिक तथा अन्य दृष्टिकोणबाट साधनसम्पन्न, सक्षम र प्रभावकारी भएको कुरा सगौरव भन्न सकिन्छ (रिजाल २०४४: ६६-६७) ।

यसरी स्वास्थ्य, दैवी प्रकोप, धार्मिक, व्यावसायिक तालिम तथा रोजगारमूलक योजना र अन्य सामाजिक क्षेत्र तत्कालीन समयमा आफ्नै किसिमले मूल्याङ्कन गरेका धेरै लेखनीहरु पाइन्छ । तर परिषद्को स्थापनाले एकातिर सङ्घसंस्थाहरु जन्माउन सघायो भने अर्कोतर्फत ती संस्थाहरुलाई सानो रुपमा भए पनि आर्थिक स्थायित्व प्रदान गऱ्यो । परिषद्ले गर्ने आर्थिक सहयोग र कार्यक्रमले सामाजिक सेवा र विकासको कार्यक्षेत्रलाई स्थानीय तहमा पुऱ्याउन सहयोग पुग्यो । यसको गठनभन्दा पहिल विभिन्न संङ्घसंस्थाहरुलाई यसरी सरकारी आर्थिक अनुदान विनियोजन गर्ने व्यवस्था थिएन । यी यसका सकारात्मक पक्षहरु हुन् ।

यसलाई अर्को पाटोबाट पनि हेर्न सकिन्छ । पहिलो, नागरिकको न्यूनतम विकास र सुरक्षा राज्यको प्राथमिक दायित्व हो । तर यो दायित्व पूरा गर्ने कुरालाई पञ्चायती राज्यले आफ्नो उत्तदायित्व नभएर रानीको चाहना, इच्छा र जनताप्रतिको प्रेमसँग गाँस्दै 'भावनात्मक सेवा' मा लगेर जोड्यो । आफ्नो कर्तव्य नगरेर देशवासीलाई ठूलो गुन लगाइएको प्रचार गरियो जुन गलत थियो । दोस्रो, राज्यको कार्यलाई 'समाज सेवा'को रङ्ग दिनु नै तत्कालीन शासकले आफ्नो निरङ्कुश शासनलाई भावनात्मक आँडमा बचाउने हतियारको रुपमा प्रयोग गरेको एउटा उदाहरण हो । अर्थात् समाजसेवालाई राजनीतिक बचाउँको ढाल बनाउने प्रयास गरियो । तेस्रो, परिषद्को स्थापनाका प्रारम्भका बर्षहरु पञ्चायती शासनको तीब्र विरोध भएका वर्षहरु हुन् जसको परिणाम २०३६ को जनमत सङ्ग्रह निम्त्यायो । यो समय राज्यलाई पञ्चायती व्यवस्थाको लोकप्रियता र प्रचारबाजी जरुरी थियो । परिषद्को स्थापना र समाजमा फैलिने किसिमका कामलाई यही रणनीतिको रुपमा हेर्न सकिन्छ । नत्र आफ्नो कामलाई राज्यले रानीको चाहना र इच्छासँग जोड्दै भावनात्मक खोल ओढाउन कुनै आवश्यकता थिएन । चौथो, नेपालको सामाजिक उत्थानको हिसाबले पनि परिषद्ले गरेका कामलाई ठूलै प्रगति हो भनेर कालीप्रसाद रिजालले काँध थाप्नु पर्ने कुनै जरुरी थिएन । दश वर्षको अन्तरालमा राष्ट्रिय र क्षेत्रीय स्तरको सङ्घसंस्था क्रमशः १३ बाट १८ र २ बाट ६ हुनु भनेको परिषद्ले ३० महिनामा एउटा राष्ट्रिय र एउटा क्षेत्रीय स्तरको संस्था स्थापना गर्नु हो । औसतमा ३० महिनामा एउटा संस्थाको स्थापना गर्नु, त्यसले गरेको/नगरेको गुणात्मक कार्यको कुनै चर्चा नगरी परिषद्ले विकास गऱ्यो भनेर ढिङ हाक्नु, रानीले जनताको हित गर्न चाहेको भनेर देखाउनु जस्ता कार्यले तत्कालीन

पञ्चायत शासनले आफ्नो स्थायित्वको लागि विकास वा/र सेवा कम प्रचार बढी गरेको भन्ने कुरा बाहेक अन्य केहीको सङ्केत थिएन । अन्तिममा, हुन त परिषद्ले सामाजिक विकास र समाजसेवाको रुपमा अघि सारेका कुराहरु नागरिकका हक अधिकारका र राज्यको उत्तरदायित्वसँग सम्बन्धित थिए । चौथौ पञ्च वर्षिय योजना (२०२२-२७) मा नै स्वीकारिएको सङ्घ-संस्था र स्वयंसेवा मार्फत सामाजिक विकासको एजेण्डालाई तत्कालीन शासन व्यवस्थाले २०३४ सालमा आएर मात्र कार्यान्वयन गर्ने प्रयास गरेको स्पष्ट छ, त्यो पनि राज्यको कामकर्तव्यसँग कम र रानीको माया, प्रेमको आँडमा यो सवाललाई भावनात्मक रुपान्तरणसँग जोड्ने प्रयास गर्दै।[३९]

## *विकासे स्वयंसेवक र सरकारी सक्रियता*

स्वयंसेवाको विकासक्रम अन्तर्गत अघिल्लो खण्डमा चर्चा गरिएको राष्ट्रिय विकास सेवा नै सरकारी स्वयंसेवाको अवधारणा तयार गर्न सहयोग पुऱ्याउने आधारभूत पृष्ठभूमि हो । राष्ट्रिय योजना आयोगले विभिन्न ग्रामीण क्षेत्रहरुमा विकासका पूर्वाधारहरु निमार्ण गर्न साथै आर्थिक एवं सामाजिक पछौटेपन हटाउन तीन सदस्य टोली मार्फत एउटा सम्भाव्यता अध्ययन गराएको थियो । यही टोलीको सुझाव अनुरुप राष्ट्रिय योजना आयोगले नवौं योजनामा रहेको गरिबी निवारणलाई मुख्य मुद्दा बनाएर आर्थिक वर्ष २०५५/०५६ देखि विशेष क्षेत्र[४०] विकास कार्यक्रमको तर्जुमा गऱ्यो । भौगोलिक विकटता र आर्थिक एवं सामाजिक पछ्यौटेपनका आधारमा छनौट गरिएका यी जिल्लाहरुमा विकास स्वयंसेवकमार्फत विकासका गतिविधि र भौतिक पूर्वाधारको विस्तार गर्ने कार्यक्रम योजना आयोगको रहेको छ । विशेष क्षेत्र विकास कार्यक्रमलाई पुष्टि गर्दै भनिएको छः

> २०४६ सालको जनआन्दोलन पश्चात पुनर्स्थापित प्रजातान्त्रिक व्यवस्थाले उब्जाएको जनआकाङ्क्षा र माग सरकारी प्रयासबाट मात्र पूरा हुन नसक्ने हुँदा जनताहरुमा

---

३९ राज्यले यस्तो रणनीति अवलम्बन गर्नुमा के कति राजनीत स्वार्थ थियो, परिषद्को काम कति सही ढङ्गबाट सामाजिक सेवामा समर्पित थियो, सामाजिक सेवाको नाममा राज्यले आफ्नो स्थायित्वको लागि कति राजश्व र राज्यको ढिकुटी प्रयोग गऱ्योलगायत धेरै प्रश्नहरुको आधारमा वेग्लै र गहकिलै अध्ययन गर्नु पर्ने हुन्छ, जुन यो लेखको दायराभन्दा बाहिरको विषय हो । परिषद्को गठनसँगै गैससको स्थापना हुन थालेको हो । त्यसले विस्तारै राज्यकै आर्थिक सहयोगमा र त्योभन्दा बाहिर पनि समाजसेवाको क्षेत्रलाई निर्दलीय शासन व्यवस्थाभित्र केहीहदसम्म खोल्यो । नतिजास्वरुप उचित उद्देश्य भएका अन्य व्यक्ति/समूहको लागि पनि यसले ढोका खोल्यो । यही कारण परिषद्को सन्दर्भ यहाँ आवश्यक भएको हो । साथै देशको राजश्वको प्रयोग गर्दै राज्यले जे गर्न खोज्यो, 'समाजसेवा'को त्यो 'राजनीति'बारे वेग्लै अध्ययन हुनु पर्ने आवश्यकताको लागि पनि यो खण्ड समावेश हुन अनिवार्य थियो।

४० ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बू, दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, रसुवा, धादिङ, गोरखा, मनाङ, मुस्ताङ, रुमुम, रोल्पा, सल्यान, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, बाजुरा, बझाङ, अछाम र दार्चुला विशेष क्षेत्र अन्तर्गतका पच्चिस जिल्लाहरु हुन् ।

> निहित ऊर्जा र जाँगरलाई उनीहरुकै आवश्यकताहरुको परिपूर्तिका लागि परिचालन गर्नु अपरिहार्य देखिन्छ । ...विकासको क्रममा कुनै क्षेत्रका समुदाय पछाडि नछुटोस् भन्ने प्रजातान्त्रिक समाजवादको मर्मलाई आत्मसात गर्दै विकास योजनालाई जनताको पक्षमा अभिमुख बनाउनु आजको आवश्यकता हो । श्री ५ को सरकारले यसै तथ्यलाई हृदयंगम गरी जनतालाई नै सक्रिय सहभागी गराई पछाडि परेका क्षेत्रको विकासका लागि नयाँ सोचका साथ अगाडि बढ्ने अठोट लिई विशेष क्षेत्र विकास कार्यक्रम लागू गरेको छ । ...त्यसैले विशेष क्षेत्र विकास कार्यक्रम लागू भएका जिल्लाहरुमा विकास स्वयंसेवकहरुको व्यवस्था गरि तिनीहरुलाई उत्प्रेरकको रुपमा प्रयोग गरिनेछ । ...यी विकास स्वयंसेवकहरुले आयोजनाको कार्यान्वनमा उपभोक्ता समितिहरुलाई टेवा दिनुका साथै, जिल्लास्थित क्षेत्रगत कार्यालयहरु तथा गैरसरकारी संस्थाहरुसँग प्राविधिक सहयोगका लागि एक सम्पर्क विन्दुको रुपमा काम गर्नेछन् । गाउँ र सदरमुकामबीच एक प्रशासनिक कडीको काम गर्नेछन् । गाउँ विकास समिति तहमा उपभोक्ता समितिहरु मार्फत सञ्चालन हुने प्रत्येक आयोजनाको सम्पादनको जिम्मेवारी यिनै विकास स्वयंसेवकहरु ऊपर रहनेछ (राष्ट्रिय योजना आयोग २०५५:२-१३) ।

यसरी योजना आयोगको विशेष क्षेत्र विकास कार्यक्रममा दुई किसिमका विकास स्वयंसेवकहरु परिचालित गरियो । पहिलो, राष्ट्रिय स्तरबाट छानिएका उच्च शिक्षा तथा प्राविधिक ज्ञान हासिल गरेका स्वयंसेवकहरु, तथा दोस्रो स्थानीय स्तरमै नियुक्त महिला स्वयंसेवकहरु । आ.व. २०५५/०५६ मा प्रत्येक किसिमका २५० स्वयंसेवक गरी ५०० स्वयंसेवकहरु योजना आयोगमार्फत परिचालन गर्ने लक्ष रहे पनि केवल २२० स्वयंसेवक परिचालित रहे । तर राजनीतिक कार्यकर्ताहरु भर्ना गर्ने अखडाको रुपमा यसलाई प्रयोग गरियो भनेर विभिन्न क्षेत्रबाट आलोचना भएपछि दोस्रो वर्ष यो कार्यक्रमलाई स्थगित गरियो ।

स्वयंसेवकहरु परिचालनको इतिहासलाई हेर्दा राष्ट्रिय विकास सेवाले तत्कालीन समयमा ग्रामीण विकासका गतिविधिहरुमा ठूलै वेग र जागरणको लहर ल्याएको उदाहरणहरु प्रस्तुत गरिन्छ । विशेष गरी विद्यार्थीहरुलाई देशको वास्तविक स्थिति अवगत गराउने दृष्टिकोणबाट र गाउँगाउँमा आधारभूत शिक्षा, स्वास्थ्य र विकासका प्रयासहरुलाई टेवा पुऱ्याउने हिसाबमा राविसे सफल भएको मानिन्छ । एकातिर त्यही लहरको चाललाई यथावत राख्न र अर्कोतर्फ अन्तर्राष्ट्रिय संस्थाहरुले विकासका कार्यक्रममा स्वयंसेवक परिचालन गरिरहेको अवधारणालाई हुबहु रुपान्तरण गर्नु यो कार्यक्रमको प्रयास थियो । तर राजनीतिक कार्यकर्ता भर्ना गरिएको कारण विशेष क्षेत्र विकास कार्यक्रम आलोचित भयो । फलस्वरुप यो कार्यक्रम एक वर्षको लागि अवरुद्ध पनि भयो । तर आन्तरिक रुपमा यसलाई निरन्तरता दिने प्रयासहरु चलिरहेका थिए । त्यसैले २०५७ सालमा राष्ट्रिय विकास स्वयंसेवक सेवाको नाममा यो कार्यक्रम पुन: लागू गरियो । साथै पछिका वर्षहरुमा यस कार्यक्रमले आफूमाथि लागेको आक्षेप मेटाउँदै जान सफल भइरहेको छ भन्छन् कार्यक्रम अधिकृत कोमल धमला ।

२०५५ सालमा २५ जिल्लाबाट काम थालनी गरेको यस कार्यक्रमले २०५९ भदौसम्म आइपुग्दा ४२ जिल्लामा कार्यक्रम विस्तार गर्न सफल भएको छ । राष्ट्रिय विकास स्वयंसेवक सेवामार्फत २०५९ भदौसम्ममा करिब १५०० स्वयंसेवकहरुले पूर्वाधार विकास, कृषि तथा पशु, चरण र जडिबुटी विकास, ग्रामीण उद्यमी र कृषकहरुलाई साक्षरता र आधारभूत शैक्षिक तथा स्वास्थ्यका कार्यक्रम र विभिन्न स्थानीय निकाय (गाउँ विकास समिति, जिल्ला विकास समिति, नगर पालिका आदि)सँगको विकासका कार्यक्रम र आय आर्जनलगायतका कार्यक्रममा सेवा पुऱ्याइसकेका छन् ।

प्रारम्भिक वर्षमा उच्च शिक्षा प्राप्त र विभिन्न प्राविधिक स्वयंसेवकलाई रु.२,५०० र स्थानीय महिला स्वयंसेवकलाई रु. १,००० मासिक निर्वाह भत्ता दिने व्यवस्था थियो । आर्थिक वर्ष २०५७/०५८ सम्म आइपुग्दा यो निर्वाह भत्ता रु. ४,००० देखि रु. ७,००० सम्म पुगेको छ । अर्थात एकै तहका निजामति सेवामा आवद्ध कर्मचारी र विशेष क्षेत्र विकास कार्यक्रमको स्वयंसेवकहरुको तुलना गर्दा तिनीहरुले पाउने तलबमा धेरै फरक पाइँदैन भन्छन् कोमल धमला । उनीहरुको सेवाको प्रकृति अनुसार सरकारसँग हुने अनुबन्धको सम्भौतामा मात्र केही फरक पाउन सकिन्छ । पहिलो वर्ष ८ करोड रहेको यस कार्यक्रमको बजेट पाचौं वर्षमा आइपुग्दासम्म केवल २ करोड ९ लाखमा झरेको छ । अहिलेसम्मको वित्तीय विनियोजन हेर्दा करिब १० प्रतिशत रकम प्रशासनिक कार्यमा र ९० प्रतिशत रकम स्वयंसेवकहरुको कार्यक्रम निमार्ण र विकास कार्यमा केन्द्रित रहेको बुझिन्छ ।

## निष्कर्ष

२००७ साल पूर्वदेखि परोपकार संस्थाले गर्दै आएको स्वयंसेवी कार्य र युएन भोलेण्टियर्सले सन् २००० को दशकमा गरेका स्वयंसेवी अभ्यास नितान्त पृथक छ । यसको संस्थागत संरचना भिन्न छ । सैद्धान्तिक अवधारणा फरक छ । व्यवहारिक कार्यक्षेत्र पृथक छ । स्वयंसेवकहरु परिचालन गर्ने सामाजिक र राजनीति उद्देश्य निकै बेग्लै छ । स्वयंसेवा र स्वयंसेवकको बुझाई र मान्यता पनि नितान्त अलग छ । यसरी परोपकार संस्था र युएन भोलेण्टियरबीच अन्य धेरै स्वयंसेवी अभ्यास र संस्कारका व्यापक आयाम र पक्ष विद्यमान छन्, जसको मनग्गे विश्लेषण यो लेखिभरि गरिसकिएको छ । यी स्वयंसेवी अभ्यासहरुले दिएको स्पष्ट सन्देश नै स्वयंसेवाको अवधारणा र कार्यक्षेत्र फैलँदो छ, यसको स्वरुप परिवर्तन हुँदो छ भन्ने हो । अर्थात् आजभन्दा ३० वर्ष अघि मात्र पनि मानिसले स्वयंसेवाभन्दा जे बुज्थे आज त्यति मात्र बुझ्दैनन् । वा स्वयंसेवा परिश्रमिक लिने र नलिने कार्यकर्ताहरुबीचको परम्परागत मान्यता र बुझाईको मात्र लडाँइ होइन । यो एकबार वा मन लागेको वेला गरिने सहयोग र व्यावसायिक स्वयंसेवकबीचको विभेद मात्र पनि होइन । स्वयंसेवाको अबको

बहसलाई विगतका वर्षहरुमा यसले हासिल गर्दै आएको गतिशीलता र परिवर्तित स्वरुपसँगै बुझ्नु पर्ने हुन्छ (गौतम २०६०)।

पहिलो, नेपाली समाजमा स्वयंसेवाबारे केही लेखिँदैन, बहस नै हुँदैन भन्ने अवस्था छैन। तर यो बहस निकै मलिनो र छरिएको छ। चन्दागुठीदेखि सामाजिक विकाससम्म जे जस्ता लेखनी र छलफल भएका छन् त्यसले स्वयंसेवा एउटा महत्वपूर्ण बहसको विषय हो भन्ने कुरालाई वृहद र व्यापकसँग स्थापित गर्न सकेको छैन। लायन्स र रोटरीले जे गरिरहेका छन् सामाजिक सेवाको नाममा त्यो समाज सेवा होइन र तिनीहरु स्वयंसेवक होइनन् भन्ने आवाज छ एकातिर। अर्कोतर्फ, धेरै स्थानीय सङ्घसंस्था छन् जोसँग पैसा छैन, व्यवस्थापन कमजोर छ तर एकप्रकारको लगन छ र समाजमा व्यापक प्रभाव पार्न नसके पनि केही गरिरहेका छन्। यिनीहरुसँग जोस र प्रतिवद्धता छ भनिन्छ। त्यस्तै स्रोत-सम्पन्न अन्तर्राष्ट्रिय संस्थाहरु पनि छन् जसले 'विकास'लाई मूल मन्त्र बनाएर स्वयंसेवक परिचालन गरिरहेका छन्। यी संस्थाले नेपालमा हुने स्वयंसेवाको बहसलाई प्रभाव पारिरहेका छन्। स्वयंसेवाको स्वरुप र मान्यता परिवर्तन गर्नमा पनि यिनको भूमिका ठूलो छ। साथै धर्म, यश, कीर्ति आदिको पछाडि कुदिरहने ठूलो हिस्सा पनि नेपाली समाजमा छँदैछ। त्यसैले सप्ताह र महायज्ञको नाममा लाखौं रुपिया उठिरहेका छन्; दान, दक्षिण र भेटिको रुपमा पशुपति, मनोकामनालगायत देशका ससाना मन्दिरका भट्टले समेत अकुत रकम जम्मा गरेकै छन्। यी सबै कार्यसँग स्वयंसेवाको अन्तरसम्बन्ध गहिरो छ। यही छरिएर रहेको अन्तरसम्बन्ध र गहिराईलाई खुकुलो तर ठोस खाका र संरचनाभित्र गहकिलो बहस गर्ने उपाय खोज्ने चुनौती सबैको सामुन्ने छ। यो क्षेत्रलाई सशक्त र प्रभावकारी बनाउँदै परिचालन गर्न सकेमा यसले नेपालमा हुने 'विकास', दाताहरुको भूमिका, वैदेशिक सहयोग, 'नागरिक समाज', 'समाजिक विकास' र 'समाज सेवा' आदि विषयहरुमा भिन्न र गतिलो बहसलाई सघाउने प्रष्ट छ। नेपालको आन्तरिक अर्थतन्त्रलाई अर्को पाटोबाट अध्ययन/अन्वेषण र व्याख्या गर्न यसलाई सशक्त रुपमा उठाउनु जरुरी छ।

यसरी छरिएर रहेको स्वयंसेवी प्रयासलाई पाँचवटा 'मोडल' अन्तर्गत हेर्न सकिन्छ। पहिलो, व्यक्ति, समूहले असङ्गठित रुपमा एकबार गरेका प्रयास जुन सबै क्षेत्रमा निरन्तर भैरहेको छ। यस्ता अभ्यास नेपाली समाजमा एकप्रकारको मान्यता र संस्कार बनेको तर कुनै तालमेल बिना नै भइरहेको स्पष्ट छ। धर्म र कीर्तिको नाममा एकपटकको लागि बाटो, चौतारो, विसौनी, मन्दिर, धर्मशाला, स्कूल देखि पुलिस चौकी, स्वास्थ्य चौकीसम्म विभिन्न क्षेत्रमा छरिएर रहेको यो प्रयास नेपाली समाजको संस्कार हो। आजभोलि शहरीकरणसँगै यसमा ह्रास आउन थालेको चर्चा पनि हुने गर्छ। यस्ता उदाहरणलाई सकेसम्म बढी सार्वजनिक गर्न सकेमा, यसले परिचालन गरिरहेको मानव श्रम र अर्थको आयतन दिन सके स्वयंसेवाको बहस गहकिलो र व्यापक हुने निश्चित छ।

दोस्रो मोडलको रुपमा असङ्गठित व्यक्ति र कति अवस्थामा समूहहरु लिन सकिन्छ जो समाजिक हितको लागि निरन्तर लागि परेका छन् । विर्तामोड र वरिपरिका सडकमा भीख मागेर जीवन गुजारा गर्ने तर त्यसबाट सञ्चित रकम विद्यालय निर्माण र अन्य कार्यको लागि लगाउने हरिनारायण लुइँटेलदेखि मनमैंजुका मानसिंह महर्जनसम्म, पण्डित छविलाल गुरु, तुलसी मेहरदेखि वर्तमान समाजमा सक्रिय धेरै समाजसेवी व्यक्तिहरु यही कोटीका हस्ती हुन् । अधिकांश गाउँ/शहरमा स्थानीय उत्थानको लागि स्वतःस्फूर्त लागि परेका व्यक्तित्वको गहिरो खोजी र नालीबेली त अझ व्यापक रुपमा आएको छैन । यसरी निरन्तर लागि परेका व्यक्तित्वहरुले स्वयंसेवालाई गतिशीलता दिन र यसको आयामलाई विविध र क्रियाशील बनाउन खेलिरहेको भूमिका उल्लेख्य छ ।

तेस्रो, नेपाली समाजमा सङ्गठित रुपमा सक्रिय त्यस्ता व्यक्ति, समूह र सङ्गठनलाई लिन सकिन्छ जो दाताका सहयोग र प्रभावभन्दा बाहिर छन् । कतिपय टोलमा अवस्थित सुधार समूहदेखि अरुणोदय क्लब जस्ता देशभरि रहेका स्थानीय क्लबसम्म; गाउँगाउँमा सक्रिय रहेका आमा समूहदेखि कतिपय स्थानीय बचत कार्यक्रमसम्म; अनि योजनाबद्ध रुपमा धेरै बाटोघाटोदेखि स्कूल र स्वास्थ्य चौकी निमार्णसम्म स्वयंसेवाका उदाहरण धेरै पाउन सकिन्छ । तर यस्ता कुराहरु स्वयंसेवाको व्यापक बहस बन्न सकेका छैनन् । नई प्रकाशनबाट विभिन्न व्यक्तिहरुको सहयोगमा हुने पुस्तक प्रकाशनदेखि ब्लड बैंकले काठमाडौँका विभिन्न क्लब र समूहसँग मिलेर गर्ने रक्तदान कार्यक्रम पनि यसैको फरकफरक नमुना हो । शुरुमा कोष स्थापना गर्न सहयोग पाए पनि स्थानीय रुपमा नै चन्दा उठाएर प्रभावकारी रुपमा काम गर्न सकिरहेको टेवा अर्को उत्कृष्ट नमुना हो । यस्ता उदाहरण र नमुनाको उत्खनन् गर्दै गयो भने सूची लामो हुन सक्छ । अहिलेको चुनौती भनेको नै यही उत्खनन् प्रकृयालाई व्यापक बनाउनु हो जसले नेपाली चन्दा-गुठीको संसारलाई अर्को मोड दिने सम्भावना त्यति नै राख्छ जति यसले दाताहरुको रणनीति र वैदेशिक सहयोगमा हुने बहसको ढर्रालाई परिवर्तन गर्ने क्षमता राख्छ । नेपालको आन्तरिक अर्थतन्त्रको बहसमा नयाँ आयाम थप्ने यो राम्रो कडि हुन सक्छ । त्यसैले यी विभिन्न पक्षहरुसँग जोडेर यसको लेखन, खोजी र बहस हुन जरुरी छ ।

चौथो, भोलेण्टियर्स पठाउने एजेन्सिका नामबाट परिचित दाता र गैससको संसार हो जुन दातृ सहयोगमा टिकेको छ । यसलाई वैदेशिक सहयोगसँग गाँसिएको स्वयंसेवाको संसार भनेर पनि बुझ्न सकिन्छ । स्वास्थ्य, शिक्षा र विकास निर्माणमा यिनीहरुको प्रभाव व्यापक छ । अहिले देखा परिरहेका 'भोलेण्टियर्स' शब्दको प्रयोग, विकासे कार्यकर्ताको रुपमा परिवर्तित हुँदै गएको स्वयंसेवकको परिचय, स्वयंसेवाको बुझाई र अवधारणाले कोल्टे फेर्न थालेको अवस्था, र यी सबै कुराहरुले स्वयंसेवाको स्वरुपमा पारेको प्रभाव यो मोडलको परिणाम हो । स्रोतको हिसाबले यो समूह निकै सम्पन्न छ । यी कार्यमा संलग्न सङ्घसस्थाको पहुँच प्रभावशाली भएकोले नेपालभित्र स्वयंसेवालाई आफ्नै

प्रकारले परिभाषित गर्दै र यसलाई अर्कै मोड पो दिने हुन् कि भनेर नेपाली मिडियादेखि अन्तर्राष्ट्रिय सञ्जालसम्म अर्को ठूलो जत्था सशंकित छ । यसरी सशंकित हुनु पर्ने केही कारण छैन, बरु सशंकित समूहले स्वयंसेवक परिचालन गर्न यी संस्थाहरुले प्रशासनिक र कार्यालय सञ्चालनमा गरिरहेको खर्चलाई बहसमा उठाउन सके छलफलले लिने दिशा फरक हुने थियो । साथै यो नमुना अन्तर्गत स्वयंसेवामा 'विकास', 'शहरीकरण', 'आधुनिकता', जस्ता अवधारणा भित्रिएको सन्दर्भमा बसह हुन सके यसका सकारात्मक पक्षहरु धेरै हुने निश्चित छ । 'आर्थिक सहयोग'सँगको बहसमा पनि यसलाई गाँस्न सकिन्छ । रोटरी, लायन्सका नाममा भइरहेका विभिन्न स्वयंसेवी कार्य पनि यही नमुनाको अर्को पाटो हो । यी समूहको उद्देश्य समाजिक विकास र सेवामा कम अनि आफ्नो सोख र सौलियतका लागि बढी हुने गरको छ भन्ने आवाज चर्को छ । यो चर्को आवाज निकै छरिएको छ । यदि यस्ता कुराहरु औपचारिक रुपमा सार्वजनिक बहसमा आउन सके वास्तविकता नाङ्गो हुने थियो साथै रोटरी, लायन्सका कार्यहरुले पनि अर्को कोल्टे फेर्ने थिए भनेर आशा गर्न सकिन्छ ।

पाँचौ, स्वयंसेवालाई सरकारले सक्रिय रुपमा प्रयोग गरेको नमुना हो । सम्वत् २०३० को दशकमा सरकारले राविसे र सासेरासपको गठन गर्‍यो । आदेशात्मक स्वयंसेवाको अवधारणा भित्र्याएको राविसेले शिक्षा र स्वयंसेवाको मोडलाई फरक र रचनात्मक आयाम दियो । यसको प्रभाव निकै सकारात्मक रहेकोले नै अहिले पुनः यही मोडललाई निरन्तरता दिन राष्ट्रिय विकास स्वयंसेवक सेवाको गठन गरिएको छ । शिक्षाबाट यो नमुनाको पुनरावृत्ति विकास निर्माणमा भएको छ । तर पाँच वर्ष वितिसक्दा पनि राविस्वसेका कार्यक्रमले आशातित लहर ल्याउन सकेका छैनन् । त्यस्तै सासेरासप पञ्चायतले अघि सारको पुरानै ढर्राको एउटा नमुना थियो । 'सामाजकल्याण'को नाममा देखा परेको यो रणनीति पञ्चायती शासन व्यवस्थालाई बचाउँने एउटा ढाल थियो जहाँ राज्यले आफ्नो 'दायित्व'लाई 'भावनात्मक उपकार'को खोल ओढाउन चाहेको स्पष्ट छ । यसबाट स्थानीय सङ्घसंस्थाहरुलाई थोरै भए पनि अनुदान दिने कार्यको थालनी भएको भने अवश्य हो । राविसेका अभ्यासहरुले सासेरासपको स्थापनाभन्दा केही वर्ष अघि नै नयाँ लहर ल्याउन सफल भइसकेपछि स्वयंसेवाको अवधारणालाई सासेरासपले फराकिलो र व्यापक बनाउन सक्थ्यो । तर यसो भएन । यसले स्वयंसेवाको संसारलाई 'भावना'सँग गाँस्दै अझ साँघुरो बनायो । सरकारका यी रणनीति र राजनीतिको अध्ययन र बहसले व्यापक गति लिन भने अझ बाँकी नै छ ।

यस्ता स्वामित्व र संरचनासँगै स्वयंसेवाका नमुनालाई बहसमा ल्याए छलफल र लेखनले केही सार्थक रुप लिने थियो, जुन अहिलेसम्म भएको छैन । अझ समाजशास्त्रीय दृष्टिबाट यसको लेखन पनि शून्यप्राय छ । अबका स्वयंसेवी अभ्यासले स्वयंसेवाको यो बृहद संसार, यसका बदलिँदो स्वरुप र संरचना साथै समाजशास्त्रीय अन्तरसम्बन्धलाई

हेक्का राख्नु अति जरुरी छ । यस्तो भएमा स्वयंसेवाको बहस र लेखनसँगै यसलाई विश्लेषण गर्ने तौरतरिका, उपाय र स्तरमा पनि निकै सुधार हुने निश्चित छ ।

राजनीतिलाई अपवादको रुपमा हेर्दा नेपाली सामाजिक आन्दोलन र अधिकारको सङ्घर्षमा स्वयंसेवाको आशलाग्दो अभ्यास देखा परेको छैन । त्यसैले स्वयंसेवाका परिवर्तित स्वरुपले सक्रिय र सरोकार पक्षका व्यक्ति/समूहमा अधिकार दिलाउने स्वयंसेवी नमुना र अभ्यास भित्र्याउने चुनौती पनि विद्यमान छ । स्वयंसेवाले मानिसको बुझाई, सामाजिक अधिकारको सवाल, स्वयंसेवी कार्य/अभ्यासले उनीहरुको 'दैनन्दिन', 'आत्मसन्तुष्टी' वा भोगाई र बुझाईको संसारमा पारेको प्रभावलाई स्वयंसेवाको बहसले प्रत्यक्षसँग प्रभाव पार्छ कि पार्दैन भनेर यो लेखमा कुनै चर्चा गरिएन।[४१] माथिका मोडलहरुले यस्ता विषयलाई सम्बोधन गर्ने खाका र संरचानामा परिणत हुन्छन् कि हुँदैनन् यो आफैमा स्वयंसेवाको निकै महत्वपूर्ण बहस हुन सक्छ । अनि माथि भनिए जस्तै 'विकास', 'शहरीकरण', 'आधुनिकता', 'आन्तरिक अर्थतन्त्र', साथै 'सामाजिक संरचना', 'सामाजिक आन्दोलन' आदि विषयहरुसँग स्वयंसेवाको बहसलाई जोड्ने थप चेष्टा र चूनौती पनि छँदैछ । अर्थात अलि फलाकिलो भएर स्वयंसेवाका विभिन्न आयाम र पक्षहरुसँगै 'स्वयंसेवा' शब्दलाई मात्र नभएर यस क्षेत्रमा देखिएका अभ्यास र स्वरुप, नमुना र संरचानालाई अध्ययन र पुनर्विचार गर्न जरुरी छ ।

## धन्यवाद

यस अनुसन्धानको लागि मलाई हौस्याउने सेभ द चिल्ड्रेन (युके)की जास्मिन राजभण्डारी र मार्टिन चौतारीकी सेरा तामाङप्रति म कृतज्ञ छु । अनुसन्धानको क्रममा उत्साहप्रद रुचि देखाएर ठूलो सङ्ख्यामा सहयोग गर्नु हुने स्वयंसेवी सङ्घसंस्था र प्रतिनिधिहरुलाई मेरो धन्यवाद छ । केही स्वयंसेवक खोज्न मद्दत गर्नु हुने जनवी लेकियर र राजकुमार के.सी. प्रति कृतज्ञ छु । अध्ययनकै सिलसिलामा मार्टिन चौतारीका शेखर पराजुली, कृष्ण अधिकारी, अनुभव अजीत र हर्षमान महर्जनलगायतका साथीहरुले, साथै देवराज हुमागाईं र प्रभाकर गौतमले अनि विशेष रुपमा प्रत्यूष वन्तले गरेको गुणग्राही सहयोग उल्लेख्य छ । यो लेखको थुप्रै प्रारम्भिक मस्यौदामाथि पूर्ण बस्नेत, शेखर पराजुली, हरि रोका, र सेभ द चिलड्रन (युके) का मित्रहरु कृति थापा, प्रल्हाद ढकाल, शिव पौडेल र जास्मिन राजभण्डारीसँगका छलफल र सुझाव उपयोगी रहे । उहाँहरुप्रति म आधारी छु । पछिल्लो चरणमा प्रत्यूष वन्तबाट प्राप्त सल्लाहले यो

४१ अहिलेसम्म भइरहेका 'विकास' र 'सचेतना'का बहसको ढर्राले वर्गीय आयामका परिवर्तन र चहलपहलको व्याख्या गरिरहेको छ तर यी सबै भोगिरहेका कर्ताहरुको संसारलाई सम्बोधन गर्न सकिरहेको छैन । कर्ताको संसार, उनीहरुको भोगाई र बुझाईलाई सम्बोधन गर्न हालका 'विकास' र 'सचेतना' विश्लेषण गर्ने खाका र नमुना पर्याप्त छैन भन्ने थप जानकारीको लागि हेर्नोस् फुजिकुरा (सन् २००१) ।

लेखको संरचना र विषयवस्तुमा तात्विक फरक पारेको छ । उहाँलाई विशेष धन्यवाद छ । यस अध्ययनको लागि आर्थिक सहयोग दिने र प्रकाशनको अनुमति दिने जास्मिन राजभण्डारी र  सेभ द चिल्ड्रेन (युके)लाई धन्यवाद छ । यसमा देखा परेका विश्लेषण र सूचनामा यदि कमीकमजोरी रहे सम्पूर्ण रुपमा म जवाफदेही छु ।

## स्रोत व्यक्ति

१) कमल थापा, एसपीडब्लु स्वयंसेवक
२) कविता उपाध्याय, टेवा
३) किरण शाही, टेवा स्वयंसेवक
४) केथरिन स्पेलर, एसपीडब्लु स्वयंसेवक
५) कोमल धमला, राष्ट्रिय स्वयं सेवक सेवा
६) कोमल शर्मा, सेभ द चिल्ड्रन (युके)
७) श्रीकृष्ण दाहाल, रोटरेरी क्लब अफ काठमाडौँ
८) गौरवराज उपाध्याय, युएन भोलेण्टियर
९) घमराज लुइँटेल, रेडियो सगरमाथा
१०) चन्द्रप्रसाद पौडेल, शोभा स्वयंसेवक, दमक
११) चन्द्रिका पौडेल, टेवा स्वयंसेवक
१२) जीवन शर्मा, प्राध्यापक, सेण्ट जेभियर कलेज
१३) डा. ज्योतिराज श्रेष्ठ, स्वास्थ्य मन्त्रालय
१४) टीका कार्की, पीसकोर नेपाल
१५) डिकेन हिगिन्स, इन्टरनेसनल युएन भोलेण्टियर
१६) डा. तुलसीराम वैद्य, इतिहासकार
१७) देबेन्द्र सुवेदी, एसपीडब्लु स्वयंसेवक
१८) नरेन्द्र तमाङ, जर्मन डेभ्लोप्मेण्ट सर्भिज (डीइडी)
१९) डा. प्रदीप उपाध्याय, राष्ट्रिय स्वयं सेवक सेवा
२०) पारसमणि पोखरेल, रोट्रेट
२१) पूर्ण वस्नेत, पत्रकार
२२) बिष्णुप्रसाद पराजुली, मर्निङ स्टार चिल्ड्रेन च्यारिटी
२३) बिहारीकृष्ण श्रेष्ठ, मानवशास्त्री
२४) बीना न्यौपाने, सेभ द चिल्ड्रन (युके), दमक
२५) भूवन सिलवाल, युएन भोलेण्टियर
२६) भूवन लामा, सेभ द चिल्ड्रन (युके), दमक
२७) मुकेश कार्की, शोभा स्वयंसेवक, मेची नगरपालिका
२८) मोनिक लेटर्ट, सेण्टर फर इण्टरनेशनल स्टडिज् एण्ड कोओपरेसन स्वयंसेवक

२९) याङ्जी तामाङ, युएन भोलेण्टियर
३०) रमण भट्टराई, लियो क्लब अफ काठमाडौँ हिमालयस् पाटन
३१) रविन्द्र प्रधान, नेपाल जेसिस
३२) रविन्द्र शाक्य, एसपिडब्लु
३३) रामभण्डारी क्षेत्री, काठमाडौं युनिभर्सल लायन्स क्लब
३४) राजेन्द्र मुल्मी, युवा अभियान
३५) रोवन हिट्ले, एसपीडब्लु स्वयंसेवक
३६) लक्ष्मी श्रेष्ठ, टेवा स्वयंसेवक
३७) लिला खनाल, नेपाल रेडक्रस रक्तसञ्चार केन्द्र
३८) वसन्त महर्जन, पत्रकार
३९) वसन्त रञ्जीतकार, ल्याय्म्ह पुचः
४०) व्रम्हचारी सञ्जय
४१) विपिन जोशी, भोलेण्टियर सर्भिस ओभरसिइज् (भिएसओ)
४२) वेदप्रसाद सापकोटा, सामूहिक अभियान
४३) शारदा ढुङ्गाना, शोभा स्वयंसेवक, मेची नगरपालिका
४४) शिवजी उपाध्याय, पीसकोर नेपाल
४५) डा. शुद्ध एस रौनियार, बाल भोजन कार्यक्रम
४६) सन्तोष सिलवाल, एसपीडब्लु स्वयंसेवक
४७) सरस्वती ढकाल, शोभा स्वयंसेवक, झापा
४८) सुमित्रा मुठभरी, टेवा स्वयंसेवक
४९) सुरेन्द्र जोशी, एसपीडब्लु स्वयंसेवक
५०) स्वस्तिका श्रेष्ठ, चिरञ्जीवि
५१) हरि रोका, लेखक
५२) हरिवोल भट्टराई, सेभ द चिल्ड्रन (युके), दमक

## सन्दर्भ सामग्री

अधिकारी, गोविन्द । २०६० । विपत्तिको साथी रेडक्रस अभियान । कान्तिपर, १० वैशाख, पृ. ७ ।

उपाध्याय, हरिप्रसाद । २०४५ । राष्ट्रिय विकास सेवा कार्यक्रमः विगतका अनुभव र भावी स्वरुप । विकासको निम्ति शिक्षामा । माधवप्रसाद मैनाली र हेमाङ्गराज अधिकारी, सं, पृ. १३९-१४६ । काठमाडौंः सेरिड ।

कँडेल, सदानन्द । २०५७ । स्वयंसेवकका गुणहरु व्यवहारमा देखिनु पर्छ । स्वयंसेवी स्वर १(१): १३ ।

कान्तिपुर । २०५५ । देवघाट धार्मिक क्षेत्रको विकास गर्न डेढ करोड निजी सहयोग । जेठ १६, पृ. २ ।

कान्तिपुर । २०५६ । सम्यक् यज्ञमा एक करोडभन्दा बढीको सम्पत्ति दान । फागुन २८, पृ. १४ ।

कोइराला, जीवनचन्द्र, सं. । २०५७ । सेवा नेपाल: स्मारिका २०५७ । काठमाडौँ: कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी ।

गोरखापत्र । २०५४ । ग्रमीण स्वाबलम्बन कार्यक्रम अन्तर्गत नुवाकोटमा ३४१ योजना सम्पन्न । भदौ ६, पृ. १२ ।

गोरखापत्र । २०५६क । गोडा विनाका अपाङ्ग भिखारीको यो उदारणीय समाज सेवा । माघ २९, पृ. १२ ।

गोरखापत्र । २०५६ख । माता, पिताको नाममा रु साठी लाखको लगतमा स्मृति भवन । चैत २३, पृ. १२ ।

गौतम, भास्कर । २०५७ । सामाजिक क्षेत्रमा चन्दा । नेपालमा चन्दा संकलन र व्यवस्थापनको वस्तुस्थिति अध्ययनमा । अप्रकाशित प्रतिवेदन, मार्टिन चौतारी, पृ. २७-३६ ।

गौतम, भास्कर । २०५९ । फराकिलो बन्दै छ स्वयंसेवाको क्षेत्र र अवधारणा । कान्तिपुर (कोसेली), ६ पुस, पृ. ख ।

गौतम, भास्कर । २०६० । हाम्रो अर्थतन्त्रको सामाजिक राजनीति । कान्तिपुर, फागुन ३०, पृ. ७ ।

घिमिरे, विकास । २०५७ । सामुदायिक काममा स्वयंसेवकको सहभागिता जरुरी । स्वयंसेवी स्वर १(१): २६ ।

जोशी, रुपा, केदार शर्मा र वसन्त थापा, सं. । २०५६ । अलिकति टेवा परोपकारको कला । ललितपुर: टेवा ।

टण्डन, गोविन्द । २०५२ । नेपालमा गुठी व्यवस्था । काठमाडौँ: नेपाल अध्ययन समूह।

थापा, मञ्जुश्री । २०५९ । विचलितवर्तमान । *हिमाल* १२ (१२/१३): ८०-८२ ।

थापा-जंगम, सावित्री । २०३३ । नेपालमा समाजसेवा । ललितपुर: साझा प्रकाशन ।

तिमिल्सिना, देविकानन्द । २०५७ । समाज परिवर्तनमा स्वयंसेवकको भूमिका र चुनौति । स्वयंसेवी स्वर १(१): १९-२३।

नेपाल दक्षिण एसिया केन्द्र (नेदएके) । सन् १९९८ । नेपालमा मानवीय विकास १९९८ । काठमाडौँ: नेदएके ।

न्यौपाने, योगमाया । २०५९ । श्री सर्वार्थ योगवाणी । तेस्रो संस्करण । काठमाडौँ: अस्मिता महिला प्रकाशन गृह ।

न्यौपाने, रामचन्द्र । २०५४ । परोपकार: सेवा र संघर्षको इतिहास । दोस्रो संस्करण । काठमाडौँ: परोपकार संस्था ।

पराजुली, रमा । २०५४ । उदाहरणीय गैरसरकारी संस्था अरुणोदय युवा क्लब । कान्तिपुर, २६ मङ्सिर, पृ. २ ।

पौड्याल, दामोदर । २०४४ । समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका । काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रसाई, नरेन्द्रराज, सं. । २०४४ । सामाजिक सेवा अन्तरर्दृष्टि । काठमाडौँ: सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्।

प्रसाई, नरेन्द्रराज, सं. । २०४५ । सामाजिक सेवाको नालीबेली । काठमाडौँ: सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्।

भट्ट, माधवी । २०५४ । स्वावलम्बी गाउँको नमुना पुसुन्टार । कान्तिपुर, २१ पुस, पृ. २।

भट्टराई, रवीन्द्र । २०५७ । स्वयंसेवकहरुको काम निर्धा, निमुखाको पक्षमा हुनुपर्छ । स्वयंसेवी स्वर १(१): २२ ।

भादगाउँले, अमृत । २०६० । विद्यालयका लागि पुराणबाट पाँच करोड । कान्तिपुर, ३० वैशाख, पृ. ४ ।

भीखमदचन्द 'सरल', सं. । २०५२ । रजत जयन्ती स्मारिका । विराटनगर: श्री अतिथि सदन परिवार ।

मार्टिन चौतारी । २०५७ । नेपालमा चन्दा संकलन र व्यवस्थापनको वस्तुस्थिति अध्ययन । अप्रकाशित प्रतिवेदन ।

मास्के, विश्व केशर । २०५९ । नेपालमा रेडक्रस अभियान: चुनौती र सम्भावनाहरु । काठमाडौं: सेण्टर फर डेभलपमेण्ट एण्ड गभर्नेन्स ।

मैनाली, मोहन । २०५७ । सय वर्षका १०१ नेपाली । हिमाल १०(१): ३०-५५ ।

राष्ट्रिय योजना आयोग । २०५५ । विशेष क्षेत्र विकास कार्यक्रम । काठमाडौं ।

राणा, ब्रह्मशमशेर जङ्गबहादूर । २०४१ । नेपालमा महाभूकम्प । काठमाडौं: सहयोगी प्रेस।

रिजाल, कालीप्रसाद । विगत दशकमा परिषद्का उपलब्धि । परिषद् दशकका सन्दर्भमा सामाजिक सेवामा । तारानाथ शर्मा, सं. पृ. ६६-७१ । काठमाडौं: सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् ।

रुपाखेती, सञ्जोग । २०५७ । शिक्षा क्षेत्रमा चन्दा । नेपालमा चन्दा संकलन र व्यवस्थापनको वस्तुस्थिति अध्ययनमा । अप्रकाशित प्रतिवेदन, मार्टिन चौतारी, पृ. १५-२१ ।

वन्त, प्रत्यूष । २०५६ । नेपालमा आधुनिक 'चन्दागुठी' किन र कसरी ? विकास ८(१६): ३३-३६ ।

शर्मा, तारानाथ, सं । २०४४ । सामाजिक सेवा । काठमाडौं: सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् (सासेरासप) ।

सासेरासप । २०४२ । सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्, समन्वय समिति तथा अन्तर्गतका संघ संस्थाहरुबाट विगत आठ वर्षमा भएका गतिविधि (एक झलक): २०३४/३५-२०४१/४२ । काठमाडौं: सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् ।

सासेरासप । २०४४ । सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् समन्वय समितिहरु तथा अन्तर्गतका संघ संस्थासम्बन्धी अध्ययन प्रतिवेदन । काठमाडौं: सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् ।

सुन्दर, मल्ल के. । २०५६ । गुठी परम्परा र नेवार समाजमा रहेको लोक कल्याणकारी भावना । अलकति टेवा: परोपकारको कलामा । रुपा जोशी, केदार शर्मा र वसन्त थापा सं, पृ. ४७ -५७ ।

Action Aid Nepal. 2003. *A Study on the Status of Corporate Social Resposibility in Nepal.* Kathmandu.

Action Aid Nepal and Fair Trade Group Nepal. 2003. *Social Responsible Business: A Survey of Kathmandu Stakeholders.* Kathmandu.

Askwith, Michale. 2001. United Missions to Nepal and (I)NGOs. In *NGO, Civil Society and Government in Nepal: Critical Examination of Their Roles and Responsibilities.* Krishna B Bhattachan, Dev Raj Dahal, Sheetal Rana, Jyoti Gyawali, Min Bahadur Basnet, Kashi Ram Bhusal and Ram Raj Pokharel, eds., pp. 157-164. Kathmandu: Central Department of Sociology and Anthropology, Tribhuvan University (TU) and Friedrich-Ebert-Stiftung.

Bhattachan, Basanta. 1997. Dhikuri: The system of lending and taking loan mutually by turn. In *Rethinking Social Development.* Mahesh Sharma and Shanta Lall Mulmi, eds., pp. 36-40. Kathmandu: Tulasi Meher Birth Centenary Committee and Resource Centre for Primary Health Care.

Bhattachan, Krishna B. 1997. Peoples' Community-Based Development Strategy in Nepal. In *Development Practices in Nepal.* Krishna B Bhattachan and Chaitanya Mishra, eds., pp. 100-148. Kathmandu: Central Department of Sociology and Anthropology, TU.

Bhattachan, Krishna B. 2001. (I)NGOs and Disadvantaged Groups in Nepal. In *NGO, Civil Society and Government in Nepal: Critical Examination of Their Roles and Responsibilities.* Krishna B Bhattachan, Dev Raj Dahal, Sheetal Rana, Jyoti Gyawali, Min Bahadur Basnet, Kashi Ram Bhusal and Ram Raj Pokharel, eds., pp. 67-99. Kathmandu: Central Department of Sociology and Anthropology, TU and Friedrich-Ebert-Stiftung.

Bhattachan, Krishna B and Chaitanya Mishra, eds. 1997. *Development Practices in Nepal*. Kathmandu: Central Department of Sociology and Anthropology, TU.

Bista, Dor Bahadur. 1976. The Foreign Volunteer Services in Nepal: A Nepali Perspective. *Volunteer's Gazette* 1(2): 7-15.

Chaudhari, Shanti. 1997. The Social System of the Tharus. In *Rethinking Social Development.* Mahesh Sharma and Shanta Lall Mulmi, eds., pp. 41-44. Kathmandu: Tulasi Meher Birth Centenary Committee and Resource Centre for Primary Health Care.

Eavy, Lee. 1976. Nepal's Young Women Lead Development. *Volunteer's Gazette* 1(3): 2-4.

Fujikura, Tatsuro. 2001. Discourses of Awareness Notes for a Criticism of Development in Nepal. *Studies in Nepali History and Society* 6(2): 271-313.

Guneratne, Arjun. 2002. *Many Tongues, One People: The Making of Tharu Identity in Nepal.* Ithaca: Cornell University Press.

Haiso, Haruo. 1976. Towards Better Volunteering. *Volunteer's Gazette* 1(4): 12.

Hall, Ray. 1976. Towards an Appropriate Form of Volunteering. *Volunteer's Gazette* 1(2): 2-6.

JICA. 1999. Japan International Cooperation Agency: Annual Report 1999. Japan.

Joshi, Rupa, Kedar Sharma and Basanta Thapa, eds. 2000. *Twiced Blessed: The Art of Giving*. Lalitpur: Tewa.

Krauskoff, Gisele. 2003. An 'Indigenous Minority' in a Border Area: Tharu Ethnic Associations, NGOs and the Nepalese State. In *Resistance and the State: Nepalese Experiences.* David N. Gellner, ed., pp. 199-243. New Delhi: Social Science Press.

Liecty, Mark. 1997. Selective Exclusion: Foreigners, Foreign Goods, and Foreignness in Modern Nepali History. *Studies in Nepali History and Society* 2(1): 5-68.

Lions Club. 1998. *District Magazine*. Kathmandu: Lions Club International District 325-A.

Machell, Keith. 1976. Some Anomalies of Volunteering. *Volunteer's Gazette* 1(4): 2-8.

Mishra, Chaitanya. 2001. New Predicaments of "Humanitarian" Organizations. In *NGO, Civil Society and Government in Nepal: Critical Examination of Their Roles and Responsibilities.* Krishna B Bhattachan, Dev Raj Dahal, Sheetal Rana, Jyoti Gyawali, Min Bahadur Basnet, Kashi Ram Bhusal and Ram Raj Pokharel, eds., pp. 1-12. Kathmandu: Department of Sociology/Anthropology, TU and Friedrich-Ebert-Stiftung.

Nickson, R. Andrew. 1992. *Foreign Aid and Foreign Policy: The Case of British Aid to Nepal.* Birmingham: Development Administration Group, School of Public Policy, The University of Birmingham.

NRCS. 2002. *Annual Report 2001-02*. Kathmandu: Nepal Red Cross Society (NRCS).

Onta, Pratyoush. 1999. The Career of Bhanubhakta as a History of Nepali National Culture, 1940-1999. *Studies in Nepali History and Society* 4(1): 65-136.

Piya, Avash, ed. 2002. *The Advocate*. Kathmandu: Department of Social Work, St. Xavier's College.

Poudyal, Madhav Prasad. 1979. National Development Service Programme: A Study in its Supervision and Evaluation System. M.A. diss., Humanities and Social Sciences, TU.

Prachanda, Pradhan. 1978. Impact of National Development Service in Nepal: A Study of Changing Attitude and Behaviour of Student Participants and Village People. Kathmandu: CEDA.

Pyakurel, Gokul. 1993. International Volutary Service: Case of Nepal. M.A. diss., Department of History, TU.

Quigley, Declan. 1985. The Guthi Organisations of Dhulikhel Shresthas. *Kailash* XII(1-2): 5-61.

Regmi, Mahesh C. 1999. *Landownership in Nepal.* Delhi: Adroit Publishers.

Shah, Indra Bickram, Tri Ratna Manandhar, Tirtha Prasad Mishra and Gopal Pokharel 'Biswas' 1986. *Social Service in Nepal: A Historical Perspective.* Kathmandu: Social Service National Coordination Council.

Sharma, Mahesh and Shanta Lall Mulmi, eds. 1997. *Rethinking Social Development*. Kathmandu: Tulasi Meher Birth Centenary Committee and Resource Centre for Primary Health Care.

Shrestha, Vinod K, Pradip P Upadhyay, Bhuvan B Silwal, Dicken Higgins, eds. 2002. *Volunteerism in Nepal*. Kathmandu: Nepal Planning Commission/NDVS; IYV 2001 and UNVolunteers.

Silwal, Bhuvan B. 2003. *1974-2002 Counting Three Decades: A Retrospective Strategy on UN Voluteers in Nepal*. Lalitpur: UNV Nepal.

Skerry, Christa A, Kerry Moran, Kay M Kalavan, eds. 1992. *Four Decades of Development: The History of US Assistance to Nepal 1951-1991*. Kathmandu: USAID.

Tuladhar, Jyoti. 1997. The Role of Indigenous Self Help Group in Social Development and Change: Guthi System Among the Newars. In *Rethinking Social Development.* Mahesh Sharma and Shanta Lall Mulmi, eds., pp. 31-35. Kathmandu: Tulasi Meher Birth Centenary Committee and Resource Centre for Primary Health Care.

UNV. 1998. *Souvenir: Volunteering for a Better World*. Lalitpur: UN Volunteer Nepal.

Uprety, Bishal N, ed. 2001. *Souvenir*. Kathmandu: The Lions Club of Kathmandu Universal.

Vaidya, Tulasi Ram. 1992. *Nepal: A Study of Socio-Economy and Political Changes*. Delhi: Anmol Publications.

Vaidya, Tulasi Ram, Tri Ratna Manandhar and Shankar Lal Joshi. 1993. *Social History of Nepal*. New Delhi: Anmol Publiscations.

Vaidya, Tulsi Ram. 2002. National Development Service: A Good Example of Volunteerism in Nepal. In *Volunteerism in Nepal.* Vinod K. Shrestha, Pradip P Upadhyay, Bhuvan B Silwal, Dicken Higgins, eds., pp. 35-44. Kathmandu: Nepal Planning Commission/NDVS; IYV 2001 and UNVolunteers.

Volunteer's Gazette. 1976. Integrity and the Woman Volunteer. *Volunteer's Gazette* 1(3): 5-7.

Vreeland, Curtis. 1975. Perspective: A look at the volunteer agencies serving Nepal. *Volunteer's Gazette* 1(1): 2-10.

Vreeland, Curtis and Hari Pujari. 1976. Amorosities of the Foreign Volunteer: Case Studies of Cross-Cultural Marriages. *Volunteer's Gazette* 1(3): 22-25.